सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ चैत २०८१, मंगलबार (25 Mar 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३३८ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

shanker

PROTON
e.MAS

INTRODUCING

e.MAS7

INTELLIGENCE THAT ELECTRIFIES



215 bhp (160 kW) POWER

EASY FINANCE @ 4.99% INTEREST*

100 EARLY BIRD OFFERS
SPECIAL GIFTS WORTH Rs. 1 LAC

STARTING PRICE Rs.56.99 LACS*

"Proton is in Partnership with Geely Holdings, the global automotive leader behind Volvo Cars, Lotus and Polestar, benefitting from shared technology eco-system, world class engineering and future ready solutions."

BOOK YOUR TEST DRIVE

VISIT OUR WEBSITE

JAGDAMBA MOTORS®

shanker

PROTON
e.MAS

e.MAS7

INTELLIGENCE THAT ELECTRIFIES



S SUPERB **STYLE**
Most aerodynamically designed



P POWERFUL **PERFORMANCE**
215 bhp (160 kW), most powerful SUV in the segment with 62% more power



A ASSURED **SAFETY**
LFP Aegis short blade battery with cell to body structure



R REMARKABLE **COMFORT**
Spacious interior with fully reclinable front seats



K KEEN **INTELLIGENCE**
Best in class 7nm chip for unparalleled intelligence





*Conditions apply

AVAILABLE COLORS IN THE NEPAL MARKET



JAGDAMBA MOTORS®

proton-nepal.com ProtonCarsNepal protonnepal protoncarsnepal Proton Nepal

Jagdamba Motors Pvt. Ltd. (+977-1-4538655, 980-2071070, 980-2364749, 980-2071409, 980-2310400)

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ चैत २०८१, मंगलबार (25 Mar 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३३८ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बिचौलियाले जिते, कुलमान हटाइए

बिजुलीको अर्बौं बक्यौता उठाएर सरकारी ढुकुटीमा ल्याउन खोजेपछि कुलमानलाई हटाउने अभियानमा थियो बिचौलिया समूह, ऊर्जामन्त्री खड्कासँगै प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवा पनि त्यसमै मिसिएपछि 'उज्यालो नेपाल'का नायकलाई हटायो मन्त्रिपरिषद्ले

■ मन्त्रिपरिषद्को निर्णयपछि कुलमान घिसिडले भने-

हटाउनुपर्ने कारण थिएन, राम्रो काम गऱ्यो भनेर हटाइयो



मलाई पदबाट हटाएको भन्ने विषयमा अनौपचारिक जानकारी आएको छ। के-कति कारणले हटाइयो भन्ने विषय पत्र प्राप्त भएपछि थाहा होला। तर, मलाई हटाउनुपर्ने कारण थिएन। राम्रो काम गऱ्यो भनेर हटाइयो।



■ आफैं सहभागी मिटिङको निर्णयबारे सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले भने-

त्यस्तो निर्णयबारे हाम्रो सरकारलाई थाहा छैन

मिलन विश्वकर्मा, अजित अधिकारी

बिचौलियाको प्रभावमा झन्डै दुईतिहाइको शक्तिशाली सरकारले देशलाई लोडसेडिङमुक्त बनाएका विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाएको छ। सरकार बनेदेखि नै कुलमान हटाउन सक्रिय प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्काले आठ महिनापछि सोमबार मन्त्रिपरिषद् बैठकबाट निर्णय गरेर बिचौलियाको लक्ष्य पूरा गरिदिएका हुन्।

- **लोडसेडिङ अन्त्य गर्नेदेखि प्राधिकरणलाई नाफामा ल्याउनेसम्म कुलमानले गरेका थिए यस्ता काम**
- **बिचौलियाको पक्षमा सरकारले कस्ता-कस्ता गरिरहेको छ निर्णय ?**
- **कुलमानको ठाउँमा हितेन्द्रदेव शाक्य नियुक्त**

कुलमानले लोडसेडिङका वेला उद्योगहरूले प्रयोग गरेको बिजुलीको अर्बौंको बक्यौता उठाउन पहल गरिरहेका थिए, जुन सरकारलाई मन परेको थिएन। नागरिकको घरको बिजुली कटौती गरेर लोडसेडिङका

» पृष्ठ ४ मा क्रमशः

■ कुलमान हटाउने 'राजनीतिक नायक'हरू



प्रधानमन्त्री ओली



कांग्रेस सभापति देउवा



ऊर्जामन्त्री खड्का

■ प्रधानमन्त्री ओलीका सल्लाहकार



विष्णु रिमाल | युवराज खतिवडा | अग्नि खरेल

■ अदृश्य रूपमा सरकार चलाउने दुईदलीय संयन्त्रका आठ सदस्य

एमालेबाट



ईश्वर पोखरेल | विष्णु पौडेल | शंकर पोखरेल | विष्णु रिमाल

कांग्रेसबाट



पूर्णबहादुर खड्का | गगन थापा | रमेश लेखक | आरजु राणा

प्रमुख प्रतिपक्षी नेता प्रचण्डले गरे निन्दा



देशमा जनताले चरम लोडसेडिङको मार खेपिरहेका वेला एउटा ऊर्जाविज्ञका रूपमा मेरो नेतृत्वको सरकारले कुलमान घिसिङलाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको हो। प्राधिकरणको बाँकी बक्यौता जनताको पैसा हो, उठाउनुपर्छ भनेकै कारणले कुलमानलाई सरकारले लामो समयदेखि पदबाट हटाउने उद्देश्यका साथ पटक-पटक स्पष्टीकरण सोधेर अन्याय गर्दै आएको थियो। आज सरकारले उहाँलाई बर्खास्त नै गरेको खबर सार्वजनिक भएको छ। सरकारको यो कदम गलत र आपत्तिजनक छ। दुईतिहाइ बहुमतको दम्भमा गरिएको यो निर्णयप्रति घोर निन्दा गर्दै यसको प्रतिरोध गर्न आग्रह गर्दछु।

कुलमान हटाएपछि गगन थापाले सामाजिक सञ्जालमा लेखे-



आमनागरिकमा असन्तुष्टि बढ्दो छ। त्यही असन्तुष्टिको तावामा स्वार्थको रोटी सेक्न उद्यत् एउटा तप्का सल्बलाइरहेको छ। यस्तो वेला सरकारको डेलिभरीबाट त्यो असन्तुष्टिलाई सम्बोधन गर्दै आगो नै निभाइदिऊँ भनेर हामी दिनरात नभनी मिहिनेत गर्ने, सरकारचाहिँ आफैं असन्तुष्टिको आगोमा मट्टीतेल हाल्ने काम गर्ने ? हामीले यस्तो नगर्दै है भन्दा सुनेजस्तो पनि गर्ने, तर निर्णय फेरि यस्तो गलत गर्ने ? मन्त्रीहरूले बाटो बिराउँदा प्रधानमन्त्रीले सम्हाल्नुपर्ने हो... तर विडम्बना त्यो भएन, निर्णय गलत छ, सरकार ! उल्टो बाटो हिँडेर सही गन्तव्यमा पुगिँदैन।

मैनबत्ती बालेर रविको सांकेतिक विरोध



रास्वपा सभापति रवि लामिछानेले कुलमानलाई हटाउने निर्णयको विरोध गरेका छन्। सोमबार साँझ फेसबुक लाइभमा उनले बत्ती निभाएर मैनबत्ती बालेर सांकेतिक विरोध गरेका हुन्। एक मिनेट २२ सेकेन्ड लाइभ बसेका उनी मौखक रूपमा केही नबोली बिदा भएका थिए। भिडियो सेयर गर्दै उनले लेखेका छन्, 'कसलाई राख्ने, कसलाई हटाउने भन्ने अन्तिम निर्णय त जनताले लिन्छन् !!'

■ हटाउने दिन पनि निमुखा चेपाङको बस्तीमा बत्ती बाल्दै थिए कुलमान



मकवानपुरको राक्सिराङ गाउँपालिका- ९ खैराङस्थित चेपाङ बस्तीमा सोमबार ७० वर्षीया तुलकुमारी चेपाङको घरको विद्युत् मिटर 'अन' गरेर बत्ती बाल्दै कुलमान। तस्बिर : **अञ्जली थापा**/रासस

सोमबार दिउँसो ऊर्जामन्त्री दीपक खड्का विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने प्रस्ताव मन्त्रिपरिषद् बैठकमा लैजाने तयारी गर्दै थिए। त्यही वेला कुलमान भने विपन्न चेपाङहरूको घर झिलिमिली पार्न मकवानपुरको राक्सिराङ गाउँपालिकाको खैराङ पुगेका थिए। त्यहाँ उनले चेपाङबस्तीसहित सिंगो पालिकालाई पूर्ण विद्युतीकरण भएको घोषणा गरे। सोमबार बिहान ७:३० बजेको फ्लाइटमा चितवन पुगेका कुलमान त्यहाँबाट गाडीमा खैराङ पुगेका थिए। स्थानीयले बाजागाजासहित उनको स्वागत गरे। कार्यक्रम सकेर कुलमान पुनः भरतपुर हुँदै साँझ ५ बजेको फ्लाइटमा काठमाडौं फर्किए। साँझ ६ बजे कार्यालय पुगेका उनी राति ८ बजेसम्म कार्यालयमै बसेर नियमित काममा सक्रिय थिए। त्यसपछि उनी कार्यालयबाहिरका भेटघाटमा थिए, आफूलाई सरकारले पदमुक्त गरेको खबर राति ९ बजेतिर मिडियामार्फत जानकारी पाएको उनले बताए। 'मलाई हटाउनुपर्ने कारण थिएन। राम्रो काम गऱ्यो भनेर हटाइयो,' उनले संक्षिप्त प्रतिक्रिया दिए।



■ संक्रमणकालीन न्यायमा शीर्ष सहमति

आयोग पदाधिकारी सिफारिस गर्न मिश्र नेतृत्वको समितिलाई निरन्तरता



● **शक्ति बस्नेत**, उपमहासचिव, माओवादी

शान्ति प्रक्रियाका बाँकी काम अघि बढाउने समझदारी भयो। मन्त्रिपरिषद्ले सिफारिस समिति गठन गरेपछि काम अघि बढ्छ।

प्रेम गौतम/नयाँ पत्रिका

सरकारले संक्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका पदाधिकारी सिफारिसका लागि सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको सिफारिस समितिलाई निरन्तरता दिएको छ। प्रमुख तीन दलका शीर्ष नेताबिच संक्रमणकालीन न्यायसम्बन्धी आयोगका पदाधिकारी चयन सिफारिस समितिबारे सहमति जुटेपछि साँझ बसेको मन्त्रिपरिषद् बैठकले पुरानै समितिलाई

» पृष्ठ ४ मा क्रमशः



प्रधानमन्त्री कार्यालय सिंहदरबारमा सोमबार बसेको प्रमुख तीन दलका शीर्ष नेताहरूको बैठक।



ओमप्रकाश मिश्र

संक्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका पदाधिकारी सिफारिसका लागि सरकारले पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको सिफारिस समितिलाई निरन्तरता दिएको छ। सिफारिस समितिमा पूर्वमहान्यायाधिवक्ता खम्बबहादुर खाती, पूर्वराजदूत अर्जुनबहादुर कार्की, अधिकारकर्मी स्टेला तामाङ र मनोज दवाडी सदस्य छन्। समितिलाई सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी चयनका लागि सिफारिस गर्ने म्यान्डेड छ।

ठेक्का लागेको ४५ महिनापछि मदन भण्डारी राजमार्गमा रुख कटान सुरु

सुनसरी-झापा खण्डको ९८.८ किलोमिटर सडकमध्ये ४६ किलोमिटरमा सात हजार ७१० वटा रुख कटान हुने

इलाम हुँदै मेचीनगरको पाटापुरसम्मको ५२.८ किलोमिटर क्षेत्रका ६ हजार रुख हटाउनेबारे निर्णय हुन बाँकी

झापामा **चिरञ्जीवी घिमिरे**

मदन भण्डारी राजमार्गअन्तर्गत सुनसरी-झापा खण्ड निर्माणका लागि ठेक्का लागेको ४५ महिनापछि रुख कटान सुरु भएको छ। सुनसरीदेखि झापाको पाटापुरसम्म ठेक्का लागेको ९८.८ किलोमिटरमध्ये सर्दु खोलादेखि दमकस्थित बेलडाँगीसम्मको ४६ किलोमिटरमा सडक क्षेत्रमा पर्ने रुख कटान सोमबारबाट सुरु भएको हो।

झापाको दमक- २ बाट रुख कटान सुरु गरिएको छ। मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकका प्रमुख कर्णसिंह खत्रीका अनुसार ४६ किलोमिटरमा सात हजार ७१० वटा रुख कटान गर्नुपर्नेछ। 'रुख कटान तथा भोगाधिकारसम्बन्धी मन्त्रिपरिषद्को निर्णयपछि रुख कटान सुरु भएको छ। रुख कटानको काम सकिएपछि निर्माण कार्य

» पृष्ठ ४ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.





झापाको दमक- २ मा मदन भण्डारी राजमार्गमा पर्ने रुख हटाइँदै

■ बुद्ध एयरको टिकट प्रणाली 'ह्याक'

२० टिकट बिक्री भएपछि खुल्यो रहस्य, दुई पक्राउ



बाबुराम अधिकारी



विकास भारती

नयाँ पत्रिका

बुद्ध एयरको टिकट प्रणाली 'ह्याक' गरी ह्याकरले २० वटा टिकट बिक्री गरेको घटनाले देशको हवाई प्रणाली र सुरक्षामा गम्भीर प्रश्न उठाएको छ। बुद्धको विभिन्न गन्तव्यका लागि टिकट बिक्री गरेर रकम आफैं लिएका दुई ह्याकर पक्राउ गरी प्रहरीले अनुसन्धान थालेको छ। यद्यपि, ह्याकरले बिक्री गरेका टिकटबाट कसैले यात्रा नगरेको बुद्ध एयरले जनाएको छ।

अनधिकृत तवरले टिकट बिक्री भएपछि बुद्ध एयरले प्रहरीलाई

» पृष्ठ ४ मा क्रमशः

बिचौलियाको पक्षमा सरकारले कस्ता–कस्ता गरिरहेको छ निर्णय ?

नयाँ पत्रिका

११ महिनासम्म नेतृत्वविहीन धितोपत्र बोर्ड विषयविज्ञ र सुपरिवेक्षण क्षमता राम्रो भएको अध्यक्षको प्रतीक्षामा थियो। तर, ओली मन्त्रिपरिषद्को १० मंसिरको बैठकले स्वार्थ समूहको चाहनाअनुसार नयाँ स्टक एक्सचेन्जको लाइसेन्स जारी गर्ने सर्तमा सन्तोषनारायण श्रेष्ठलाई बोर्ड अध्यक्ष नियुक्त गर्‍यो। नभन्दै बोर्डको नेतृत्वमा गएपछि पुँजीबजारलाई व्यवस्थित गर्न नीति निर्माण गर्नुपर्ने उनले नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण गर्न समिति गठन गरेका छन्। पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको अघिल्लो सरकारले स्वार्थ समूहको रोजाइको पात्र बोर्ड अध्यक्ष नियुक्त गर्न अस्वीकार गरेकै कारण सरकार नै परिवर्तन भएको तत्कालीन अर्थमन्त्री वर्षमान पुनले संसद्मै बताइसकेका छन्।

कांग्रेस महासमिति सदस्य दिनेशप्रसाद भट्टलाई मापदण्ड मिचेर ४ चैतको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्त गर्‍यो। जबकि राजनीतिक दल वा संगठनको सदस्यता नलिएको व्यक्तिले प्राधिकरणको कार्यकारी प्रमुखमा आवेदन दिन सक्ने व्यवस्था राखिएको थियो। तर, गृहमन्त्री रमेश लेखकको जोडबलमा पार्टी महासमिति सदस्य भट्टलाई नियुक्त गरिएको हो। मन्त्री लेखकको पुर्ख्यौली गृहजिल्ला बैतडीकै भएका नाताले भट्टले गृह मन्त्रालयमातहतको निकायमा जिम्मेवारी पाएका हुन्।

लोकसेवा आयोगको सिफारिसमा एक नम्बरमा रहेकी डा. संगीता कौशल मिश्रको वरिष्ठतामाथि प्रहार गर्दै २१ फागुनको मन्त्रिपरिषद् बैठकले कनिष्ठ डा. विकास देवकोटालाई स्वास्थ्यसचिव नियुक्त गर्‍यो। सरकारबाट अन्यायमा परेकी मिश्रले सर्वोच्चमा रिट निवेदन दिएकी छिन्। सर्वोच्चले मन्त्रिपरिषद्को सक्कल फाइल झिकाएर अध्ययन गर्दै छ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई काठमाडौं टावरको नक्सापास स्वीकृति गर्ने क्रममा कैफियत देखिएको भन्दै काठमाडौं महानगरपालिकाले छानबिनमा तानेर ५ पुसमा जिम्मेवारीमुक्त गरेको थियो। महानगरपालिकाले अर्को प्रमुख प्रशासकीय पठाइदिन पटक-पटक अनुरोध गरे पनि तीन महिना नाघिसक्दासमेत सरकारले अटेर गर्दै आएको छ। स्थानीय तहमा पनि कर्मचारी पठाउने अधिकार संघ सरकारअन्तर्गत सामान्य प्रशासन मन्त्रालयसँगै छ। मन्त्रालयले मेयर बालेन शाहलाई असहयोग गर्ने उद्देश्यले गुरागाईंलाई नै काम गर्ने वातावरण मिलाउनु भन्दै आएको छ।

ओली सरकार गठन हुनासाथ नक्कली भुटानी शरणार्थी काण्डका मुख्य बिचौलिया बेचन झा र तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'का छोरा प्रतीकलाई समात्ने डिआइजी मनोज केसीलाई गृह मन्त्रालय सरुवा गरी सो प्रकरण छानबिनलाई नै प्रभावित बनाएको थियो। दुई महिनामै डिआइजी केसीको सरुवा भएको थियो। लगत्तै एआइजी श्यामलाल ज्ञवालीको पनि सरुवा गर्‍यो।

त्रिविको समाजशास्त्र विभाग प्रमुख टीकाराम गौतमको नियुक्ति भएपछि एमाले-कांग्रेस विद्यार्थी संगठन पक्ष-विपक्षमा लागेर धम्की दिँदा त्रिविका पदाधिकारी कार्यालय आउनै छाडेका थिए। शिक्षामन्त्री विद्या भट्टराईले सामाजिक सञ्जालमार्फत त्रिवि पदाधिकारीको सुरक्षा नै माग गरेकी थिइन्।

गत भदौमा गौरा पर्वको अवसरमा टुँडिखेलमा आयोजित कार्यक्रममा प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाविरुद्ध नाराबाजी गरेको आरोपमा चार युवालाई सार्वजनिक शान्तिविरुद्धको कसुरमा पाँच दिन थुनामा राखेर मुद्दा चलाइयो।

संवैधानिक परिषद्मा सत्तापक्षको बहुमत पुर्‍याउन उपसभामुख इन्दिरा रानालाई हटाउने गरी कांग्रेस-एमालेका सांसदले हस्ताक्षर संकलन गरेका थिए। रानालाई पदअनुसार आचरण नगरेको आरोपमा पदमुक्त गर्ने सत्तापक्षको योजनाको चौतर्फी विरोध भएपछि सरकार पछि हटेको थियो।

मितेरी सहकारीको रकम हिनामिना प्रकरणमा कांग्रेस उपसभापति धनराज गुरुङ र मोरङको उमागौरी कृषि सहकारीको रकम हिनामिनामा सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला मुछिए पनि सत्ताको आडमा छानबिन भएको छैन।

१२ असोजमा आएको बाढीले ४६ अर्बको भौतिक क्षति गरेको आकलन, तर अहिलेसम्म क्षतिपूर्ति दिइएको छैन। विस्तृत क्षतिको तथ्यांक संकलन गर्ने विषयमा सरकारले भर्खरै निर्णय गरेको छ।

प्रधानमन्त्री ओलीले एमाले पार्टी कार्यालय बनाउन कीर्तिपुर नगरपालिका- २, मैत्रीनगरस्थित १० रोपनी १४ आना जग्गा भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङबाट लिने निर्णय गरेर भवन निर्माणको शिलान्याससमेत गरे। अदालतमा मुद्दा विचाराधीन रहेका विवादित व्यापारीबाट जग्गा दान लिएपछि ओलीको चौतर्फी आलोचना भयो। यही विषयमा आलोचना गर्दा ओलीले आफ्ना दुई नेता विन्दा पाण्डे र उषाकिरण तिमिल्सिनालाई ६ महिनाका लागि निलम्बन गराए।

प्रधानमन्त्री ओलीले राजस्व संकलन सुधारेर होइन, ऋण लिएर सरकार चलाइरहेका छन्। ओली सरकार गठन भएयता अढाई खर्बभन्दा बढी ऋण लिइसकेका छन्। असार मसान्तसम्म २४ खर्ब ३४ अर्ब रहेको सार्वजनिक ऋण अहिले २७ खर्बनजिक छ।

नौ सार्वजनिक संस्थानको सम्पत्ति व्यापारीलाई सुम्पने नियतले निजीकरणको तयारी भइरहेको छ। यसका लागि अध्यादेश ल्याएर सहज बनाइएको छ।

गैरकानुनी रूपमा जापानमा तीन युवालाई लैजाँदै गर्दा टोकियो विमानस्थलबाट फर्काइएका कोशीका तत्कालीन आन्तरिक मामिलामन्त्री तथा एमाले नेता लीलाबल्लभ अधिकारीलाई कारबाही गर्नुको सट्टा पदबाट राजीनामा दिलाएर चोख्याइएको छ। जापान जाने प्रलोभनमा परेका तीन युवा भने थुनामा छन्।

गुणस्तरको बखेडा झिकेर भारतले बिआइएस नलिएको नेपाली उत्पादनको निर्यात भदौदेखि रोकेको छ, तर सरकारले पहल गरेर निर्यातको बाटो खुलाउन सकेको छैन। जसकारण सिमेन्ट, डन्डी, प्लाइउड, जस्तापाता, जुत्ता, सेनेटरी प्याडलगायतको निर्यात प्रभावित छ।

दुई ठुला जलविद्युत् १९०२ मेगावाटको मुगु कर्णाली जलाशययुक्त र ४५४ मेगावाटको किमाथांका अरुण अर्धजलाशययुक्त परियोजना निश्चित व्यापारीलाई दिन लागिएको थियो। तर, चौतर्फी विवादपछि अहिले प्रक्रिया रोकिएको छ।

सरकारले संसद्को अधिवेशन छलेर विभिन्न चार अध्यादेश जारी गरेको थियो। कालोबजारीसम्बन्धी व्यवस्था खारेज, भ्रष्टाचार र अपराधका दोषीलाई फाइदा पुग्ने प्रावधान, राजस्व छल्नेलाई सकेसम्म मुद्दा नचलाउने, विचाराधीन मुद्दा पनि फिर्ता लिनेलगायतका प्रावधान अध्यादेशमा समेटिएको थियो। बहुमतको बलमा अहिले अध्यादेश पारित भइसकेको छ।

प्रतिबोरा ६ सयआसपास रहेको सिमेन्टको भाउ २५० रुपैयाँसम्म बढाएका उद्योगीलाई सरकारले निरन्तर संरक्षण गरेपछि घटाउन सार्वजनिक लेखा समितिले दिएको निर्देशन अहिलेसम्म कार्यान्वयन भएको छैन। जसकारण बजारमा सिमेन्टको मूल्य प्रतिबोरा ८५० रुपैयाँ कायम छ।

सिमेन्टको भाउ बढाएर हौसिएका उद्योगीले अहिले डन्डीको भाउ पनि ८७ रुपैयाँबाट बढाएर १०५ रुपैयाँ पुर्‍याएका छन्। मूल्य नियन्त्रण गर्नुको सट्टा उद्योगमन्त्री दामोदर भण्डारी उद्योगीको संरक्षणमा बोल्दै हिँडेका छन्।

सरकारले चितवनमा रवि लामिछानेविरुद्ध संगठित अपराधनको मुद्दा नचलाएको भन्दै सरकारी वकिल शान्तिप्रसाद लुइँटेलको सरुवा गरेको थियो। लुइँटेलले सहारा चितवन बहुउद्देश्यीय सहकारी ठगीको कसुरमा मात्रै मुद्दा चलाउने निर्णय गराएका थिए।

सर्लाहीको बरहथवा नगरपालिका- १० का राम चमार र नेहा रौनियारको अन्तरजातीय जोडीलाई गृहमन्त्री रमेश लेखकको निर्देशनमा प्रहरी भारतीय भूमि बम्बैमा पुगेर समातेको थियो। चौतर्फी विरोध भएपछि दमन रोकियो।

सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी मापदण्ड तय गर्ने अन्तर्राष्ट्रिय निकाय फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)ले नेपाललाई 'ग्रे' सूचीमा राखेको छ। वैदेशिक ऋण, अनुदान र लगानी तथा व्यापार प्रभावित हुनुका साथै अन्तर्राष्ट्रिय जगत्मा देशको वित्तीय साख जोखिममा परेको छ।

स्वास्थ्य बिमाको दाबी भुक्तानी गर्न साढे १६ अर्ब रहे पनि अर्थ मन्त्रालयले तीन अर्ब मात्रै भुक्तानी गरेको छ।

प्रधानमन्त्रीलाई प्रश्न गर्ने दुई पत्रकार प्रकाश वली र किशोर श्रेष्ठको संसद् प्रेस-पास नै रद्द गरिएको छ।

२३ फागुनमा प्रधानमन्त्री ओली कर्णाली सभालाई सम्बोधन गर्न र मध्यपश्चिम विश्वविद्यालयको दीक्षान्त समारोहमा उपस्थित हुन जाँदा पैदल हिँड्नेलाई समेत रोकेर सडक खाली गराइएको थियो।

ओलीले गत पुसमा एमाले पार्टीको सचिवालय बैठकबाट निर्णय गर्दै आफूमाथि प्रश्न गर्ने भीम रावललाई निष्कासन गरे।

बिचौलियाले...

पृष्ठ ३ बाट क्रमशः

वेला उद्योगहरूले प्रयोग गरेको सवा आठ अर्ब तिरेका छैनन्। कुलमानले यो बक्यौता उठाएर सरकारी ढुकुटीमा ल्याउन खोजिरहेका थिए। उद्योगीहरूले बक्यौता नतिर्न राजनीतिक लबिङ गरिरहेका थिए। उद्योगीहरूको यो त्यही समूह हो, जसले कार्टेलिङ गर्दै सिमेन्ट र डन्डीको भाउ पनि अस्वाभाविक ढंगले बढाएका थिए। कुलमान हटाउने बिचौलिया समूहको अभियानलाई ऊर्जामन्त्री दीपक खड्का, प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले साथ दिँदै मन्त्रिपरिषद्बाट हटाउने निर्णय गरेका हुन्।

मन्त्रीस्तरीय निर्णयबाट पटक-पटक अनावश्यक विवरण माग्दै र स्पष्टीकरण सोध्दै कुलमानमाथि दबाब दिँदै आएको सरकारले पछिल्लोपटक २१ फागुनमा मन्त्रिपरिषद्बाटै निर्णय गरेर स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। त्यसकै आधारमा २२ फागुनमा मन्त्रालयले तीन दिन समय दिएर स्पष्टीकरण सोधेको थियो। कुलमानले २५ फागुनमै स्पष्टीकरण बुझाएकोमा सरकारले दुई सातापछि जवाफ चित्तबुझ्दो नभएको भन्दै हटाएको हो। जबकि कुलमानले देशलाई लोडसेडिङमुक्त मात्रै होइन, भारतसँगको विद्युत् व्यापारमा इतिहासमै पहिलोपटक यसै वर्ष मात्र नेपाललाई नाफा दिलाए भने बंगलादेशसँग विद्युत् व्यापार सुरु गरे।

एक मन्त्रीका अनुसार कुलमानलाई जवाफ चित्तबुझ्दो नभएको भन्दै हटाइएको छ। '२१ फागुनको मन्त्रिपरिषद् बैठकबाटै निर्णय गरेर कुलमानलाई पदबाट किन नहटाउने भनी स्पष्टीकरण सोधिएको थियो। त्यसको जवाफ चित्तबुझ्दो नभएको निष्कर्षसहित सोमबारको मन्त्रिपरिषद् बैठकले पदमुक्त गर्ने निर्णय गरेको छ,' एक मन्त्रीले भने।

तर, मन्त्रीपरिषद् बैठकमै रहेका सरकारका प्रवक्ता सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले भने कुलमानलाई कारबाही गरेको निर्णयबारे आफूलाई जानकारी नभएको बताएका छन्। कुलमान घिसिङ हटाएको भन्ने खबर छ नि भन्ने पत्रकारहरूको प्रश्नमा उनले भने, 'कसले, कुलमान घिसिङले भन्या ? हाम्रो सरकारलाई थाहा छैन।'

कुलमानलाई हटाउन पछिल्लोपटक २१ फागुनमा मन्त्रिपरिषद्ले नै स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। त्यसको आधारमा ऊर्जा मन्त्रालयले २२ फागुनमा सोधेको तीनदिने स्पष्टीकरणको जवाफ कुलमानले २५ फागुनमा बुझाएका थिए। त्यसको दुई सातापछि सरकारले जवाफ चित्तनबुझ्दो भएको भन्दै हटाएको हो।

२५ साउन ०७८ मा दोस्रोपटक प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त भएका कुलमानको कार्यकाल आगामी २५ साउनमा सकिँदै थियो। तर, विगतमा लोडसेडिङको समयमा डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४सै घण्टा विद्युत् उपभोग गरेर पनि सम्झौताअनुसारको प्रिमियम महसुल नतिरेका उद्योगीसँग बक्यौता उठाउन खोज्दा प्रधानमन्त्री ओली र ऊर्जामन्त्री खड्का उनीमाथि खनिएका थिए। कुलमानले बक्यौता महसुल नबुझाउने उद्योगमा लाइन काट्न थालेपछि ओली र खड्काले संसद्को रोस्टमबाट समेत उनलाई हटाउने धम्की दिँदै आएका थिए। अन्ततः सत्तासाझेदार कांग्रेस सभापति शेरबहादुर देउवासँग सहमति लिएरै प्रधानमन्त्री ओलीले कुलमानमाथि कारबाहीको निर्णय गराएका छन्। एक मन्त्रीका अनुसार मन्त्रिपरिषद् बैठकमा स्वास्थ्यमन्त्री प्रदीप पौडेल, गृहमन्त्री रमेश लेखक, अर्थमन्त्री विष्णु पौडेललगायतले कुलमानलाई कारबाही गर्ने समय उचित नभएको भन्दै निर्णय रोक्न माग गरेका थिए।

कुलमानले आफूलाई सरकारले हटाएको खबर अनौपचारिक रूपमा जानकारी पाएको प्रतिक्रिया थिए। 'मलाई पदबाट हटाएको भन्ने विषयमा अनौपचारिक जानकारी आएको छ। के-कति कारणले हटाइयो भन्ने विषय पत्र प्राप्त भएपछि थाहा होला,' उनले भने, 'तर, मलाई हटाउनुपर्ने कारण थिएन। राम्रो काम गर्‍यो भनेर हटाइयो।'

कुलमानलाई हटाउने निर्णयसँगै प्राधिकरणको नयाँ कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्यलाई नियुक्त गर्ने निर्णय भएको पनि एक मन्त्रीले बताए। शाक्य यसअघि पनि प्राधिकरणको कार्यकारी निर्देशक भइसकेका व्यक्ति हुन्। २७ माघ ०७७ को मन्त्रिपरिषद्ले शाक्यलाई कार्यकारी निर्देशक नियुक्त गरेकोमा पछि जलस्रोत तथा ऊर्जा आयोगमा सरुवा गरेर कुलमानलाई उक्त ठाउँमा नियुक्त गरिएको थियो। उक्त निर्णयविरुद्ध शाक्य सर्वोच्च अदालत गएका थिए, जुन मुद्दा अझै विचाराधीन छ। तर, उनको पुरानो नियुक्तिअनुसारको कार्यकाल भने गत माघमै सकिएको थियो।

कुलमान हटाउने मन्त्रिपरिषद्को निर्णय बाहिरिएलगत्तै सरकारको चौतर्फी विरोध भएको छ। एक कुशल कर्मचारीमाथि सरकारले प्रतिशोध साधेको भन्दै सामाजिक सञ्जालमार्फत नागरिक असन्तुष्टि पोखिएको छ।

वरिष्ठ अधिवक्ता प्रा.डा. गान्धी पण्डित पनि कुलमानलाई कानुनी आधारविना राजनीतिक प्रतिशोधमा हटाइएको बताउँछन्। 'सरकारसँग प्राधिकरणका कार्यकारी निर्देशकलाई पदबाट हटाउने अधिकार छ। तर, इच्छा लाग्यो भन्दैमा हटाउन पाइँदैन, कानुनी आधार चाहिन्छ,' उनले भने, 'कुलमानले कानुन मिचेको अवस्था देखिँदैन। काम पनि राम्रै गरेका थिए। त्यसमाथि साढे चार महिनापछि कार्यकाल सकिँदै थियो। आकाश नै खस्नेजस्तो गरेर आजै निकाल्नुपर्ने कारण के थियो कुन्नि ? यसले राम्रो सन्देश जाँदैन। राजनीतिक प्रतिशोधमा कुलमानलाई हटाएको भनेर जनताले राम्रैसँग बुझेका छन्।'

व्यापारी तथा स्वार्थ समूहको दबाबका कारण सरकारले कुलमानलाई हटाएको उनको बुझाइ छ। 'कुलमान उद्योगीको बक्यौता उठाउनुपर्ने अडानमा हुनुहुन्थ्यो। तर, उद्योगीहरूले बक्यौता तिर्न आनाकानी गरेको अवस्था थियो। सरकारले बक्यौता उठाउन चासो राखेजस्तो देखिएको थिएन,' उनले भने, 'व्यापारीको मोर्चाबन्दी र उनीहरूको दबाबले पनि सरकारले यस्तो निर्णय लिएको हुन सक्छ। कुलमानलाई नै हटाएपछि अब बक्यौता असुली अन्योलमा पर्‍यो।' सरकारप्रति जनतामा निराशा बढ्दै जाँदा पनि सरकार जनताको हितमा लाग्न नसकेको प्रा.डा. पण्डितको टिप्पणी छ।

कुलमानले गरेका थिए लोडसेडिङ अन्त्यदेखि प्राधिकरणलाई नाफामा ल्याउनेसम्मका काम

२९ भदौ ०७३ मा कुलमान प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्ति हुँदा सञ्चित नोक्सानी ३४ अर्ब ६१ करोड रुपैयाँ पुगेको थियो। गत आवसम्म आउँदा प्राधिकरणको सञ्चित नाफा पनि ४७ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ।

कुलमानकै पालामा नेपाल लोडसेडिङमुक्त भएको छ। कात्तिक ०७३ मा घरायसी र वैशाख ०७५ मा औद्योगिक क्षेत्रमा लोडसेडिङ अन्त्य भएको छ।

उनकै कार्यकालमा भारत र बंगलादेशमा व्यावसायिक रूपमा विद्युत् निर्यात पनि सुरु भएको छ। कात्तिक ०७८ देखि भारत र कात्तिक ०८१ देखि बंगलादेशमा विद्युत् निर्यात सुरु गरिएको छ।

आठ वर्ष अघिसम्म विद्युत् चुहावट २५.७८ प्रतिशत थियो। गत आवमा त्यो १२.७३ प्रतिशतमा सीमित भएको छ।

आव ०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो। तीन वर्षअघि ८९.७ प्रतिशत रहेको विद्युतीकरण अहिले ९९ प्रतिशत पुगेको छ।

गत आवमा प्राधिकरण खुद विद्युत् निर्यातकर्ता बनेको छ। गत आवमा १६ अर्ब ९४ करोड रुपैयाँको विद्युत् आयात हुदाँ निर्यात १७ अर्ब सात करोड रुपैयाँको भएको छ, जुन आयातभन्दा १३ करोड रुपैयाँ बढी हो।

प्राधिकरणले पछिल्लो आठ वर्षको अवधिमा प्रसारणलाइनमा पनि गुणात्मक फड्को मारेको छ। आठ वर्षअघि दुई हजार नौ सय सर्किट किलोमिटर रहेको प्रसारणलाइन अहिले बढेर सात हजार सर्किट किलोमिटर पुगेको छ। पहिला नेपालको राष्ट्रिय प्रसारण प्रणालीमा १३२ केभी क्षमताका मात्रै प्रसारणलाइन थिए। अहिले ४०० केभी र २२० केभीका प्रसारणलाइन पनि सञ्चालनमा छन्।

■ यसकारण सरकारले हटायो कुलमान

१ कुलमानलाई प्राधिकरणको नेतृत्वबाट हटाउनुको प्रमुख कारण उद्योगीको विद्युत् बक्यौता हो। लोडसेडिङका वेला २४ घण्टासम्म विद्युत् प्रयोग गरेका केही ठुला उद्योगीले अझै प्रिमियम बक्यौता तिर्न मानेका छैनन्। कुलमान कुनै पनि हालतमा बक्यौता असुल गर्नुपर्ने पक्षमा थिए। तर, सरकार भने उद्योगीको पक्ष लिएर बक्यौता असुलमा अवरोध गर्दै आएको थियो। कुलमानले बक्यौता छुट दिन नमानेपछि सरकार उनलाई पन्छाउने निष्कर्षमा पुगेको हो।

२ ऊर्जामन्त्री खड्का प्राधिकरणमा आफूअनुकूल कर्मचारी सरुवा गर्न चाहन्थे। प्राधिकरणको कर्मचारी सरुवा आफूअनुकूल गरेर मन्त्री खड्का ठुलै चलखेल गर्न चाहन्थे। तर, त्यसमा कुलमान बाधक थिए। त्यसकारण मन्त्री खड्काले कुलमानमाथि प्रहार गरे।

३ प्राधिकरणले सार्वजनिक खरिदमार्फत घटाघटमा ९६० मेगावाट सोलार विद्युत् किन्ने गरी गत २७ कात्तिकमा ६४ कम्पनीलाई छनोट गरेको छ। उनीहरूसँग २५ वर्षका लागि विद्युत् खरिद-बिक्री सम्झौता हुनेछ। उनीहरू विद्युत् विकास विभागबाट लाइसेन्स लिएर प्राधिकरणसँग पिपिए गर्न आउनुपर्छ। मन्त्री खड्का उक्त टेन्डर रद्द गरेर पुनः टेन्डर गरी आफ्नोअनुकूलमा कम्पनी छनोट गर्न चाहन्छन्। त्यसमा कुलमानले सहमति नगर्ने भएपछि सरकार उनलाई हटाउने निर्णयमा पुग्यो।

४ वार्षिक सवा खर्ब रुपैयाँभन्दा बढी आम्दानी गर्ने प्राधिकरणले जलविद्युत् उत्पादन, प्रसारण र वितरणलगायतका विषयमा वार्षिक रूपमा अर्बौं रुपैयाँको ठेक्काहरू आह्वान गरिरहेको हुन्छ। त्यसमा ऊर्जामन्त्री खड्काले हालीमुहाली गर्न पाएका थिएनन्। त्यसकारण पनि उनले कुलमान हटाउने बाटो रोजे।

५ कोटा सकिएपछि प्राधिकरणले नदी प्रवाहमा आधारित जलविद्युत् परियोजनासँग विद्युत् खरिद-बिक्री सम्झौता गर्न सकेको छैन। ऊर्जामन्त्री खड्का पिपिए खुलाएर व्यक्तिगत स्वार्थ पूरा गर्ने योजनामा छन्। पिपिएको कोटा खुलाउन आवश्यक भए पनि मन्त्री खड्का अपारदर्शी पिपिएको पक्षमा छन्। आफ्नो यही चासो पूरा गर्न उनले कुलमानलाई हटाउने निर्णय लिए।

६ प्राधिकरणको नेतृत्वमा निर्माण हुने १०६३ मेगावाटको माथिल्लो अरुण र ६७० मेगावाटको दुधकोशीलगायतका ठुला परियोजना निर्माणमा जाने तयारीमा छन्। खर्बौं लागत भएका त्यस्ता आयोजनाको टेन्डरमा पनि ऊर्जामन्त्रीले हालीमुहाली गर्न खोजेका छन्। यसैगरी प्राधिकरणका सहायक कम्पनीले बनाउने परियोजनामा पनि मन्त्रीकै उत्तिकै चासो छ। यसैगरी प्राधिकरणको सेयर भएको जगदुल्ला जलविद्युत्को निर्माण ठेक्का पनि मन्त्री खड्का आफ्नोअनुकूल लगाउन चाहन्छन्। १९०२ मेगावाटको मुगु कर्णाली र ४५४ मेगावाटको किमाथांका अरुण परियोजना पनि निश्चित व्यापारी समूहलाई दिलाउने मन्त्रीको चाहना छ।

७ प्राधिकरणमा कुलमान आएपछि प्राधिकरणभित्र, प्राधिकरणका टेन्डर र पिपिएलगायतमा स्वार्थ समूह हाबी हुन पाएको छैन। त्यसैले स्वार्थ समूह सुरुदेखि कुलमान हटाउन चाहन्थ्यो र अनुकूल सरकार पर्खेर बसेको थियो। अहिले प्रधानमन्त्री ओली र मन्त्री खड्काले स्वार्थ समूहको चाहना पूरा गर्ने गरी कुलमान हटाउने निर्णय लिए।

आयोग पदाधिकारी...

पृष्ठ ३ बाट क्रमशः

निरन्तरता दिने निर्णय लिएको हो। यसअघि गत २ कात्तिकमा गठित मिश्र नेतृत्वको सिफारिस समितिलाई ६० दिनको समयसीमा दिइएको थियो। तर, दुवै आयोगमा पदाधिकारी सिफारिस नगरी गत पुसमा समिति विघटन भएको थियो। अहिले सोही समितिलाई निरन्तरता दिने राजनीतिक नेतृत्वबिच सहमति बनेको हो। सिफारिस समितिमा पूर्वमहान्यायाधिवक्ता खम्बबहादुर खाती, पूर्वराजदूत अर्जुनबहादुर कार्की, अधिकारकर्मी स्टेला तामाङ र मनोज दवाडी सदस्य छन्। समितिलाई सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी चयनका लागि सिफारिस गर्ने म्यान्डेड छ।

मन्त्रिपरिषद् बैठकपछि कानुनमन्त्री अजय चौरसियाले बाँकी काम सम्पन्न गर्न पुरानै समितिलाई जिम्मा दिने निर्णय गरेको बताए। 'पुरानै समितिले धेरै काम गरिसकेको छ। बाँकी कामको जिम्मा पुरानै समितिलाई दिने निर्णय भएको छ,' मन्त्री चौरसियाले नयाँ पत्रिकासँग भने।

मन्त्रिपरिषद् बैठकमा यसअघि समितिले बुझाएको प्रतिवेदनसमेत प्रस्तुत भएको थियो। दुवै आयोगका पदाधिकारीका लागि समितिमा १५८ जनाको आवेदन परेकोमा ४० जना सर्टलिस्टमा परेका थिए। दुई आयोगको अध्यक्षका लागि आठजना र सदस्यका लागि ३२ जना सर्टलिस्टमा थिए।

सात महिनाअगाडि नै प्रमुख दलहरूले सहमतिमै सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ऐन बनाएका थिए।

यसअघि सोमबार बिहान नै प्रमुख तीन दलका शीर्ष नेताबिच संक्रमणकालीन न्यायसम्बन्धी आयोग गठनबारे सहमति भएको थियो। सिंहदरबारमा प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष प्रचण्डबिच सहमति जुटेको थियो। बैठकमा गृहमन्त्री एवं कांग्रेस नेता रमेश लेखक, माओवादीका नेताहरू शक्ति बस्नेत र खिमलाल देवकोटा तथा प्रधानमन्त्रीका विज्ञसल्लाहकार अग्नि खरेल सहभागी थिए।

'बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन तथा सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा ३ बमोजिम दुवै आयोगको अध्यक्ष तथा सदस्य नियुक्तिका लागि सिफारिस समिति गठन प्रक्रिया अगाडि बढाउन प्रधानमन्त्रीले दुवै दलका नेताहरूसँग परामर्श गर्नुभयो,' बैठकपछि खरेलले भनेका थिए। मन्त्रिपरिषद्ले सिफारिस समिति गठन गरेसँगै बाँकी काम अघि बढ्ने माओवादी उपमहासचिव शक्ति बस्नेतले बताए। 'शान्ति प्रक्रियाका बाँकी काम अघि बढाउने समझदारी भयो। मन्त्रिपरिषद्ले सिफारिस समिति गठन गरेपछि काम अघि बढ्छ,' उनले भने।

यसअघि, राष्ट्रपति रामचन्द्र पौडेल र माओवादी अध्यक्ष प्रचण्डबिच भेटवार्ता भएको थियो। राष्ट्रपति पौडेललाई भेट्न प्रचण्ड राष्ट्रपति भवन शीतलनिवास पुगेका हुन्। राष्ट्रपतिसँग समसामयिक राजनीतिक घटनाक्रमबारे छलफल भएको प्रचण्डको सचिवालयले जनाएको छ।

२० टिकट...

पृष्ठ ३ बाट क्रमशः

सूचना दिएको थियो। सूचनापछि प्रहरीले टिकट खरिदकर्तालाई निगरानीमा राख्दै आइतबार पक्राउ गरेको हो। प्रहरीले मोरङ रंगेली नपा-७ का ४५ वर्षीय विकास भारती र गोरखा आजिरकोट गापा-३ का ३७ वर्षीय बाबुराम अधिकारीलाई पक्राउ गरेको छ। घटनाको अनुसन्धानमा संलग्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले बुद्धको हवाई टिकट प्रणाली 'ह्याक' गरी टिकट बिक्री भएको भेटिएको र दुई पक्राउ परेको बताए। 'बुद्ध एयरको टिकट प्रणाली ह्याक भएको देखियो। टिकट बिक्री गर्ने उद्देश्यले प्रणालीमा उनीहरूको प्रवेश भएको देखिन्छ,' उनले भने, 'यस क्रममा उनीहरूले २० वटा टिकट बिक्री गरेका छन्। रकम आफैं लिएका छन्। उनीहरू पक्राउ परेका छन्।'

बुद्ध एयरको सूचनापछि प्रहरीले अनलाइनमार्फत भएको कारोबारमा नजर राखेको थियो। यही क्रममा प्रहरी ह्याकर भारती र अधिकारीसम्म पुगेको थियो। बुद्धका प्रवक्ता दीपेन्द्र कर्णले अनधिकृत तवरले टिकट बिक्री भएको सूचनापछि खरिदकर्तालाई निगरानी गरिएको र सोही क्रममा भारती पक्राउ परेको बताए।

ठेक्का लागेको...

पृष्ठ ३ बाट क्रमशः

अघि बढाउन सहज भएको छ,' उनले भने, 'अब सडक निर्माणको काम एक वर्षभित्र सकिन्छ।' राजमार्गमा पर्ने रुख हटाउन करिब दुई महिना लाग्ने अनुमान गरिएको छ।

सुनसरीको सर्दु-भलुवाको २४.८ किमि र भलुवा-बेलडाँगीको २८ किमि गरी दुई खण्डको ठेक्का सम्झौता २९ असार ०७८ मै भए पनि रुख कटानको अनुमति नहुँदा श्रेष्ठ-मोतीदान जेभीले काम गर्न सकेको थिएन। कतिपय ठाउँमा बिचमै रुख छाडेर निर्माण व्यवसायीले सडक कालोपत्रे गरेका थिए।

ठेक्काको म्याद २८ पुस ०८० मै सकिएपछि गत पुस मसान्तमा म्याद थप भएको थियो। अहिले म्याद थप प्रक्रियामा रहेको खत्रीले बताए। 'सरकारले समयमै रुख कटानको अनुमति नदिँदा ढिलाइ भएको थियो। बल्ल कटान सुरु भएको छ। रुख कटान सकिँदा जेठ लाग्छ। त्यसपछि बर्खा सुरु हुन्छ,' श्रेष्ठ-मोतीदान जेभीका इन्जिनियर प्रह्लाद ढुंगानाले भने, 'अब यो आर्थिक वर्षमा काम सकिँदैन। हामीले एक वर्षको म्याद थप मागेका छौं। त्यो अवधिमा हामी काम सक्छौं।'

सुनसरीको सर्दु-भलुवाको २४.८ किमि सडक ९३ करोड ३३ लाखमा र भलुवा-बेलडाँगीको २८ किमि सडक एक अर्ब चार करोडमा ठेक्का लागेको हो। दुवै खण्डको काम करिब ७५ प्रतिशत सकिएको छ। त्यसैबिच मदन भण्डारी राजमार्गअन्तर्गत दमकदेखि इलाम हुँदै मेचीनगरको पाटापुरसम्मको ५२.८ किमि क्षेत्रको रुख हटाउनेबारे सरकारले अझै निर्णय गरेको छैन। यो खण्डमा ६ हजार रुख हटाउनुपर्ने मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकका प्रमुख कर्णसिंह खत्रीले बताए।

'यो खण्डमा पनि रुख हटाउनका लागि प्रक्रिया अन्तिम चरणमा छ। केही समयमा नै निर्णय भएर रुख कटान हुनेछ,' उनले भने। दमकदेखि इलाम हुँदै मेचीनगरको पाटापुरसम्मको खण्डमा पनि रुख कटान समयमा नहुँदा कतिपय ठेक्कामा म्याद सकिँदा पनि काम सम्पन्न हुन सकेको छैन।

५२.८ किमिमध्ये मेचीडाँगी-शान्तिपुरको १० किमि सडक ३७ करोड ९५ लाखमा श्रेष्ठ-मोतीदान जेभीले ठेक्का लिएको छ। थपिएको म्याद ०८२ असार मसान्तसम्म छ। प्रगति ६० प्रतिशत छ। मेचीडाँगीदेखि पाटापुरसम्मको करिब तीन किलोमिटर सडक निर्माणका लागि दुईवटा प्याकेजमा ठेक्का लगाइएको थियो। दुवै ठेक्का सम्पन्न भएको मदन भण्डारी राजमार्ग आयोजना कार्यालय दमकले जनाएको छ।

बुढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र मूल्याकंन स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/१२/१२
नेपाल सम्वत् ११४५

यस कार्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपशिलको कार्यको मूल्यांकन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ।

सि.नं	ठेक्काको नाम, नं.	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक मु.अ.क बाहेक
1.	The Procurement, Printing and Supply of Books in Budhanilkantha Education Section (NCB/BNP/GW/081_082/10)	M.S. Printing Solution, Koteshwor_Kathmandu	21,95,640.00

प्रमुख प्रशासकीय अधिकृत

Province Government
Ministry of Water Supply, Irrigation and Energy
Water Resources & Irrigation Development Division, Dhankuta
Koshi Province, Nepal

Notice for Financial Bids Opening

Date of Publication: 2081/12/12 (25th March, 2025)

Pursuant to Clauses ३१ज (५) of the Public Procurement Regulation 2064 (including amendments), this is to notify all concerned bidders that, in reference to the notice published on २०८१/१०/२३ (5th February,2025) in the "Naya Patrika" National daily Newspaper, the result of the evaluation of the Technical Proposals of the Bidders for Contract No.-WRIDD-DKT/MIP/LKKIP/Works/NCB-01/081-82 is presented below.

Bidder No.	Name of Bidders	Result
1	M/S Mai Bhagawati Nirman Sewa Pvt.Ltd., Ilam-7, Ilam	Responsive
2	M/S PNS-LB Construction JV, Kathmandu-32, Kathmandu	Responsive
3	M/S KDN-CHINNAMASTA-JANASEWA JV, Samakhusi, Kathamndu	Responsive
4	M/S Ale Nirman-Chandrajyoti JV, Phidim-1, Panchthar	Responsive

The substantially responsive bidders are requested to attend the Financial Proposal opening to be held at 13:00 hours on 1st April, 2025 (2081/12/19) at Water Resources and Irrigation Development Division, Dhankuta.

Division Chief

संसद्मा महिला फोरम बनाउन सभामुख देवराज घिमिरे नै अनिच्छुक

कांग्रेस र माओवादी सांसदले महिला समन्वय समिति माग्दा एमाले मौन, आफूले निर्णय गर्न नसक्ने सभामुखको जवाफ

साढे दुई वर्षदेखि सदनमा आवाज उठाउँदै छन् महिला सांसदहरू, अब प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवालाई भेटेर ताकेता गर्ने तयारी



■ **हितराज पाण्डे**, प्रमुख सचेतक, माओवादी

महिला समन्वय समिति बनाउने व्यवस्था नियमावलीमा छ। त्यस्तो प्रस्ताव सभामुखज्यूले संसदमा राखेर टुंग्याउनुपर्ने हो। यो विषय मैले कार्यव्यवस्थामा उठाएँ। तर, लामो समयसम्म रोकिरहेको छ। सत्ता पक्षले संसद्लाई हेप्ने र महिलालाई उपेक्षा गर्ने काम गरिरहेको छ।



■ **डा. तोसिमा कार्की**, सांसद, रास्वपा

प्रतिनिधिसभा नियमावलीमा समिति बनाउने व्यवस्था छ। नियमावली बनेको साढे दुई वर्ष भइसक्यो। आजसम्म समिति बनेको छैन। दलमाथि उठेर महिला सांसदहरू महिला उत्थानको विषयमा एक ठाउँमा उभिन्छन् भनेर बनाउन दिएका छैनन्। जहाँ संविधान/कानुन बन्छ, त्यहाँ लैंगिक विभेदविरुद्ध महिला एकजुट हुन्छन् भनेर नियतवश गठन नगरिएको हो।



कमलराज भट्ट/नयाँ पत्रिका

सभामुख देवराज घिमिरे महिला सांसदहरूको फोरम गठन गर्न अनिच्छुक देखिएका छन्। प्रतिनिधिसभा नियमावली बनाएको साढे दुई वर्ष बितिसक्दा पनि नियमावलीमा उल्लेखित महिला सांसदहरूको समिति गठन हुनसकेको छैन। महिला सांसदहरूले सदन र संसदीय समितिका विभिन्न बैठकमा प्रतिनिधिसभाको नेतृत्वमा रहेका सभामुख घिमिरेको पटकपटक ध्यानाकर्षण गराए पनि समिति गठन गर्न आनाकानी गरेका छन्।

महिलासँग सम्बन्धित विषयमा सबै दलका बिचमा साझा धारणा बनाउन प्रतिनिधिसभा नियमावली २०७९ को नियम २५७ मा महिला समन्वय समितिको व्यवस्था गरिएको छ। 'महिलाका विषयमा सभामा समान धारणा बनाउन तथा त्यस्ता धारणालाई बहस पैरवीमा ल्याउन महिला सदस्य संयोजक रहने गरी एक समिति रहनेछ। समितिका पदाधिकारी र सदस्यलाई थप सेवा-सुविधा उपलब्ध गराइनेछैन,' नियमावलीमा भनिएको छ।

नियमावलीमा राखिएको साढे दुई वर्षसम्म समिति गठन नभएको भन्दै २ चैतमा बसेको कार्यव्यवस्था तथा परामर्श समितिको बैठकमा कांग्रेस सचेतक सुशीला थिङ, सांसद नागिना यादव, माओवादी प्रमुख सचेतक हितराज पाण्डेले सभामुख घिमिरेको ध्यानाकर्षण गराएका थिए। उनीहरूले समिति गठनको प्रस्तावमा सभामा प्रस्तुत गर्न सभामुखलाई भनेका थिए। तर, सभामुख घिमिरेले 'यो मेरो वशको कुरा होइन, माथि नेताहरूलाई कुरा गर्नुस्, मैले निर्णय गर्न सक्दिनँ, राजनीतिक तहबाट मिलाएर आउनुपर्छ' भनेर जवाफ दिएको कांग्रेस सांसद यादवले बताइन्। उनका अनुसार बैठकमा एमाले सांसद यो विषयमा मौन थिए।

उपसभामुख इन्दिरा रानाले पनि 'महिला समिति चाँडो गठन हुनुपर्छ। विशेष अनुरोध गर्न चाहन्छु सभामुखज्यूलाई' भनेकी थिइन्। यसछाडि कांग्रेस सांसद रमा कोइराला पौड्याल ३ चैतको प्रतिनिधिसभा बैठकमा सभामुखलाई नियमावली देखाउँदै भनेकी थिइन्, 'अढाई वर्ष भइसक्यो। महिला समिति गठन भएको छैन। कानुन बनाउने ठाउँमा बसेका छौं। संसदभित्र यस्तो समिति नबन्दा अचम्म लागेको छ। संसदको गतिविधि हेर्दायसको आवश्यकता महसुस भएको छ। विनम्र अनुरोध गर्छु।' यसअगाडि माओवादी सचेतक रूपा सोशी चौधरी, रास्वपाकी तोसिमा कार्की, राप्रपाकी रोशन कार्कीलगायतले पनि प्रतिनिधिसभामा महिला समिति कहिले गठन हुन्छ भनेर आवाज उठाउँदै आएका थिए।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले महिला समिति गठनमा सभामुखकै अग्रसरता अभाव रहेको बताए। 'महिला समन्वय समिति बनाउने व्यवस्था नियमावलीमा छ। त्यस्तो प्रस्ताव सभामुखज्यूले संसदमा राखेर टुंग्याउनुपर्ने हो। यो विषय मैले कार्यव्यवस्थामा उठाए। तर, लामो समयसम्म रोकिरहेको छ। सत्ता पक्षले संसद्लाई हेप्ने र महिलालाई उपेक्षा गर्ने काम गरिरहेको छ,' उनले भने। पाण्डेले राज्य सञ्चालनका लागि कानुनहरू बनाउने र राज्यका अंगले कार्यन्वयन गरे/नगरेको मापन गर्ने संसद्ले नै आफ्नो नियमावली कार्यान्वयन नगर्नु दुःखद भएको टिप्पणी पनि गरे।

रास्वपा सांसद तोसिमा कार्कीले दलहरूको पुरुष नेतृत्व महिलासँग डराएको बताइन्। 'प्रतिनिधिसभा नियमावलीमा समिति बनाउने व्यवस्था छ। नियमावली बनेको साढे दुई वर्ष भइसक्यो। आजसम्म समिति बनेको छैन। दलमाथि उठेर महिला सांसदहरू महिला उत्थानको विषय एक ठाउँमा उभिन्छन् भनेर बनाउन दिएका छैनन्। जहाँ संविधान/कानुन बन्छ, त्यहाँ लैंगिक विभेदविरुद्ध महिला एकजुट हुन्छन् भनेर नियतवश गठन नगरिएको हो,' उनले भनिन्।

राप्रपाकी रोशन कार्कीले महिलाहरू सशक्त हुन्छन् भनेर ठुला दलका नेतृत्वले समिति बनाउन नचाहेको र सभामुखले यसमा साथ दिएको टिप्पणी गरिन्। समन्वय समिति नियमावलीमा राखिसकेपछि गठन गराउने जिम्मा सभामुखको भए पनि अनदेखा गरिरहेको उनको भनाइ छ। 'विषयगत समिति गठनमा सभामुखले जुन तदारुकता देखाउनुभयो, त्यो यसमा देखिएन,' उनले भनिन्।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले नियमावलीको भएको व्यवस्था कार्यान्वयन गरेर जाने कुरामा आफूहरूको असहमति नभएको बताए। समिति गठन सदनको विषय भएको र आफूहरूले चाहेरमात्र नहुने उनको भनाइ छ। 'महिलाका विषयमा विषयगत समितिहरू पनि छन्। साझा काम गर्ने फोरमको अभिप्रायले नियमावलीमा राखिएको हो। बनाएर जाने कुरा उपयुक्त नै हुन्छ। नबनाउने भन्ने कुनै कारण छैन। यद्यपि, दलहरूको बिचमा अनौपचारिक पनि छलफल छैन,' उनले भने।

कार्यव्यवस्था परामर्श समिति बैठकमा यो विषय उठेको भन्दै बर्तौलाले समिति गठनमा सकारात्मक र सहयोगी भूमिका खेल्ने बताए। 'संसद्को विषय भएको कारणले हाम्रो दलले बनाउने होइन। अब छलफल होला। नियमावलीले गरेको प्रबन्ध भएकाले कार्यान्वयन गरेर जानुपर्छ। ढिलो गरिरहनुपर्ने कारण छैन। सबै दलहरू तयार भए भने चाँडो निष्कर्षमा पुग्न सकिन्छ। अब छलफल गर्छौं,' उनले भने।

■ प्रधानमन्त्रीलाई ताकेता गर्ने

सभामुख घिमिरेले आफूले निर्णय गर्न नसक्ने र नेताहरूसँग कुरा गर्नु भन्ने जवाफ दिएपछि कांग्रेस सांसदले सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री केपी ओलीलाई भेटेर ध्यानाकर्षण गराउने भएका छन्। सांसद नागिना यादवले यसअघि देउवालाई भेटेर समिति गठन गर्न ध्यानाकर्षण गराउँदा 'बनाउनुस्' भनेको स्मरण गर्दै सत्तासमीकरण परिवर्तन हुँदा यो विषय ओझेलमा परेको बताइन्। 'नियमावलीको व्यवस्था लागू गर्न कांग्रेस पोजेटिभ नै छ। प्रमुख सचेतकसहित हामी माननीयहरू शेरबहादुर दाइसँग फेरि कुरा गर्न जान्छौं,' उनले भनिन्। अन्य पार्टीका सांसदहरू पनि समिति बनाउने पक्षमा रहे पनि नेतृत्वसामु बोल्न नसकेको सुनाइन्। 'आफैंले बनाएको नियमावली कार्यान्वयन गर्न संसद्को नेतृत्व क्षमता पुगेन,' उनले भनिन्, 'अर्को पहिला महिला ककसले महिला अधिकारका पक्षमा राम्रो गरेकाले पनि नेतृत्वले बनाउन चाहेको देखिएन। नियमावलीमै राख्दा पनि महिला ककस होइन सकस भएको हो भनेर विरोध भएको थियो। ककस नभएको भए पहिले महिलाको इस्यु सम्बोधन हुँदैन्थ्यो। त्यही हयाङओभरमा अहिलेसम्म छ,' उनले भनिन्। महिला समन्वय समिति गठनका लागि ध्यानाकर्षण गराउन प्रधानमन्त्रीलाई भेट्ने सल्लाह भएको पनि उनले बताइन्। 'एकचोटि प्रधानमन्त्रीलाई पनि भेटेर भन्ने प्लान छ। कांग्रेस र माओवादी पोजेटिभ छ। एमालेका साथीलाई पनि भनेका छौं। उहाँहरू पनि जानुहुन्छ होला,' उनले भनिन्।

■ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण)सम्बन्धी संशोधन विधेयक संसद्मा दर्ता

सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभामा दर्ता गरेको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले सोमबार विधेयक दर्ता गरेको संसद् सचिवालयले जनाएको छ। संगठित अपराधको रूपमा विश्वभर फैलिएको मानव बेचबिखनबाट प्रभावित व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकको संरक्षण गर्ने, बेचबिखनको उच्च जोखिममा रहेका तथा बेचबिखन तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्ने, स्वदेशमा वा विदेशमा मानव बेचबिखन तथा ओसारपसारको कसुरको आरोप लागेका व्यक्तिलाई कानुनको दायरामा ल्याउने, तथा दण्ड सजायको दायरालाई फराकिलो बनाउने उद्देश्यले ऐन संशोधन गर्न खोजेको मन्त्री साहले उल्लेख गरेका छन्।

'मानव बेचबिखन, विशेष गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेखमा भएका प्रावधानलाई ऐनमा समेट्न आवश्यक भएकाले प्रस्तुत 'मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक' संघीय संसद्मा पेस गर्नुपरेको हो,' मन्त्री साहले भनेका छन्।

प्रेस चौतारीको अध्यक्षमा पाण्डे



काठमाडौं/ एमालेनिकट पत्रकार संगठन प्रेस चौतारी नेपालको अध्यक्षमा गणेश पाण्डे चयन भएका छन्। प्रतिस्पर्धी राजेश राईले उम्मेदवारी नदिने निर्णयपछि पाण्डेको नेतृत्वमा सर्वसम्मत कार्यसमिति चयन गरिएको हो। उनी दुईपटक चौतारीको उपाध्यक्ष भएका थिए।

चौतारीको उपाध्यक्षमा चेतन अधिकारी र कृपा भण्डारी, महासचिवमा हीरामान चयन भएका छन्। लामा महासचिवमा दोहोरिएका हुनु। उपमहासचिवमा हरिबल्लभ नेपाल, सचिवमा विष्णु तारुके, प्रदीप आचार्य, विक्रम लुइँटेल र नरेश भण्डारी चयन भएका छन्। कोशी प्रदेश इन्चार्जमा नुतन श्रेष्ठ, मधेशमा अच्युत पौडेल, बागमतीमा प्रतिमा सिलवाल, गण्डकीमा गणेश पौडेल, लुम्बिनीमा टीकाबहादुर बस्नेत, कर्णालीमा याम शर्मा र सुदूरपश्चिममा दिलबहादुर छन्त्याल चयन भएका छन्। उपत्यका प्रदेशमा हेमराज सिलवाल, प्रतिष्ठानमा यसिमा महत र एसोसिएटमा रघुनाथ सापकोटा चयन भएका छन्। यद्यपि महतले प्रदेश इन्चार्ज अस्वीकार गरेको भएकाले छिन्। बाँकी ८० जना केन्द्रीय सदस्यमा चयन भएका छन्।

■ निर्वाचन निषेध

प्रेस चौतारीको दसौं अधिवेशनमा उपाध्यक्षद्वय पाण्डे र राई अध्यक्षका दाबेदार थिए। तर, प्रधानमन्त्री एवं पार्टी अध्यक्ष तथा केपी ओलीको हस्तक्षेपपछि निर्वाचन नै निषेध गरिएको थियो। बालुवाटारको हस्तक्षेपपछि उम्मेदवारको सूचीसमेत निकाल्न निषेध गरिएको थियो। निर्वाचनमण्डलले उम्मेदवारको सूची ४:२० बजेलाई तोकेको थियो। तर, त्यस अवधिमा सूची प्रकाशन नगरी मतपरिणाम घोषणा गर्ने कार्यतालिका बनाइएको थियो।

राजेश राईलाई अध्यक्षमा चुनाव लड्न निषेध गरिएपछि प्रतिनिधिको रुवावासी।

उम्मेदवारी दर्तासमेत रोक लगाइएपछि अध्यक्षका आकांक्षी राजेश राईले अध्यक्षमण्डललाई सम्बोधन गर्दै अध्यक्षको प्रतिस्पर्धाबाट बाहिरिएको घोषणा गरेका थिए। उम्मेदवारी नदिने घोषणा गर्नुअघि राईलाई हलमा सम्बोधन गर्न दिइएको थियो। सम्बोधनका क्रममा उनले आफूमाथि पटकपटक गरिने प्रश्न अब अन्तिम हुनुपर्ने बताएका थिए। 'प्रतिस्पर्धामा जान खोज्दा प्रहार गरियो। एमाले र प्रेस चौतारीले माथि होइन, अधारभूमि हेर्नुपर्थ्यो। राजेश राईहरूमाथिको प्रश्न अन्तिम होस्। हरेक सदस्यले जिम्दै गर्दा अब माथितिर होइन, आधारतिर फर्किने दिन आउनेछ। माथि धाउँदा होइन, जनताको बिचमा जाँदा पार्टी र संगठन बलियो हुन्छ,' उनले भने। सम्बोधनपछि हलबाट राई बाहिरिँदा समर्थकबिच रुवावासी चलेको थियो। अधिवेशनस्थलबाट बाहिरिँदै गर्दा राईले सम्भावना नसकिएको भन्दै समर्थकलाई आश्वस्त तुल्याउने कोसिस गरेका थिए। यसअघि पाण्डेलाई एमालेले प्रचार विभागको सचिवमा चयन गरेको थियो। उनले शपथसमेत लिएका थिए। तर, १० दिन नबित्दै उनलाई पदबाट राजीनामा दिन लगाइएको थियो। त्यसपछि भने उनी अध्यक्षको दौडमा लागेका थिए।

संक्षेप

केन्द्र सरकारसँग बालेन असन्तुष्ट

काठमाडौं/ काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र शाह बालेनले प्रमुख प्रशासकीय अधिकृत नहुँदा तीन महिनादेखि सफाइ कर्मचारीले समेत तलब नपाएको भन्दै केन्द्र सरकारसँग असन्तुष्टि व्यक्त गरेका छन्। सोमबार सामाजिक सञ्जालमार्फत उनले सरकारको दम्भका कारण यस्तो अवस्था आएको बताएका छन्। 'काठमाडौं महानगरपालिकाको सरसफाइ कर्मचारीले तीन महिनादेखि तलब पाएका छैनन्, सरकारको दम्भले,' बालेनले फेसबुकमा लेखेका छन्, 'कोकोले के-के आन्दोलन गर्ने हो, मलाई थाहा छैन, अबको एक हप्तामा हाम्रो कर्मचारीले तलब पाएनन् भने सबैलाई टुकुचामा गाडदिन्छु! त्यो पछि हेर्नौंला तिमीहरूको के के तन्त्र हो।' प्रमुख प्रशासकीय अधिकृत नहुँदा पछिल्लो समय महानगरको आर्थिक कारोबार ठप्प छ। विकास निर्माण तथा भइसकेका कामको एक अर्बबराबरको भुक्तानी बाँकी छ।

भ्रष्टाचारमा दोषी ठहर पूर्वकर्मचारी पक्राउ

काठमाडौं/ अकुत सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा अदालतबाट दोषी ठहर नेपाल विद्युत प्राधिकरणका अवकाशप्राप्त सहायक प्रबन्धक ध्रुवकुमार उप्रेती पक्राउ परेका छन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले शनिबार उनलाई काठमाडौंको बनस्थलीबाट पक्राउ गरेको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीविरुद्ध मुद्दा दायर गरेकोमा सर्वोच्च अदालतले गत १२ मंसिरमा उनलाई दोषी ठहर गरी ६ महिना कैद र दुई करोड ५५ लाख १६ हजार चार सय ८३ रुपैयाँ जरिवानाको फैसला गरेको थियो। सो फैसला कार्यान्वायनका लागि उप्रेतीलाई पक्राउ गरी जिल्ला अदालतमा पेस गरिएकोमा उनी डिल्लीबजार जेल चलान भएको सिआइबीका प्रवक्ता एसपी सुधिरराज शाहीले बताए।

नेपालले ल्याए सम्पादन कला सिकाउने पुस्तक 'भाषिक कला'



काठमाडौं/ कथाकार तथा सम्पादक दीपक नेपालले भाषिक कलासम्बन्धी पुस्तक 'भाषिक कला' ल्याएका छन्। पुस्तक व्यावहारिक दृष्टिकोणबाट प्रस्तुत गरिएको लेखकको भनाइ छ। सिर्जनात्मक लेखन र सम्पादनका क्रममा प्राप्त अनुभव र अध्ययनबाट प्राप्त ज्ञानका आधारमा तयार पारिएको यो पुस्तक सम्पूर्ण किताबले प्रकाशन गरेको हो।

विभिन्न सैद्धान्तिक ज्ञान तथा डेढ सय पुस्तकको सम्पादकीय अनुभवका आधारमा तयार पारिएको पुस्तकले विशेष गरी सिर्जनात्मक लेखन तथा सम्पादन कलासम्बन्धी व्यावहारिक सीपलाई महत्त्व दिएको नेपालले बताए। 'लेखन तथा सम्पादनका विभिन्न तौरतरिका, सीप र कौशलबारे सटीक रूपमा प्रस्तुत गरिएको यो पुस्तक लेखक, सम्पादन, पत्रकार तथा नेपाली भाषा-साहित्य अनुरागीका लागि उपयोगी साबित हुनेछ,' उनले भने। लेखन तथा सम्पादनका क्रममा भाषिक मिठास र अभिव्यक्ति कौशलमा कसरी निखारता ल्याउने भन्ने विषयमा उदाहरणसहित प्रस्तुत गरिएको यो पुस्तकको मूल्य ५९५ रुपैयाँ छ।

दशरथ चन्द विश्वविद्यालय सिनेटमा प्रधानमन्त्री आवश्यक नपर्ने गरी कानुन बन्दै

काठमाडौं/ सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको सिनेट बैठक सहकुलपति अर्थात् शिक्षामन्त्रीको अध्यक्षता बस्ने गरी कानुन निर्माण प्रक्रिया अघि बढेको छ। संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले सबै विश्वविद्यालयमा प्रधानमन्त्रीको अध्यक्षतामा सिनेट बैठक बस्दा प्रधानमन्त्रीको समय नमिल्ने र बैठक बस्न नसक्ने अवस्थालाई ध्यानमा राख्दै नयाँ व्यवस्था गर्न लागेको हो। समितिले सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको सिनेट बैठक शिक्षामन्त्रीको अध्यक्षतामा बस्ने र दीक्षान्त समारोहको बैठक भने कुलपति अर्थात् प्रधानमन्त्रीकै अध्यक्षतामा बस्ने गरी कानुन बनाउनुपर्ने औंल्याएको छ।

ललितपुरमा एक वर्षमा ९५५ मा जनामा क्षयरोग, १७ को मृत्यु

काठमाडौं/ ललितपुरमा पछिल्लो एक वर्षमा ९५५ जनामा क्षयरोग देखिएको छ। जिल्ला जनस्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार क्षयरोगबाट एक वर्षमा १७ जनाको मृत्यु भएको छ। जनस्वास्थ्य कार्यालयका प्रमुख डा. भुवन पौडेलले अन्य जिल्लाको तुलनामा क्षयरोगमा ललितपुरले प्रभावकारी भूमिका निभाए पनि क्षयरोगको अवस्था हेर्दा सन्तोषजनक भने मान्न नसकिने बताए। सबैभन्दा बढी क्षयरोग संक्रमण ललितपुर महानगरपालिकामा देखिएको छ। यहाँ जनसंख्याको अनुपात पनि धेरै भएकाले क्षयरोग लाग्नेहरूको संख्या बढी देखिएको हो। हाल जनस्वास्थ्य कार्यालय ललितपुरले यसको नियन्त्रणका लागि प्रदेश र केन्द्र सरकारको नीतिअनुसार काम गर्दै आएको पौडेलले बताए। नेपालमा हरेक वर्ष १६ हजारले क्षयरोगकै कारण मृत्युवरण गरिरहेका छन्। देशभर हरेक वर्ष ६८ हजार पाँच सय नयाँ बिरामी फेला पर्छन्।

नागरिक उड्डयन प्राधिकरणसम्बन्धी विधेयकमा रास्वपाले गर्‍यो विज्ञहरूसँग छलफल

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले नागरिक उड्डयनसम्बन्धी विधेयकमा विज्ञहरूसँग छलफल गरेको छ। सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा विज्ञहरू बोलाएर रास्वपाले नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक र नेपाल हवाई सेवा प्राधिकरण विधेयकमा छलफल गरेको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले १९ माघमा दर्ता गरेका दुवै विधेयक १३ फागुनमा प्रतिनिधिसभामा प्रस्तुत भएका थिए। दुवै विधेयकमा १४ चैतमा प्रतिनिधिसभामा सैद्धान्तिक छलफल हुँदै छ। सैद्धान्तिक छलफलको पूर्वसन्ध्यामा रास्वपाले दुवै विधेयकमा विज्ञहरूसँग छलफल गरी सुझाव लिएको हो। सांसद सोविता गौतमको समन्वयमा आयोजित छलफलमा विज्ञहरूले नियामक र सेवा प्रदायक




छुट्याउने विधेयक आउनु स्वागतयोग्य भन्दै हवाई सुरक्षा भने अझै प्राथमिकतामा नपरेको उल्लेख गरेका थिए। विज्ञहरूले हवाई सुरक्षालाई प्राथमिकतामा राखेर ऐन बनाउन सांसदहरूलाई सुझाव दिएका थिए।

छलफलमा रास्वपा कार्यवाहक सभापति डिपी अर्याल, सांसद चन्दा कार्की, सोविता गौतम, हरि ढकाल, गणेश पराजुली, लक्ष्मी तिवारी सहभागी थिए। सांसदहरूलाई सुझाव दिन नागरिक उड्डयन प्राधिकरणको पूर्वमहानिर्देशकहरू राजन पोखरेल, रतिशचन्द्र लाल सुमन, त्रिरत्न मानन्धर, सञ्जीव गौतम र पूर्वएरोनोटिकल इन्जिनियर दीपक बास्तोला उपस्थित थिए।

विज्ञहरूले नियामक र सेवाप्रदायक छुट्याउँदैमा युरोपियन युनियनको सुरक्षा सूचीबाट नेपालबाहिर निस्कने भाष्य बनिरहेको भन्दै सुरक्षामा प्राथमिकताका साथ ध्यान नदिएसम्म सेफ्टिङ लिस्टमा बाहिर निस्कन सम्भव नभएको टिप्पणी गरेका थिए। पूर्वमहानिर्देशक सञ्जीव गौतमले नियमन र सेवाप्रदायक छुट्याउने विधेयक ल्याउँदैमा इयूको सेफ्टी सूचीबाट नहट्ने बताए।

घर लिलाम भएपछि थापा परिवारको उठीवास, समन्वय गर्दै वडा कार्यालय



■ **श्रीराम केसी**, वडाध्यक्ष, बुढानीलकण्ठ नगरपालिका-४

सोमबार हामीले एक किसिमको वार्ता गरेका छौं, यसबारेमा मेयरसापले दुवै पक्षलाई मंगलबार थप छलफलमा बोलाउनुभएको छ। लिलाममा गएको घरजग्गा कार्यान्वयन गराउन स्थानीय तहहरूले पनि समन्वयको भूमिका निभाउन सक्छन् भनेर सहजीकरण गर्न लागेका हौं। स्थानीयको गाँसवासको अवस्था पनि हामीले ख्याल गर्नुपर्छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

बुढानीलकण्ठ नगरपालिका-४ पासिकोटस्थित थापागाउँका उद्धव थापाको घर लिलाम भएर उठीवासको अवस्था निम्तिएपछि नगरपालिका र स्थानीयवासीले मेलमिलापको बाटो खोजेका छन्। बुढानीलकण्ठ नगरपालिका-४ का वडाध्यक्ष श्रीराम केसीले स्थानीयको बिल्लीबाट हुने अवस्था आएको भन्दै पीडितलाई राहत हुने गरी छलफल र समन्वय अघि बढाएका हुन्।

जिल्ला अदालत काठमाडौंले ०८० साउनमै एनआइसी एसिया बैंकको पक्षमा फैसला गरेपछि प्रहरी फैसला कार्यान्वयनमा लागेको छ। तर, बिचौलियाले थापा परिवारलाई फसाएको भन्दै नगरपालिका र स्थानीयवासीले तत्काल फैसला कार्यान्वयन नगर्न अनुरोध गर्दै आइरहेका छन्। वडाध्यक्ष केसीले थापाको परिवार उठीवासको अवस्थामा आएकाले राहत हुने गरी वडाले सहजीकरण थालेको बताए। 'उहाँ सोझो व्यक्ति हो, कसैले घर धितो राख्न उहाँलाई प्रलोभनमा पाऱ्यो, त्यसपछि उहाँको १२ आनामा बनेको घर नै लिलामी भयो, त्यो घरमा उहाँहरूको आठजनाको परिवार बस्नुहुन्छ,' उनले भने, 'हामी अदालतलाई मान्छौं, तर यहाँ वासको कुरा पनि छ, कोही सडकमा आउने अवस्था नहोस् भनेर हामीले समन्वय थालेका हौं।'

बुढानीलकण्ठ नगरपालिका- ४ पासिकोटस्थित थापागाउँका उद्धव थापाको परिवार र पृष्ठभूमिमा लिलाम भएको उनको घर।

लिलाममा परेको घर एनआइसी एसिया बैंकले मोहनबहादुर बस्नेतलाई बेचेको थियो। बैंकसँग घर किनेका बस्नेत घर खाली गराउन भन्दै चार-पाँचपटक प्रहरीसहित थापाको घरमा पुगेका छन्। तर, वडा कार्यालयले दुवै पक्षलाई सहज हुने गरी अघि बढ्न बस्नेतलाई आग्रह गर्दै आइरहेको छ। सोमबार प्रहरी प्रशासन फैसला कार्यान्वयनका लागि घर खाली गराउन पुगेको थियो। तर, बुढानीलकण्ठ नगरपालिका, वडा र स्थानीय जनप्रतिनिधिहरूले सीधै घर खाली गराउन नहुने र यसमा मिलेर अघि बढ्नुपर्ने बताएपछि प्रहरी फर्किएको थियो।

सोमबार साँझ नगरपालिका प्रमुख मीठाराम अधिकारी, वडाध्यक्ष केसी, प्रहरी प्रभाग बुढानीलकण्ठका इन्स्पेक्टर सुरेश खत्री, पूर्ववडाध्यक्षलगायतको बैठकले पीडितलाई राहत हुने गरी अघि बढ्ने निर्णयसमेत गरेको छ। परिवार नै उठीवास हुने अवस्था आएकाले थापाका दाइ विश्वबहादुरले नजिकै रहेको तीन आना जग्गा दिनेसमेत बचन दिएका छन्। 'सोमबार हामीले एक किसिमको वार्ता गरेका छौं, यसबारेमा मेयरसापले दुवै पक्षलाई मंगलबार थप छलफलमा बोलाउनुभएको छ,' वडाध्यक्ष केसीले भने, 'लिलाममा गएको घरजग्गा कार्यान्वयन गराउन स्थानीय तहहरूले पनि समन्वयको भूमिका निभाउन सक्छन् भनेर सहजीकरण गर्न लागेका हौं। स्थानीयको गाँसवासको अवस्था पनि हामीले ख्याल गर्नुपर्छ।' उनका अनुसार बैंकसँग घर किनेका बस्नेतको कुनै दोष नभए पनि बैठकमा उनलाईसमेत राखेर समन्वय गर्न आग्रह गरिएको छ। 'प्रहरी प्रशासनले पनि स्थानीयसँग सहजीकरण गरेको छ,' वडाध्यक्ष केसीले थपे, 'दुवै पक्षसँग मिलेर अघि बढ्नुपर्छ भन्नेमा छलफल भएको छ।'

बैंकले थापाको घर लिलाम गर्ने वेलामा कैफियत राखेको स्थानीयको भनाइ छ। सो क्षेत्रमा जग्गा हाल आनाको ४०-५० लाख रुपैयाँमा कारोबार भइरहेको छ। तर १२ आनामा फैलिएको घरको आर्थिक मूल्यांकन जम्मा एक करोड ५८ लाख रुपैयाँ गरेको छ। त्यसमध्ये ९० लाख ऋण र अन्य रकम ब्याजका रूपमा बैंकले जोडेर घर लिलामीको प्रक्रिया अघि बढाएको थियो। थापाका छिमेकी बिचौलियाले सोझोपनको फाइदा लिएको बताउँछन्। 'इमानदार र सोझो व्यक्ति भएकाले उहाँको सोझोपनको फाइदा लिए,' स्थानीय गणेश न्यौपानेले भने, 'लिलामै गर्ने भए पनि बैंकले अहिलेको यहाँको जग्गाको दरभाउ र अवस्था बुझेर गर्नुपर्दथ्यो, यो अलि न्यायसंगत भएन।' घरधितो राख्न लगाएर ऋणको पासोमा पार्ने काम स्थानीय कृष्णबहादुर शाहीले गरेको थापा परिवारको आरोप छ।

मंगलबार १२ चैत ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

तालमेल खोइ विद्यालय शिक्षामा ?

कलिला बालबालिकालाई चौघेरामा थुनेर तोकिएको पाठ्यपुस्तक पढाएर मात्र बालबालिकाको प्रतिभा पहिचान र प्रस्फुटन सम्भव छैन



● कुमार बर्तौला

अग्रलेख

विद्यालय शिक्षा औपचारिक शिक्षा प्रणालीको अधारभूत संरचना हो । नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । प्रारम्भिक बालविकास शिक्षा एक वर्ष, कक्षा एकदेखि आठ वर्षको आधारभूत शिक्षा र ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा रहेको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले 'समाजवादउन्मुख सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक विकास'लाई विद्यालय शिक्षाको दृष्टिकोण भनेको छ । विद्यालय शिक्षालाई सीपमूलक, जीवनोपयोगी, रोजगारउन्मुख एवं मूल्यमा आधारित बनाउने उद्देश्य राखिएको छ ।

विश्वव्यापी मान्यतालाई हेर्ने हो भने विद्यालय शिक्षाको उद्देश्य मूलत ः चारवटा रहेका छन् । ती हुन्- १. व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्नु, २. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान् तथा व्यवस्थाप्रति प्रतिबद्ध नागरिक तयार गर्नु, ३. उच्च शिक्षाका लागि आधार निर्माण गर्नु, ४. व्यक्तिलाई श्रम बजारमा जान श्रमप्रति सम्मान, आत्मविश्वास, आत्मज्ञान, सहयोगी तथा समन्वयकारी भावनाको विकास गरी सामाजीकरणमा सहयोग गर्नु । उल्लिखित उद्देश्य प्राप्तिका कोणबाट हेर्दा नेपालको विद्यालय शिक्षा असफलप्रायः छ ।

विद्यालय शिक्षा व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकासमा सहयोगी बन्न सकेको छैन । विद्यालयमा बालबालिकाको आफ्नो पहिचानका लागि आवश्यक पूर्वाधार विकास र उचित परामर्श पाउने उपुयक्त वातावरण छैन । बालबालिकाको प्रतिभा तोकिएको पाठ्यवस्तु पढ्नु-पढाउनुबाहेकका क्षेत्रलाई अनुत्पादक देख्ने शिक्षकको मनोविज्ञानबाट दमित छ । हाम्रो पाठ्यक्रमको ढाँचा पनि यसै मनोविज्ञानबाट निर्देशित छ । एउटा बच्चा फुटबलमा राम्रो छ भने उसको दक्षता मापन गर्ने मूल्यांकन प्रणाली हामीसँग छैन । न त गायनको छ, न त नृत्यको, न त कला साहित्यको नै । हाम्रो मूल्यांकन प्रणालीले यस्ता प्रतिभाको दक्षता मापन गरेर प्रोत्साहित गर्नुको सट्टा उसलाई कमजोर र निकम्मा भनेर निरुत्साहित गर्छ । सीप विकासलाई सिकाइ उपलब्धि नै मान्दैन । सीपमा निपूर्ण बालबालिका परीक्षामा किताबमा भएको उत्तर नलेखेकै कारण असफल बनाइन्छन् । बालबालिकाको क्षमता पहिचान गरी भविष्यको बाटो देखाउन सहयोग गर्नुको साटो असफल करार गरिन्छ । यसरी हेर्दा के देखिन्छ भने हाम्रो पाठ्यक्रमले तय गरेका उद्देश्य मापन गर्ने मूल्यांकन प्रणाली नै छैन । हामीले अभ्यास गरिरहेको मूल्यांकन प्रणालीले पढाइ र सिकाइमा भेद भेट्दैन । निर्धारित सिकाइ उपलब्धि हासिल गर्ने धेरै तरिका छन् । जसलाई शिक्षकले अवलम्बन गर्नुपर्छ । मूल्यांकनको तरिका फेर्नुपर्छ ।

पढाइ ज्ञानका विविध स्रोतमध्ये एक तर कमजोर स्रोत हो । अभ्यास, अवलोकन र अनुभव ज्ञान प्राप्तिका मूल स्रोत हुन् । तर, हाम्रो शिक्षा प्रणालीले यसलाई व्यवहारतः स्वीकार गर्न सकेको छैन । हाम्रा विद्यालयले बालबालिकालाई नाच्न दिँदैन, किन भनेर सोध्यो भने भन्छ- पढाइ बिग्रन्छ । गाउन दिँदैन, किन भनेर सोध्यो भने भन्छ- पढाइ बिग्रन्छ । खेल्न दिँदैन, किन भनेर सोध्यो भने भन्छ- पढाइ बिग्रन्छ । बोल्न दिँदैन, किन भनेर सोध्यो भने भन्छ- पढाइ बिग्रन्छ । फिल्म तथा वृतचित्र हेर्न दिँदैन, किन भनेर सोध्यो भने भन्छ- पढाइ बिग्रन्छ । घुम्न दिँदैन, किन भनेर सोध्यो भने भन्छ- पढाइ बिग्रन्छ । यसरी बालबालिकालाई चौघेरामा थुनेर तोकिएको पाठ्यपुस्तक पढाएर मात्र बालबालिकाको प्रतिभा पहिचान र प्रस्फुटन सम्भव हुँदैन । हामी हाम्रा बालबालिकाको पढाइ राम्रो बनाउने नाममा उनीहरूको प्रतिभालाई निमोठिरहेका छौँ ।

आज ज्ञानको क्षेत्रमा द्रुत गतिमा परिवर्तन आइरहेका छन् । हिजोको जस्तो बालबालिकाले ज्ञानका लागि शिक्षक नै भेट्नुपर्ने, कक्षाकोठामा पुग्नैपर्ने अवस्था अन्त्य भएको छ । हातहातमा सूचनाका अनेक माध्यम छन् । हरेक क्लिकमा पठन सामग्री उपलब्ध छन् । ज्ञानको स्रोतमा सबैको समान पहुँच स्थापित भएको छ । एकै स्थानबाट हजारौँ बालबालिकालाई सिकाइ सहजीकरण गर्न सकिने अवस्था सिर्जना भएको छ । बालबालिकालाई कसरी सिक्ने भन्ने कुरा मात्र सिकाउन सकियो भने अरू कुरा आफैँ सिक्न सक्छन् । यसका लागि उनीहरूले सिकेका कुरालाई मापन गरी प्रमाणीकरण गरिदिए मात्र पुग्छ ।

दोस्रो, हाम्रो विद्यालय शिक्षाले बालबालिकालाई राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान् र व्यवस्थाप्रति प्रतिबद्ध पनि बनाउन सकेको छैन । देशले समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अवलम्बन गरेको बाह्र वर्षभन्दा बढी भइसक्दा पनि नेपालमा लोकतान्त्रिक अभ्यास संस्थागत र सुदृढ हुन सकेको छैन । नागरिक अधिकार र कर्तव्य सिद्धान्तमा मात्र सीमित बन्दै गइरहेका छन् । बालबालिकामा



व्यवस्था र नेतृत्वप्रतिको अविश्वास र निराशा बढ्दो छ । विदेशको सपना झाँगिँदो छ । व्यवस्थालाई सुदृढ गर्न शिक्षालाई सोहीअनुरूप बदल्नुपर्छ । हिजो पञ्चायतले आफ्नो उपस्थितिलाई प्रभावकारी बनाउन पञ्चायत विषय नै बनाएर अध्ययन अध्यापन गराएको थियो । व्यवस्थाअनुकूल सामग्री उत्पादन र वितरणका लागि प्रज्ञा प्रतिष्ठानदेखि साझा प्रकाशनसम्मलाई प्रयोग गरेको थियो । बौद्धिकलाई यसैवरिपरि परिचालन गरिएको थियो । आज व्यवस्था सुदृढीकरणका लागि राज्यले त्यसरी काम गरेको देखिन्न ।

हुनत हाम्रो नेतृत्व व्यवस्थाको संस्थागत विकासमा इमानदार र प्रतिबद्ध नै छैन । प्रतिशोधको राजनीतिले समाज आक्रान्त छ । दलगत स्वार्थका अगाडि राष्ट्रिय हित गौण बनेको छ । यो वा त्यो नाममा राजनीतिक अस्थिरता कायम गर्ने र त्यसको भऱ्याङ चढेर सरकारमा उक्लिने रणनीति बनाएको छ । शिक्षकलाई दलीयकरण गरिएको छ ।

राजनीतिक प्रतिशोधले शिक्षकमार्फत हुने सामुदायिक राजनीतीकरण कमजोर बनेको छ । राजनीतिप्रति जनताको आशा र अपेक्षा निराशामा बदलिन थालेका छ । व्यवस्थामाथि प्रश्न उठ्न थालेका छन् । व्यवस्था परिवर्तनका लागि भएका योगदानलाई अपराधीकरण गर्ने प्रयत्न सुरु भएको छ । यसरी दलगत स्वार्थ विद्यालयमा प्रवेश गरेको छ ।

तेस्रो, विकासको पूर्वाधारको पनि पूर्वाधार शिक्षा हो । शिक्षाले मुलुकको आर्थिक समृद्धि, सामाजिक प्रगति र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणका लागि आधारशिला प्रदान गर्छ । हाम्रो शिक्षा प्रणाली रोजगारी सिर्जनाको कोणबाट आलोचित छ । । शिक्षाले रोजगारी सिर्जना गर्न नसकेको गुनासो बढ्दो छ । हामीले आमनागरिकलाई शिक्षाले रोजगारी सिर्जना गर्ने होइन, श्रम बजारमा जान केही सहजता प्रदान गर्ने हो भन्ने बुझाउन सकेका छैनौँ । व्यक्तिमा श्रमप्रति सम्मान भाव, आत्मविश्वास, पारस्परिक सहयोग तथा समन्वयकारी भावनाको विकासमा पनि विद्यालय शिक्षा कमजोर छ । लगनशीलता, धैर्य र भविष्यप्रतिको उज्यालो नहुँदा नागरिक पलायनको 'ग्राफ' तीव्र रूपमा बढिरहेको छ ।

> हाम्रो विद्यालय शिक्षा व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकासमा सहयोगी बन्न सकेको छैन । विद्यालयमा बालबालिकाको आफ्नो पहिचानका लागि आवश्यक पूर्वाधार विकास र उचित परामर्श पाउने उपुयक्त वातावरण पनि छैन ।

चौथो, शिक्षा राष्ट्रको सामाजिक, आर्थिक र सांस्कृतिक उन्नतिको आधारशिला हो । यसका लागि शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउने अभ्यास विश्वव्यापी रूपमा रहेको छ । हाम्रोमा पनि शिक्षालाई स्थानीयतासँग जोड्न स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गर्ने स्थानीय पाठ्यक्रमको अभ्यास थालिएको छ । स्थानीय विशेषताको एकीकृत स्वरूपले राष्ट्रिय पहिचानको समेत प्रतिनिधित्व गरेको हुन्छ । यसले स्थानीय पेसा, व्यवसाय, मूल्य, मान्यता, भाषा, कला र संस्कृतिको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउने अपेक्षा गरिन्छ । तर, विद्यालय शिक्षामा अभ्यास गरिएको स्थानीय पाठ्यक्रमको यो अभ्यास पनि प्रभावकारी बन्न सकेको छैन ।

यसरी हेर्दा नेपालको विद्यालय शिक्षा नागरिक र राष्ट्र हितका लागि प्रभावहीन बन्दै गइरहेको छ । शिक्षालाई समाजिक गतिशीलतासँग जोड्दै सिकाइलाई नतिजामुखी बनाउन शिक्षा प्रणालीमा आमूल सुधार ल्याउन आवश्यक छ । शिक्षा प्रणालीको चर्चा गर्दा पाठ्यक्रम, सिकाइ सहजीकरण र मूल्यांकन परस्परमा गहिरो गरी अन्तर्सम्बन्धित छन् । पाठ्यक्रमले सिकाइको दिशानिर्देश गर्छ । सिकाइ सहजीकरण पाठ्यक्रमलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने प्रक्रिया हो । मूल्यांकन पाठ्यक्रमको प्रभावकारिता मापन गर्ने र आवश्यक सुधार गर्ने माध्यम हो । यी तीनै तत्त्व मिलेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउँछन् । यसमा शिक्षक जीवन्त साधन हो, जसले सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गरी परिणाम दिन्छ ।

शिक्षा प्रणालीमा आधारभूत सुधारको मेरुदण्ड शिक्षक हो । उनीहरूको समर्पण, नवीन शिक्षण शैलीको अपनत्व, प्रविधिको प्रभावकारी उपयोग, विद्यार्थीलाई उत्प्रेरित गर्ने क्षमता, नैतिक शिक्षा प्रदान गर्ने जिम्मेवारी तथा सामाजिक परिवर्तनको संवाहकका रूपमा देखा पर्ने भूमिकाले शिक्षाको गुणस्तरलाई उल्लेखनीय रूपमा सुधार गर्न सक्छ । शिक्षकले आफ्नो कर्तव्यलाई इमानदारीपूर्वक निर्बाह गरे मात्र शिक्षामा दिगो सुधार सम्भव हुन्छ । यसका लागि शिक्षकको पेसागत दक्षता बढाएर उनीहरूलाई उत्प्रेरित गर्नुपर्छ । शिक्षकलाई उत्प्रेरित गर्न उनीहरूको जीविकोपार्जन, वृत्ति विकास, सम्मान, मर्यादा र स्वायत्तताको सुनिश्चिततालगायत विषयमा ध्यान दिनुपर्छ । जसले उनीहरूलाई समाजको सम्मानित र महत्त्वपूर्ण व्यक्तिका रूपमा पुनर्स्थापित गर्न सकोस् । शिक्षकलाई आफ्नो भूमिका पूरा गर्न उत्प्रेरित र जागृत गर्न सकोस् ।

विद्यालय शिक्षा राष्ट्रको ऐना हो, जसमार्फत राष्ट्रको विकास, नागरिकको नैतिकता, अनुशासन, इमानदारी, श्रमप्रतिको लगाव र सामाजिक उत्तरदायित्वको स्तर चित्रित हुन्छ । विद्यालय शिक्षा आवश्यकताअनुरूप नागरिक प्रशिक्षित गर्ने ठाउँ हो । त्यसैले, यहाँ राष्ट्रिय हितअनुकूल ज्ञान दिनुपर्छ । यही मान्यताअनुरूप विद्यालय शिक्षामा वैदेशिक बोर्डलाई अनुमति दिइँदैन । अन्त्यमा, विद्यालय शिक्षाको सुधार समृद्धि यात्राको प्रस्थान विन्दु हो भन्ने तथ्यलाई आत्मसात् गर्दै विद्यालय शिक्षाको रूपान्तरण र सुदृढीकरण गर्नु आजको आवश्यकता हो ।

(बर्तौला त्रिभुवन विश्वविद्यालयमा समाजजशास्त्र अध्ययनरत छन्)

३ प्रश्न

जनस्वास्थ्य कार्यालय, ललितपुरका प्रमुख **डा. भुवन पौडेललाई**



नेपालमा क्षयरोगको अवस्था कस्तो छ ?

नेपालमा क्षयरोगको अवस्था निकै डरलाग्दो छ । यदि अहिले नै गम्भीर भएर यसतर्फ चासो नदिने हो भने कुनै समय नेपालमा यसले विकराल रूप लिन सक्छ । राज्यका संरचना र आमनागरिक तहदेखि नै यसमा एकजुट भएर लाग्न जरुरी छ । क्षयरोग अहिलेकै अवस्थामा जसरी फैलन नदिन यससँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्छ । त्यस्तै, राजनीतिक दलहरूमा पनि यो रोग कम गर्नका लागि सामूहिक प्रतिबद्धता आवश्यक छ । तीन तहका सरकार मिलेर निदानात्मक कार्यलाई व्यापक बनाउनुपर्छ । यसको उपचार तथा जाँचमा प्रयोग हुने अत्याधुनिक उपकरण पनि प्रयोगमा ल्याउनुपर्छ । सबै मिलेर दुई चार वर्ष मिहिनेत गर्ने हो भने क्षयरोगको 'चेन ब्रेक' गर्न सकिन्छ ।

नेपालमा उपचारको पहुँचबाहिर रहेका क्षयरोगीको संख्या धेरै देखिनुमा कमी कमजोरी कसको हो ?

कमी कमजोरी सेवा प्रदायकको पनि हो । किनभने, हामी सेवा प्रदायक पनि कतिपय ठाउँमा पुग्न सकेका छैनौँ । अर्को कुरा आममानिसमा जनचेतनाको पनि कमी छ । त्योभन्दा ठुलो त उपचारको दायरामा ल्याउन नसक्नु नै हो जस्तो लाग्छ । क्षयरोगका बिरामीको खोजी कार्यमा अझ बढी ध्यान दिनुपर्छ । तर, त्यसका लागि आवश्यक स्रोत साधनको भने उपलब्धता हुनुपर्छ ।

क्षयरोग फैलिन नदिन सरोकारवालाहरूले कस्तो भूमिका निर्वाह गर्नुपर्ला ?

मुख्यतः राज्यका निकायले लुकेर बसेका क्षयरोगीको खोजी गर्नुपर्छ । आमनागरिकले पनि कसैप्रति शंका लागेमा वा आफूमा क्षयरोगका लक्षण देखिएमा स्वास्थ्य परीक्षण गराउने बानी बसाल्नुपर्छ । क्षयरोग लागेमा लुकेर होइन, खुलेर उपचारमा आउन सक्नुपर्छ । स्वास्थ्यप्रति विशेष ध्यान दिनुपर्छ । पोषणयुक्त खानेकुरा खानुपर्छ ।

प्रेरक प्रसंग

मनको शान्ति

एक किसानको एउटा पुरानो घडी हरायो । घडी महँगो नभए पनि पत्नीले जन्मदिनमा उपहार दिएको हुनाले उनका लागि त्यो निकै प्रिय थियो । त्यसैले उनले यताउता गरेर सबैतिर खोजे । चोटाकोठादेखि आफू पुगेको खेतबारीसम्म सबैतिर खोज्दा पनि नभेटिएपछि उनी निराश भए । तैपनि, उनले घडी भेटाउने आशाले टोलभरिका बालबालिकालाई बोलाएर खोज्न लगाए । उनले घडी भेट्टाउनेलाई सय रुपैयाँ इनाम दिने घोषणा पनि गरे ।

किसानको अनुमति पाएपछि बालबालिका हल्लीखल्ली गर्दै सबतिर छरिएर खोज्न थाले । तर, लाख कोसिस गर्दा पनि उनीहरूले घडी भेट्टाउन सकेनन् । घरभित्रदेखि बाहिरसम्म सर्वत्र छापा मारिसक्दा पनि घडी नभेटिएपछि उनीहरूले पनि हार माने । उनीहरूले भने- माफ गर्नुहोला काका, हामीले तपाईंको घडी भेट्न सकेनौँ । सायद अब त्यो कहिल्यै भेटिनेछैन । त्यति नै वेला भिडबाट एक बालकले भने- काका, एकपटक थप मौका दिनुभयो भने म त्यो घडी भेट्टाउन सक्छु कि ? तर, यसपटक मैले एक्लै घडी खोज्नेछु । किसानले ती बालकलाई अनुमति दिए । बालक घरभित्र प्रवेश गरे । उनी एक-एक चोटाकोठा गर्दै खोज्न थाले । उनी कुनै पनि कोठामा पस्थे र चुपचाप शान्त भई एकछिन बस्थे र एकछिनपछि अर्को कोठामा पस्थे ।

अन्तिममा बालक किसान सुत्ने कोठामा पसे । त्यहाँ पसेको केहीबेरमै उनले हातमा किसानको घडी लिएर बाहिर निस्किए । आफ्नो घडी भेटिँदा किसान दंग परे । उनले वाचाअनुसार बालकलाई सय रुपैयाँ इनाम दिए । किसानले बालकलाई उनले घडी कसरी फेला पारे भनेर प्रश्न गरे । बालकले भने- म हरेक कोठामा गएर शान्त भएर बसेँ र घडीको टिकटिक सुन्न थालेँ । सुन्दै जाँदा मैले तपाईं सुत्ने कोठाको दराजपछाडिबाट आवाज आइरहेको पत्ता लगाएँ । र, त्यहाँ खोज्दा घडी भेटियो । आखिर मनको शान्तिबाट हामीले भेट्टाउन नसक्ने के नै छ र, काका ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बालेनले ठिक भने

काठमाडौं महानगरका मेयर बालेन शाहले उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहलाई सम्बोधन गरेर लेखेको स्टाटस निकै मार्मिक छ । यतिखेर ठुला दलका अधिकांश नेता काठमाडौं महानगरका मेयर शाहको विरोधमा देखिन्छन् । बालेनले जे गर्न चाहन्छन्, नेताहरू त्यसको विरोधमा उत्रिहाल्छन् । कुनै राम्रो काम सम्पन्न होला र त्यसको जस मेयर शाहलाई जाला भनेर दल र तिनका नेताहरू त्राहिमाम् छन् । के नेता बालेनसित डराएकै हुन् ?

● **सुभद्रा घले**, पकनाजोल, काठमाडौं

क्षयरोगबारे सचेत बनौँ

नेपालमा हरेक वर्ष क्षयरोगका बिरामी थपिँदै गएको समाचार पढियो । साथै, झन्डै साढे ६८ हजार बिरामीमध्ये ३० हजारजति बिरामीचाहिँ उपचारका लागि स्वास्थ्य संस्थामा नजाने पनि सोही समाचारबाट थाहा भयो । कुनै वेला उपचार नै नहुने रोग मानिने क्षयरोग अहिले नियमित औषधि सेवनबाट सजिलै निको हुन्छ । साथै, चिकित्सकको सल्लाहमा औषधि सेवन गरिएन र रोग लुकाइयो भने त्यसबाट धेरैलाई रोग सर्न सक्छ । त्यसैले, क्षयरोगबारे समयमै सचेत बनौँ ।

● **लुनिभा मुल्मी**
कुपन्डोल, ललितपुर

राजनीतिक रङ नदिइयोस्

सिराहामा महायज्ञका नाममा दलित समुदायका गरिबको घर भत्काउने स्थानीय पालिका प्रमुखमाथि सरकारले कारबाही गर्न खोज्दा पीडितमाथि जाहेरी फिर्ता लिन प्रलोभन र धम्की दिइएको समाचार पढियो । साथै, जसपा नेपालले पीडकलाई छुटाउने राजनीतिक दबाब दिएको पनि सुनियो । दलितमाथि भइरहेको विभेद र अत्याचारविरुद्ध पीडकका पक्षमा यसरी राजनीतिक रङ दिनु कुनै हालतमा जायज छैन । यसमा जसपा नेपालले पनि पक्राउ परेका पीडकमाथि कानुनी कारबाहीका लागि सघाउनुको विकल्प छैन ।

● **भुवेश साह**
सामाखुसी, काठमाडौं

स्ववियु परिणामको सन्देश

धेरै समयपछि सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन परिणाममा यसपालि केही नयाँ र रोचक दृश्य देखिए । दलीय विद्यार्थी संगठनको चर्को प्रभाव रहेको अवस्थामा पनि विद्यार्थीको ठुलो संख्या रहेको पुल्चोक इन्जिनियरिङ क्याम्पसमा स्वतन्त्र उम्मेदवार स्वयं श्रेष्ठले चुनाव जित्नु आठौँ आश्चर्य भएको छ । श्रेष्ठको यो जित दलहरूका लागि ठुलो चुनौती र आत्मसमीक्षाको विषय पनि हो । यसैगरी, यसपालि अनेरास्ववियु क्रान्तिकारीले उल्लेख्य सिट जितेको छ । कांग्रेस र एमालेको सरकार बनेपछि माओवादीको अस्तित्व सकिन्छ, ऊ उठ्न सक्दैन भन्ने विश्लेषण सुनिन्थ्यो । राजधानीका ११ क्याम्पसमध्ये कांग्रेसको भ्रातृ संगठन नेविसंघले पाँचवटा, एमालेको अनेरास्ववियुले तीनवटा, माओवादीनिकट क्रान्तिकारीले दुईवटा र एउटा स्वतन्त्रले जितेको देख्दा एमाले र माओवादी दुवैको शक्ति हाराहारी नै देखियो । यसले दुईवटा सन्देश दिएको छ । सत्तामा गएपछि एमालेको जनमत घट्दै छ भने सत्ताबाहिर रहँदा माओवादीको जनाधार बढ्दै छ । र, अर्को सन्देश हो, वामशक्ति एक नहुने हो भने कांग्रेस र नेविसंघले सहजै बहुमत ल्याउन सक्ने रहेछन् ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं

म 'फरार' छैन

१० चैतको नयाँ पत्रिका दैनिकमा 'हुँदै नभएको शिक्षकलाई खुवाए तलब' शीर्षकको समाचारमा मलाई 'फरार' भनिएकोप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । त्यसको खण्डन गर्छु । घटना सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र जिल्ला प्रशासन कार्यालयले अनुसन्धान गरिरहेको छ । तर, त्यसैलाई आधार मानेर मलाई फरार करार गरिनु मनासिव हुँदैन । म फरार नभई अहिले पनि सरस्वती माध्यमिक विद्यालयमा नै कार्यरत छु । सम्बन्धित निकायले बोलाउँदा छानबिनमा सहयोग गर्न प्रतिबद्ध छु ।

- धीरेन्द्र कुमार, शिक्षक, सरस्वती माध्यमिक विद्यालय, रौतहट

कोलम्बिया विश्वविद्यालयमाथिको हमलाको अर्थ

प्राज्ञिक क्षेत्रमाथिको दमन कति अगाडि बढ्छ भन्ने कुरा अमेरिकीले आफ्नो स्वतन्त्रताको रक्षाका लागि कति लड्छन् भन्नेमा निर्भर छ



देश/विदेश

● फैजल कुटी

ट्रम्प प्रशासनको क्याम्पसमा हुने असहमतिविरुद्धको युद्धले नयाँ र चिन्ताजनक मोड लिएको छ । ८ मार्चमा आप्रवासन तथा भन्सार प्रवर्तन (आइस) अधिकारीले कोलम्बिया विश्वविद्यालयका हालैका स्नातक तथा गाजा ऐक्यबद्धता शिविरका प्रमुख आयोजक महमुद खलिललाई पक्राउ गरेको छ । त्यसको केही दिनपछि होमल्यान्ड सेक्युरिटी विभाग (डिएचएस) ले कोलम्बियाकै स्नातक विद्यार्थी रञ्जनी श्रीनिवासनको भिसा रद्द गरेको घोषणा गऱ्यो र कोलम्बिया विश्वविद्यालयका पूर्वविद्यार्थी लिका कोर्डियालाई गिरफ्तार गऱ्यो । यससँगै राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले विश्वविद्यालयले पाउँदै आएको ४० करोड डलरको संघीय अनुदान तथा सम्झौता रद्द गऱ्यो । त्यसैगरी, प्रशासनको मध्यपूर्वी, दक्षिण एसियाली तथा अफ्रिकी अध्ययन विभागलाई 'कम्तीमा पाँच वर्षका लागि शैक्षिक प्रशासनको नियन्त्रणमा राख्न' आदेश दियो । कोलम्बिया विश्वविद्यालयले आफ्नातर्फबाट अप्रिल २०२४ मा भएको एउटा भवन ह्यामिल्टन हल (जसलाई प्रदर्शनकारीले गाजामा इजरायली सेनाद्वारा मारिएकी ६ वर्षीया प्यालेस्टिनी बालिका हिन्द राजबको नाममा 'हिन्द हल' नाम दिएका थिए) को कब्जामा संलग्न विद्यार्थीलाई निष्कासन गर्ने र उनीहरूको डिग्री खारेज गर्ने घोषणा गरेको छ । अन्ततः विश्वविद्यालय ट्रम्प प्रशासनका कठोर माग पूरा गर्न बाध्य भयो, नतिजा विश्वविद्यालयले कानुनी विशेषज्ञ र प्राज्ञिक समुदायबाट व्यापक आलोचना सामना गऱ्यो । क्याम्पसमा अभिव्यक्ति स्वतन्त्रता र असहमतिविरुद्ध भएको यो अभूतपूर्व हमला यहुदीद्वेषको आरोपलाई हतियारका रूपमा प्रयोग गर्ने नयाँ हत्कण्डाको संकेत हो । प्रारम्भमा भाषणमा प्रतिबन्ध लगाउने र अनुशासनात्मक कारबाहीमार्फत सीमित गरिएको दमन अब गिरफ्तारी, देशनिकाला, निगरानी तथा विश्वविद्यालय प्रशासनमा प्रत्यक्ष हस्तक्षेपसम्म पुगेको छ ।

वास्तवमा अन्तिम लक्ष्य केवल प्यालेस्टिनी समर्थित सक्रियतालाई दबाउनु मात्र नभई अमेरिकी उच्च शिक्षामा विचारधारात्मक नियन्त्रण लाद्नु हो । विश्वविद्यालयमा भएको आक्रमण दक्षिणपन्थी शक्तिको व्यापक प्रयासको हिस्सा हो, जसले प्राज्ञिक संस्थालाई पुरातनपन्थी राष्ट्रवादको गढमा रूपान्तरण गर्न खोज्दै छ । ट्रम्पले आफ्नो अभियानमा यसबारे स्पष्ट गर्दै 'हाम्रो एक समयका महान् प्राज्ञिक संस्थालाई उग्र वामपन्थी र मार्क्सवादी पागलहरूबाट फिर्ता लिनुपर्ने' बताएका छन् । ट्रम्पले अहिले तीव्र बनाएको यो हमला वर्षौंअघि नै अमेरिकी, क्यानडाली र युरोपेली विश्वविद्यालयलाई इन्टरनेसनल हलोकस्ट रेमेम्बेरेन्स एलायन्स (आइएचआरए) को यहुदी विरोधको परिभाषाअनुरूपको संहिता अपनाउन दबाब दिने प्रयासबाट सुरु भएको थियो । सुरुमा यहुदीद्वेषी घटनाबारे नियमन गर्न बनाइएको यो परिभाषा बिस्तारै इजरायलको आलोचनालाई दमन गर्न प्रयोग गर्दै आएको छ ।

विशेषतः जब युवा अमेरिकीबिच इजरायलप्रतिको दृष्टिकोण परिवर्तन हुन थाल्यो, तब विश्वविद्यालयलाई आन्तरिक रूपमा आइएचआरए संहिता लागू गर्न दबाब दिइयो । यसले इजरायलप्रति अमेरिकाको सर्वदलीय (दुवै डेमोक्र्याट र रिपब्लिकन) को समर्थन जोगाउन नयाँ प्रतिरक्षात्मक उपाय स्थापित गर्ने उद्देश्य राख्थ्यो । क्याम्पसमा यो संहिता बदनाम गर्ने, उत्पीडन गर्ने र खारेजीमार्फत इजरायलका आलोचकलाई मौन गराउने हतियार बन्यो । प्राध्यापक, विद्यार्थी र अभियन्तालाई यहुदीद्वेषीको आरोप लगाउँदै डरत्रासको वातावरण सिर्जना गरिन्थ्यो । ७ अक्टोबर २०२३ पछि यो दमन थप तीव्र बन्यो । प्राध्यापक बर्खास्त भए, विद्यार्थी समूह प्रतिबन्धित भए, प्राज्ञिक वक्ताको आमन्त्रण रद्द गरियो र अहिले त गिरफ्तारी तथा देशनिकालासमेत भइरहेको छ । यो अभूतपूर्व दमन अभियानले प्रगतिशील यहुदी समुदायलाई समेत निसाना बनाएको छ, जहाँ विश्वविद्यालयले 'ज्युविस भोइस फर पिस'जस्ता संगठनलाई निलम्बन गर्दै इजरायलका आलोचक यहुदी प्राध्यापकलाई दबाउने प्रयास गरिरहेको छ ।



तस्बिर : डाना एड्वार्ड/रोयटर्स

यहुदी प्राध्यापक मोरा फिन्केलस्टाइनलाई प्यालेस्टिनी मुक्तिको समर्थन गरेबापत मुहलेनबर्ग कलेजबाट बर्खास्त गरियो । उनले चेतावनी दिँदै 'यदि मलाई विदेशी सरकारको आलोचना गरेबापत हटाउन सकिन्छ भने यहाँ कोही पनि सुरक्षित छैन' भनेकी थिइन् । शोधकर्ताद्वय इतामार मान र लिही योना आइएचआरए संहिताजस्ता कानुनी संरचना यहुदी पहिचानलाई 'अनुशासनमा राख्न' र यहुदी सर्वोच्चतावादी राष्ट्रवाद (एन्टी-जायनिस्ट) आवाज दबाउन प्रयोग गर्दै छ भन्ने दाबी गर्छन् ।

यो दमनले यहुदीद्वेषको आरोपलाई प्राज्ञिक संस्थालाई विचारधारात्मक गढमा रुपान्तरण गर्न हतियारका रूपमा प्रयोग गर्दै छ । यो केवल रिपब्लिकनको मात्रै प्रयास होइन, यसमा डेमोक्र्याट पनि संलग्न छन् । डेमोक्र्याट सिनेटर जोन फेटरम्यानले ट्रम्पद्वारा कोलम्बियाको अनुदान कटौतीको खुलेर प्रशंसा गरे । त्यसैगरी जोस गटहाइमर, रिची टोरेसलगायत डेमोक्र्याट सांसदले विद्यार्थी प्रदर्शनकारीविरुद्ध थप कठोर कदम चाल्न माग गरेका छन् । यहाँसम्म कि सिनेट बहुमतका नेता चक सुमरले पनि प्यालेस्टाइन समर्थित प्रदर्शनलाई 'यहुदीद्वेषी' भनेर चित्रण गर्दै यसलाई गलत रूपमा व्याख्या गरेका छन् ।

डेमोक्र्याट क्याम्पसमा असहमति दबाउन केवल दातालाई खुसी पार्न मात्र नभई भविष्यका कार्यकर्ता र बौद्धिकमाथि नियन्त्रण कायम राख्न पनि संलग्न छन् । यो दमन सन् १९५० को दशकको म्याकार्थीवादसँग मिल्दोजुल्दो छ, जब कम्युनिस्ट भएको आरोप लगाउँदै विश्वविद्यालय र सार्वजनिक जीवनबाट वामपन्थी आवाज हटाउन प्रयोग गरियो । त्यतिवेला कालोसूची, बर्खास्ती र कैदजस्ता उपाय अपनाइए पनि म्याकार्थीवाद वामपन्थी विचार मेटाउन असफल रह्यो । त्यसैगरी, आजको प्यालेस्टाइन समर्थित सक्रियता र प्राज्ञिक स्वतन्त्रतामाथिको दमनले छोटो अवधिमा संस्थालाई डरत्रासमा पार्न सक्छ, तर न्याय र मुक्तिका लागि हुने आन्दोलनलाई मेटाउन सक्दैन । यो नयाँ म्याकार्थीवाद कति अगाडि बढ्छ भन्ने कुरा अमेरिकीले आफ्नो स्वतन्त्रता रक्षाका लागि कति लड्छन् भन्नेमा निर्भर हुनेछ ।

(कुटी अधिवक्ता एवं विधिशास्त्री हुन्)
अल जजिराबाट

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९१८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: श्री सम्राट सप्लायर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: अमोद साह दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर, धनुषामा प्रा.फ.र.नं.: १७६००/२३८५/०७७/०७८, दर्ता मिति २०७७/१२/२६, ठेगाना: जिल्ला धनुषा, मिथिला बिहारी न.पा. वडा नं. ७
	धितोको विवरण
	१) राजेश्वर साहको नाती, नथुनी साह तेलीको छोरा, धनुषा जिल्ला, तारापट्टी सिरसिया गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मिथिला बिहारी न.पा. वडा नं. ७ बस्ने अमोद साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, तारापट्टी सिरसिया गा.वि.स. वडा नं. ८ (हाल मिथिला बिहरी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १३५६ को क्षेत्रफल ०-०-१२-८ (विगाहा) को जग्गा, महोत्तरी जिल्ला, तारापट्टी सिरसिया गा.वि.स. वडा नं. ६ (हाल मिथिला बिहरी न.पा. वडा नं ७) स्थित कित्ता नं. १२७९ र १२८० को क्षेत्रफल क्रमश : ०-०-१२-८ र ०-१-७-८ (विगाहा) को जग्गा र महोत्तरी जिल्ला, तारापट्टी सिरसिया गा.वि.स. वडा नं. ७ (हाल मिथिला बिहरी न.पा. वडा न. ७) स्थित कित्ता नं. १०९० र १०८७ को क्षेत्रफल क्रमशः ०-२-३-० र ०-२-१५-८ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) श्री सम्राट सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती ९Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	२) ऋणी: अमोद साह स्थायी ठेगाना: धनुषा जिल्ला, तारापट्टी सिरसिया गा.वि.स. वडा नं. ६, हालको ठेगाना: धनुषा जिल्ला, मिथिला बिहारी न.पा. वडा नं. ७ बाबु: नथुनी साह तेली, बाजे: राजेश्वर साह
	धितोको विवरण
	राजेश्वर साहको नाती, नथुनी साह तेलीको छोरा, धनुषा जिल्ला, तारापट्टी सिरसिया गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, मिथिला बिहारी न.पा. वडा नं. ७ बस्ने अमोद साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, तारापट्टी सिरसिया गा.वि.स. वडा नं. ८ (हाल मिथिला बिहरी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १३५६ को क्षेत्रफल ०-०-१२-८ (विगाहा) को जग्गा, महोत्तरी जिल्ला, तारापट्टी सिरसिया गा.वि.स. वडा नं. ६ (हाल मिथिला बिहरी न.पा. वडा नं ७) स्थित कित्ता नं. १२७९ र १२८० को क्षेत्रफल क्रमश : ०-०-१२-८ र ०-१-७-८ (विगाहा) को जग्गा र महोत्तरी जिल्ला, तारापट्टी सिरसिया गा.वि.स. वडा नं. ७ (हाल मिथिला बिहरी न.पा. वडा न. ७) स्थित कित्ता नं. १०९० र १०८७ को क्षेत्रफल क्रमशः ०-२-३-० र ०-२-१५-८ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
	३) ऋणी कम्पनी: जय अटो इन्टरप्राइजेज प्रा.लि., सञ्चालक तथा जमानीकर्ताहरु: १) राम वाबु साह २) सतिश कुमार साह ३) अमोद साह दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १८३५१५/०७४/०७५, दर्ता मिति २०७४/१०/२५, ठेगाना: जिल्ला धनुषा, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५
	धितोको विवरण
	१) सुजानी साहुको नाती, जिवछ साहुको छोरा, धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने राम वाबु साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरीहरपुर गा.वि.स. वडा नं. १/ग (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५५० को क्षेत्रफल ०-१-१ (विगाहा) को घरजग्गा र धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. ६/ख (हाल बटेश्वर गा.पा. वडा नं. २) स्थित कित्ता नं. ८०, १०४ र १०५ को क्षेत्रफल क्रमशः ०-१०-०-०, ०-१०-०, ०-३-१३-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सोनेलाल साहुकी छोरी, सुजानी साहुकी बुहारी, जिवछ साहुकी पत्नि, धनुषा जिल्ला, सोहनी मुजेलिया गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. २ बस्ने सितीया देवीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुर धाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. १/ख (हाल बटेश्वर गा.पा. वडा नं. २) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-९-१५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) सुजानी साहुको नाती, जिवछ साहुको छोरा, धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने लाल वाबु साहको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, भंगाहा गा.वि.स. वडा नं. ९/घ (हाल भंगाहा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १२४ को क्षेत्रफल ०-१०-१९ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ४) जय अटो इन्टरप्राइजेज प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	४) ऋणी कम्पनी: साह मत्स्य पशु पालन तथा कृषी फार्म प्रा.लि., अध्यक्ष तथा जमानीकर्ता: राम वाबु साह, सञ्चालक तथा जमानीकर्ता: लाल वाबु साह दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५९०४८/०७७/०७८, दर्ता मिति २०७७/१२/०३, ठेगाना: जिल्ला धनुषा, बटेश्वर गा.पा. वडा नं. २
	धितोको विवरण
	१) सुजानी साहुको नाती, जिवछ साहुको छोरा, धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने राम वाबु साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरीहरपुर गा.वि.स. वडा नं. १/ग (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५५० को क्षेत्रफल ०-१-१ (विगाहा) को घरजग्गा र धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. ६/ख (हाल बटेश्वर गा.पा. वडा नं. २) स्थित कित्ता नं. ८०, १०४ र १०५ को क्षेत्रफल क्रमशः ०-१०-०-०, ०-१०-०, ०-३-१३-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सोनेलाल साहुकी छोरी, सुजानी साहुकी बुहारी, जिवछ साहुकी पत्नि, धनुषा जिल्ला, सोहनी मुजेलिया गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. २ बस्ने सितीया देवीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुर धाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. १/ख (हाल बटेश्वर गा.पा. वडा नं. २) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-९-१५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ३) सुजानी साहुको नाती, जिवछ साहुको छोरा, धनुषा जिल्ला, भुचकपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने लाल वाबु साहको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, भंगाहा गा.वि.स. वडा नं. ९/घ (हाल भंगाहा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १२४ को क्षेत्रफल ०-१०-१९ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) साह मत्स्य पशु पालन तथा कृषी फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२)	**१) ऋणी कम्पनी: ग्लोबल बेभरेज प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: ओम प्रकाश सोनार, संचालक तथा जमानीकर्ता: सुनीता कुमारी दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं: २०४४२५/०७५/०७६, दर्ता मिति: २०७५/०८/२७, ठेगाना: जिल्ला बारा, प्रसौनी गा.पा. वडा नं. ३
	धितोको विवरण
	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं: २०४४२५/०७५/०७६ अन्तर्गत मिति २०७५/०८/२७ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको बारा जिल्ला, प्रसौनी, गा.पा वडा नं. ३, स्थित ग्लोबल बेभरेज प्रा.लि.को नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, नौतन गा.वि.स. वडा नं. ३ (हाल प्रसौनी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८६, ५९२ र १९४ को क्षेत्रफल क्रमशः ०-१-१२-०, ०-२-०-० र ०-२-७-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) खेदु साह सोनारको नाती, राजाराम सोनारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बस्ने ओम प्रकाश सोनारको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, नौतन गा.वि.स. वडा नं. ३ (हाल प्रसौनी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. क्रमश : ३६९, ५८८ र ३७० को क्षेत्रफल क्रमशः ०-१-४-४, ०-३-८-० र ०-१-४-४ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। ३) ग्लोबल बेभरेज प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) ऋणी कम्पनी: ग्लोबल पोलिमर्स प्रा.लि., अध्यक्ष तथा जमानीकर्ता: ओम प्रकाश सोनार, संचालक तथा जमानीकर्ता: सुनीता कुमारी दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं: २०४३४०/०७५/०७६, दर्ता मिति: २०७५/०८/२६, ठेगाना: जिल्ला बारा, प्रसौनी गा.पा. वडा नं. ३
	धितोको विवरण
	१) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं: २०४३४०/०७५/०७६ अन्तर्गत मिति २०७५/०८/२६ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको बारा जिल्ला, प्रसौनी, गा.पा. वडा नं. ३, स्थित ग्लोबल पोलिमर्स प्रा.लि.को नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, प्रसौनी गा.वि.स. वडा नं. ९ (हाल प्रसौनी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ४०२ को क्षेत्रफल ०-०-१६-२ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, त्रिपूरेश्वर, काठमाडौंमा दर्ता नं: २०४३४०/०७५/०७६ अन्तर्गत मिति २०७५/०८/२६ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको बारा जिल्ला, प्रसौनी, गा.पा. वडा नं. ३, स्थित ग्लोबल पोलिमर्स प्रा.लि.को नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, नौतन गा.वि.स. वडा नं. ३ (हाल प्रसौनी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. क्रमश : ५८९, ५९१ र ११० को क्षेत्रफल क्रमश : ०-१०-१८-०, ०-१५-१७-० र ०-४-४-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) ग्लोबल पोलिमर्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	३) ऋणी: ओम प्रकाश सोनार स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बाबु : राजाराम सोनार, बाजे : खेदु साह सोनार
	धितोको विवरण
	खेदु साह सोनारको नाती, राजाराम सोनारको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बस्ने ओम प्रकाश सोनारको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, नौतन गा.वि.स. वडा नं. ३ (हाल प्रसौनी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ३६९, ५८८ र ३७० को क्षेत्रफल क्रमशः ०-१-४-४, ०-३-८-० र ०-१-४-४ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
	४) ऋणी: सुनिता कुमारी स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २, हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३ बाबु : भंगी साह सोनार, ससुरा : राजाराम सोनार, पति: ओम प्रकाश सोनार
	जमानीकर्ताहरु: १) ओम प्रकाश सोनार, स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १, हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३, बाबु: राजाराम सोनार, बाजे: खेदु साह सोनार, **२) राजाराम सोनार,** स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १, हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३, बाबु: खेदु साह सोनार, बाजे: अभिलाख साह सोनार
३)	**ऋणी: गंगाचरण साह तेली** स्थायी ठेगाना: सुनसरी जिल्ला, ईटहरी न.पा वडा नं. ८, हालको ठेगाना: सुनसरी जिल्ला, इटहरी उ.म.न.पा वडा नं. ८, बाबु: शिव वचन साह तेली, बाजे: शह देव साह तेली
	धितोको विवरण
	शह देव साहको नाती, शिव वचन साह तेलीको छोरा, सुनसरी जिल्ला, इटहरी उ.म.न.पा वडा नं ८ बस्ने गंगाचरण साह तेलीको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेका सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं ८ ग स्थित कित्ता नं. ८२७, ८२९, र ८३१ को क्षेत्रफल क्रमशः ०-७-१०, ०-०-९-०, र ०-०-५-० (विगाह) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

नोट: ऋणी तथा संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

महाबोधिमा हिन्दु अनुष्ठानले निम्त्याएको विवाद




मोहम्मद सरताज आलम   यशराज शर्मा

आलम र शर्मा विभिन्न अन्तर्राष्ट्रिय मिडियासँग सहकार्य गरेको अनुभव भएका स्वतन्त्र पत्रकार हुन् ।



भारतभरका बौद्ध धर्मावलम्बीले उनीहरूको सबैभन्दा पवित्र तीर्थस्थलमध्ये एक 'महाबोधि टेम्पल'माथि हिन्दु नियन्त्रणको विरोधमा प्रदर्शन गरिरहेका छन् । बोधगयामा रहेको सो स्थलको स्वामित्व वौद्ध समुदायलाई हस्तान्तरण गर्नुपर्ने प्रदर्शनकारीको मुख्य माग छ । प्रदर्शनप्रति उत्तरमा लद्दाखदेखि, पश्चिममा मुम्बई र दक्षिणमा मैसुरु सहरसम्मका बौद्ध संगठनले ऐक्यबद्धता जनाएका छन् । विरोधमा सामेल हुन बोधगयामा आउने बौद्ध धर्मावलम्बीको संख्या बढिरहेको अभियानको नेतृत्व गरिरहेका 'अखिल भारतीय बौद्ध मञ्च (एआइबिएफ)' का महासचिव आकाश लामाले बताए ।

त्यस्तै मागको समर्थनमा ३० हजारभन्दा बढी हस्ताक्षर र विश्वभरका ५०० भन्दा बढी बौद्ध संगठनको ऐक्यबद्धता समेटेर एआइबिएफले विहार सरकारसमक्ष 'बोधगया मन्दिर ऐन १९४९' खारेज गर्न ज्ञापनपत्र बुझाएको छ । तर, मञ्चले राज्यबाट अहिलेसम्म कुनै ठोस जवाफ पाएको छैन । त्यस्तै 'महाबोधि टेम्पलमा बौद्ध नियन्त्रणको मागमा ऐक्यबद्धता' नामक अन्तर्राष्ट्रिय याचिकामा पाँच हजारभन्दा बढी हस्ताक्षर गरिएका छन् । अहिले भारतीय बौद्धहरूको मागले विश्वको ध्यान तानेको छ । तथापि, भारतभित्रैका मिडियाले भने यस विषयलाई खासै महत्व दिएका छैनन् ।

लाउडस्पिकर र ब्यानर बोकेर प्रदर्शनमा उत्रिएका गेरु वस्त्रधारी भिक्षुसहितका प्रदर्शनकारीले ७६ वर्षअघि लागू भएको 'बोधगया मन्दिर ऐन, १९४९' माग चर्काइरहेका छन् । विहार सरकारले बनाएको यो ऐनले दिएको शक्तिलाई प्रयोग गर्दै हिन्दु पुजारीहरूले महाबोधि मन्दरमा बौद्ध धर्मको भावनाविरोधी अनुष्ठान गर्ने गरेको तिनको आरोप छ । मन्दिरपरिसरमा 'बोधगया मठ' नामक हिन्दु मठले पूजा अनुष्ठान गर्दै आएको छ । बोधगया मठले शताब्दीयौँदेखि उक्त पवित्र स्थलको मर्मतसम्भारमा आफूहरूले मुख्य भूमिका निभाएको र कानुनले आफूहरूलाई अनुष्ठान गर्ने अधिकार दिएको भन्दै प्रतिरक्षा गरेको छ । तर, प्रदर्शनकारीले भने मन्दिरमा भइरहेको हिन्दु अनुष्ठान बुद्धले दिएको शिक्षाविपरीत रहेको औँल्याएका छन् ।

पुरानो गुनासो

महाबोधि मन्दरमा टेम्पलमा अनुष्ठान हुने गरेको गुनासो पहिलेदेखि उठ्दै आएको थियो । विभिन्न बौद्ध संघसंस्थाले बौद्ध तीर्थस्थलमा हिन्दु अनुष्ठान रोक्न स्थानीय, राज्य र राष्ट्रिय अधिकारीसमक्ष माग पेस गर्दै आएका छन् । सन् २०१२ मा दुईजना बौद्ध भिक्षुले भारतको सर्वोच्च अदालतमा 'बोधगाय टेम्पल एक्ट, १९४९' खारेज गर्न माग गर्दै निवेदन नै दायर गरेका थिए । तर, १३ वर्षपछि पनि सो मुद्दालाई सुनुवाइको सूचीमा राखिएको छैन । हालैका महिना भिक्षुहरूले पुनः राज्य र केन्द्र सरकारलाई ज्ञापनपत्र बुझाएर यो विषयको विराधमा सडकमा जुलुस निकाल्न थालेका थिए ।

यो मुद्दा फेब्रुअरी २७ देखि चर्कियो, जब मन्दिरपरिसरमा १४ दिनदेखि भोक हडतालमा बसेका दुई दर्जनभन्दा बढी बौद्ध भिक्षुलाई राज्य प्रहरीले मध्यरातमा जबर्जस्ती मन्दिरपरिसरबाट हटायो । 'के हामी आतंकवादी हौँ ? हामीले आफ्नै तीर्थस्थलमा बसेर किन विरोध गर्न नपाउने ?' पश्चिमी राज्य राजस्थानको जयपुरबाट १५ अन्य प्रदर्शनकारीसँग आएकी राष्ट्रिय बौद्ध महासंघकी सचिव प्रज्ञा मित्र बोधले भनिन् । प्रहरीको कारबाहीपछि यो विषयको विरोधले तीव्र रूप लिएको छ ।

स्वामित्व परिवर्तनको इतिहास

युनेस्कोको विश्व सम्पदा सूचीमा रहेको महाबोधि मन्दिर सम्राट् अशोकले निर्माण गरेका थिए । बुद्धले यस स्थानमा ज्ञान प्राप्त गरेको लगभग २०० वर्षपछि ईसापूर्व २६० मा भारतीय सम्राट् अशोक यस ठाउँमा आएका थिए । सम्राट्ले बुद्ध धर्म अँगालेपछि बुद्धसँग जोडिएका महत्त्वपूर्ण स्थानको भ्रमण गर्दै त्यहाँ स्मारक बनाउँदै हिँडिरहेका थिए । १३औँ शताब्दीसम्म यो मन्दिर बौद्ध व्यवस्थापनमा रहेको पटना विश्वविद्यालयका मध्ययुगीन इतिहासका प्राध्यापक इम्तियाज अहमद बताउँछन् । तुर्की-अफगान सेनापति बख्तियार खिलजीको भारतमाथिको आक्रमणपछि यस भेगमा बौद्ध धर्मको पतन सुरु भएको अहमद बताउँछन् ।

युनेस्कोका अनुसार ब्रिटिस शासकले पुनर्निर्माण सुरु गर्नुअघि १३औँ र १८औँ शताब्दीको बिचको समयमा यो मन्दिर धेरै हदसम्म परित्यक्त रह्यो । तथापि, मन्दिरको वेबसाइटले भने फरक दाबी गर्छ । हिन्दु मठले चलाउने सो वेबसाइटमा लेखिएअनुसार सन् १५९० मा एकजना हिन्दु पुजारी घमन्डी गिरी मन्दिरमा आएर बस्न थाले । पछि गिरीले पूजा अनुष्ठान गर्न थाले । उनै गिरीले बोधगया मठ नामक हिन्दु मठ स्थापना गरेको पनि बेवसाइटमा उल्लेख छ । त्यसवेलादेखि सो मन्दिर उनै गिरीका वंशजले नियन्त्रण गर्दै आएका छन् ।

१९औँ शताब्दीको अन्त्यमा श्रीलंका र जापानबाट आएका बौद्ध भिक्षुले त्यस बौद्ध तीर्थस्थलको स्वामित्व बौद्धहरूको हुनुपर्ने माग राख्न थाले । यस मागलाई तीव्र बनाउन तिनले 'महाबोधि समाज' नै गठन गरे । विवाद बढ्दै गएपछि सन् १९०३ मा भारतका तत्कालीन ब्रिटिस नागरिक भायसराय लर्ड कर्जनले हिन्दु र बौद्ध पक्षबिच वार्ता गराएका थिए । तथापि, दुई समूहबिच कुनै सहमति भएन । पछि दुवै पक्षले आफ्नो माग पूरा गर्न राजनीतिक समर्थन जुटाउने प्रयासलाई तीव्रता दिए । सन् १९४७ मा भारतले ब्रिटिस शासनबाट स्वतन्त्रता प्राप्त गरेको दुई वर्षपछि विहार सरकारले 'बोधगया मन्दिर ऐन, १९४९' पारित गर्‍यो ।

> महाबोधिमा 'बोधगया मठ' नामक हिन्दु मठले पूजा अनुष्ठान गर्दै आएको छ । मठले शताब्दीयौँदेखि यो पवित्र स्थलको मर्मतसम्भारमा आफूहरूले मुख्य भूमिका निभाएको र कानुनले आफूहरूलाई नै अनुष्ठान गर्ने अधिकार दिएको भन्दै प्रतिरक्षा गरेको छ ।

'बोधगया मन्दिर ऐन, १९४९'ले महाबोधि मन्दिरको व्यवस्थापनको जिम्मेवारी 'बोधगया मठ'बाट आठ सदस्यीय समितिमा हस्तान्तरण गर्‍यो । ऐनअनुरूप गठन भएको 'बोधगया मन्दिर व्यवस्थापन समिति(बिटिएमसी)'मा चार बौद्ध र चार हिन्दु हुने व्यवस्था छ । यसको नेतृत्व समितिका नवौँ सदस्य जिल्ला मजिस्ट्रेट अर्थात् भारतमा जिल्लाका शीर्ष निजामती कर्मचारीले गर्छन् । जिल्ला मजिस्ट्रेट सधैँजसो हिन्दु समुदायकै हुने गरेका छन् । यसले गर्दा समितिमा हिन्दु भावना हाबी हुने बौद्धहरूको आरोप छ । त्यसबाहेक मन्दिरको व्यवस्थापनको जिम्मेवारी समितिको भए पनि मन्दिर रहेको जमिन 'बोधगया मठ'को नाममा छ । मठले त्यहाँको दैनिक गतिविधिको नियन्त्रण गर्दै आएको बौद्धमार्गी बताउँछन् ।

बोधगया मठले गर्ने हिन्दु अनुष्ठान बुद्धले दिएका शिक्षाको विपरीत भएको बौद्ध भिक्षुको आरोप छ । मन्दिरपरिसरमा विवादास्पद शिवलिंग राखिएको, हिन्दु मन्त्रसहितको संस्कार गरिएको, बुद्धलाई हिन्दु देवताका रूपमा पूजा गरिएको, बुद्धलाई शिक्षकभन्दा पनि हिन्दु अवतारको रूपमा प्रस्तुत गरिने कार्यबाट उनीहरू रुष्ट छन् । 'समिति सदस्यहरूले महाबोधि महाविहारपरिसरभित्रको सधैँ नै शिवलिंग रहेको जोड दिँदै आएका छन् । तर, सत्य त्यो होइन । ३० वर्षअगाडिसमेत त्यहाँ शिवलिंग रहेको कुनै तथ्यांक भेटिँदैन । महाबोधि महाविहारको क्रमिक ब्राह्मणीकरण औँल्याउने जापानका बौद्ध भिक्षु सुरै ससाईले सन् १९९६ त्यहाँ भ्रमण गरेका थिए,' 'अखिल भारतीय बौद्ध मञ्च (एआइबिएफ)'का अध्यक्ष अजम्बु लामा भन्छन् ।

'पहिलेदेखि हिन्दुहरूको स्वामित्वमा थियो महाबोधि'

'ऐतिहासिक सत्यताका लागि हामी चिनियाँयात्री तथा विद्वान् ह्युयन साङले सन् ६२९ मा भारतको भ्रमण गर्दा लेखेका टिपोट पनि हेर्न सक्छौँ । उनले महाबोधिपरिसरभित्र अवलोकितेश्वरको मूर्तिबाहेक अन्य धर्मको कुनै निसाना नभएको लेखेका छन्,' अजम्बु लामाले भने । उसो त बुद्धलाई लिएर धेरै मिथक छन्, जसमध्ये सबैभन्दा चर्चित उनी विष्णुको अवतार हुन् भन्ने छ । यसले बौद्ध धर्मको मौलिक पहिचानमाथि आक्रमण गर्ने बौद्ध भिक्षु बताउँछन् ।

उता हाल बोधगया मठको संरक्षक रहेका हिन्दु पुजारी स्वामी विवेकानन्द गिरी विरोध प्रदर्शनबाट विचलित छैनन् । उनले आन्दोलन 'राजनीतिक रूपमा प्रेरित' भएको आरोप लगाए । गिरीका अनुसार यो वर्षको अन्त्यमा विहारमा राज्यसभा चुनाव हुन लागेका सन्दर्भमा यो मुद्दा उचालिएका हो । 'हाम्रो मठको शिक्षाले भगवान् बुद्धलाई 'भगवान् विष्णुको नवौँ अवतार' मान्दछ । हामी बौद्धहरूलाई हाम्रा भाइ सहर मान्छौँ,' गिरीले भने ।

गिरीका अनुसार खासमा व्यवस्थापन समितिमा बौद्धलाई चार सिट दिनु हिन्दु पक्षको उदारता हो । 'यदि बोधगया टेम्पल एक्ट, १९४९' ऐन खारेज गरियो भने मन्दिर पूर्णतः हिन्दु स्वामित्वमा आउँछ । किनभने, ऐन आउनुअघि यसको स्वामित्व हामीसँग नै थियो,' गिरीले प्रदर्शनकारीको आलोचना गर्दै भने, 'मुस्लिम शासकको आक्रमणपछि बौद्धहरूले यो स्थान त्यसै छाडेका थिए । हामीले मन्दिरको संरक्षण र हेरचाह गर्‍यौँ । त्यसमाथि हामीले बौद्ध आगन्तुकलाई कहिल्यै 'बाहिरिया'जस्तो व्यवहार गरेका छैनौँ ।'

उता विरोध प्रदर्शनको नेतृत्व गरिरहेका आकाश लामा बौद्ध प्रदर्शनलाई मूलधारका भारतीय मिडियाले बेवास्ता गरेको बताउँछन् । 'केही मानिस आउँछन् र हाम्रो तस्बिर र अन्तर्वार्ता लिन्छन् । तर, मुख्य धाराका मिडिया आएका छैनन् । सायद ती मिडियामा प्रायः ब्राह्मण वा उच्च जातका हिन्दुहरू रहेकाले यस्तो भएको हो कि ? हामी धेरै मानिसमाझ पुगेर बोधगयामा के भइरहेको छ भन्नेबारे थप जागरुकता फैलाउन चाहन्छौँ,' आकाश लामाले भने ।

(अल जजिराबाट)

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १२ चैत ०८१

मध्यमवर्गलाई करको बोझ थोपर्ने गरी राजस्व नीति बनाइँदै

धनाढ्यहरूको आम्दानीमा ३९ प्रतिशतको कर हटाएर ४० लाखमाथिको आम्दानीमा २० प्रतिशत सरचार्ज लगाउने तयारी

■ **स्वास्थ्य बिमाको बोझ मध्यमवर्गलाई बोकाउने गरी पारिश्रमिकमा २% कर लगाउन स्वास्थ्यमन्त्रीको प्रस्ताव**

■ **वर्षको ५-६ लाखसम्म आम्दानी गर्ने न्यून आयस्तरका व्यक्तिलाई लिँदै आइरहेको १% सामाजिक सुरक्षा कर १% बाट ३% पुऱ्याउने तयारी**

■ **धनाढ्यहरूले तिर्दै आएको ३०, ३६ र ३९% करको दर खारेज गरेर २५%को आधार दरमा २०% सरचार्ज प्रस्ताव**

पवन तिमिल्सिना/नयाँ पत्रिका

अर्थ मन्त्रालयले धनाढ्य व्यक्तिहरूको आम्दानीमा लाग्ने करको आधार दरमा २० प्रतिशत सरचार्ज (करमाथि थप कर) लगाउनेबारे छलफल अगाडि बढाएको छ। हाल धनाढ्य व्यक्तिहरूले तिर्ने करको अधिकतम आधार दर ३९ प्रतिशत छ। अर्थ मन्त्रालयले यो आधार दरलाई २५ प्रतिशतमा सीमित राख्दै वार्षिक ४० लाख रुपैयाँमाथिको आम्दानीमा लाग्ने आधार दरमा २० प्रतिशत सरचार्ज लगाउनुपर्ने प्रस्ताव अघि सारेका छन्।

गत वर्ष २० फागुनमा विद्याधर मल्लिक संयोजकत्वको कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिले डेढ वर्षभित्र कार्यान्वयनमा गइसक्नुपर्ने गरी कार्यतालिकासहित दिएको सुझावमा ४० लाखभन्दा बढीको आम्दानीमा सरचार्ज लगाउने थियो। सोही कार्ययोजनाअनुसार आगामी आर्थिक वर्षदेखि सरचार्जलाई कार्यान्वयनमा लैजाने गरी अर्थले छलफल चलाएको हो। भारत, जर्मनी, जापान, दक्षिण कोरिया, लक्जमबर्ग, फ्रान्सजस्ता प्रगतिशील कर प्रणाली भएका मुलुकहरूमा सरचार्जको व्यवस्था छ।

मल्लिकको अध्यक्षताको उच्चस्तरीय समितिले १ प्रतिशतको सामाजिक सुरक्षा करलाई ३ प्रतिशत पुऱ्याउन सुझाव दिएको थियो। हाल पाँचदेखि ६ लाख रुपैयाँसम्मको आम्दानीमा लाग्ने यो करलाई सबैखाले आम्दानीमा लगाउने गरी ३ प्रतिशत पुऱ्याउन समितिले सुझाव दिएको थियो।

नेपालमा हाल वार्षिक १० लाखदेखि २० लाखसम्मको आम्दानीमा ३० प्रतिशत, २० लाखदेखि ५० लाख रुपैयाँसम्म आम्दानी हुनेलाई ३६ प्रतिशत र ५० लाखभन्दा बढी कमाउनेलाई ३९ प्रतिशत आयकर उठाउने व्यवस्था छ। प्रस्तावित कर संरचनाअनुसार यी उच्च करका दरलाई खारेज गर्दै अधिकतम करको सीमा २५ प्रतिशतमा सीमित राख्नुपर्नेछ। निजी क्षेत्रका संघ-संगठनले पनि ३९ प्रतिशत आयकरलाई पुनर्विचार गर्न सुझाव दिँदै आइरहेका छन्।



वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट दुर्गा ज्ञवाली भन्छन्-



व्यक्तिगत आयकरको अधिकतम दर मदिरा, चुरोटजस्ता नेगेटिभ सूचीका उद्योगलाई लाग्ने अधिकतम करभन्दा बढी रहेकाले पुनर्विचार गर्नुपर्छ। नेगेटिभ लिस्टका उद्योगलाई ३० प्रतिशत कर लगाइएको छ। तर, व्यक्तिगत करको दर ३९ प्रतिशतसम्म छ। व्यक्तिगत आयकरलाई २५ प्रतिशतभन्दा बढी राख्नुहुँदैन भन्ने मेरो बुझाइ छ।

कुनै विशेष कार्यक्रम वा योजना कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न सरचार्ज लगाउने अन्तर्राष्ट्रिय अभ्यास छ। वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट दुर्गा ज्ञवालीका अनुसार सामाजिक सुरक्षा, शिक्षा तथा स्वास्थ्यका कार्यक्रममा बजेट छुट्याएर त्यसका लागि आयकरमा सरचार्ज लगाउने अन्तर्राष्ट्रिय अभ्यास छ। तर, नेपालमा विशेष प्रयोजनका लागि उठाइने यस्ता कर तथा शुल्कको प्रभावकारी उपयोगिता संशयको विषय रहेको उनको भनाइ छ। यसको पछिल्लो उदाहरण हो पूर्वाधार विकास कर। बुढीगण्डकी जलविद्युत् आयोजनाजस्ता पूर्वाधार निर्माणका लागि पेट्रोलियम पदार्थको आयातमा उठाउँदै आइरहेको पूर्वाधार विकास करको रकम सोझै सञ्चित कोषमा जम्मा हुन्छ।

तर, बुढीगण्डकी आयोजना कम्पनीलाई उपलब्ध गराउनुपर्ने प्रशासनिक खर्चको रकम पनि जोहो गर्न नसक्दा आयोजना कार्यान्वयन अघि बढ्न सकेको छैन।

धनाढ्यलाई लाभ, सरकारलाई राजस्व घट्ने जोखिम

अर्थको यो प्रस्तावित कर संरचनाअनुसार ४० लाखभन्दा बढी आम्दानीमा लाग्ने कर रकममाथि सरचार्ज लगाउँदा धनाढ्यलाई करको बोझ कम पर्ने र सरकारको राजस्व पनि घट्ने जोखिम देखिएको छ। हाल कायम करको उच्च दरलाई यथावत् राखेमा मात्रै त्यसको अतिरिक्त लाभ सरकारी ढुकुटीमा पर्ने देखिन्छ। वर्तमान कर संरचनाअनुसार वर्षको ६० लाख रुपैयाँ आम्दानी हुने एकल धनाढ्य व्यक्तिले १८ लाख ४५ हजार रुपैयाँ आयकर तिर्नुपर्छ भने दम्पतीको हकमा १८ लाख २६ हजार तिरे पुग्छ।

१० लाख रुपैयाँभन्दा बढीको आम्दानीमा क्रमशः लाग्ने ३०, ३६ र ३९ प्रतिशतको दरलाई यथावत् राख्दै २० प्रतिशत सरचार्ज लगाउने हो भने एकल व्यक्तिले थप एक लाख ५० हजार रुपैयाँ तिर्नुपर्ने हुन्छ। अर्थात्, एकल व्यक्तिले कुल कर १८ लाख ४५ हजारबाट १९ लाख ९५ हजार तिर्नुपर्ने हुन्छ। सरचार्जविना हाल वार्षिक कमाइ ६० लाख हुने व्यक्तिलाई करको बोझ कुल ३०.७५ प्रतिशत छ। यदि प्रस्तावित संरचनाअनुसार ३० प्रतिशत, ३६ प्रतिशत र ३९ प्रतिशतलाई खारेज गर्ने र १० लाखमाथिको आम्दानीमा सपाट दर २५ प्रतिशत कायम गर्ने हो भने सरचार्जविना ६० लाख वार्षिक आम्दानी हुने एकल व्यक्तिले वार्षिक १३ लाख ३५ हजार रुपैयाँ आयकर तिर्नुपर्ने हुन्छ। सरचार्जबापत ती व्यक्तिलाई एक लाख रुपैयाँ तिर्नुपर्ने हुँदा उसले कुल १४ लाख ३५ हजार रुपैयाँ तिर्नुपर्ने हुन्छ। यी व्यक्तिलाई करको बोझ २३.९२ प्रतिशत हुन्छ। यसले धनाढ्य व्यक्तिहरूलाई करको बोझ कम हुने र सरकारको राजस्व संकलनमा गिरावट आउने देखिन्छ।

यस्तो छ अन्तर्राष्ट्रिय अभ्यास

सन् १९०९ को आर्थिक ऐनमार्फत बेलायतको लिबरल सरकारले सुपरट्याक्सको सुरुवात गऱ्यो। सामाजिक कल्याण र नौसेना विस्तार गर्न खर्च जुटाउने उद्देश्यले ल्याइएको यो करलाई सन् १९२९ मा सरट्याक्सको नाम दिइयो। विश्व आर्थिक मन्दीसँग जुझ्न तत्कालीन बेलायती सरकारले धनाढ्यमाथि लाग्ने करमाथि अतिरिक्त कर लगाउन यो व्यवस्था ल्याएको थियो। सन् १९७३ मा लेबर सरकारले सरट्याक्सलाई बोझिलो र जटिल भएको निष्कर्ष निकाल्दै हटायो।

धेरै मुलुकहरूले विकास निर्माणमा आवश्यक स्रोत व्यवस्थापन गर्न आयकरमा सरचार्ज लगाउँदै आइरहेका छन्। भारतमा ५० लाख भारतीय रुपैयाँभन्दा माथिको कमाइमा १० देखि २५ प्रतिशतसम्म सरचार्ज लिइरहेको छ। जर्मनीले सोलिड्यारिटी सरचार्जका रूपमा ९६ हजार चार सय ९ युरोभन्दा बढी आम्दानीमा लगाउँदै आएको छ। यो कर जर्मन सरकारले सन् १९९१ मा सुरु गरेको थियो। पूर्वी र पश्चिमी जर्मनीको पुनः एकीकरणमा जर्मनीको आर्थिक विकासका लागि आवश्यक रकम जुटाउन उच्च आय भएका व्यक्तिहरूसँग कर उठाउन यो व्यवस्था ल्याइएको थियो। जापानले सबै किसिमका आयकरमा २.१ प्रतिशत सरचार्ज लगाउँदै आएको छ। अमेरिकाले भियतनाम युद्धको समयमा १० प्रतिशत सरचार्ज लगाएको थियो। हाल अमेरिकाले सामाजिक सुरक्षा र स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न दुई लाख अमेरिकी डलरभन्दा बढी आम्दानी हुने व्यक्तिबाट ०.९ प्रतिशत अतिरिक्त कर उठाउँदै आइरहेको छ।

मध्यमवर्गमाथि करको भारी थोपर्न जोडबल

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले गत साताको बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै पारिश्रमिकमा २ प्रतिशत कर कट्टा गरेर स्वास्थ्य बिमा कोषमा जम्मा गर्न प्रस्ताव राखे। उनले भने, 'हामीले बिमा क्षेत्रमा एउटा नीति बनाएका छौं। यदि म बिमामा जोडिएँ भने मैले ३५ सय रुपैयाँ तिरे हुन्छ। मैले खाने तलबबाट २ प्रतिशत बिमामा योगदान गर्ने व्यवस्था भयो भने मैले १७ हजार तिर्नुपर्छ। तलब खानेहरूले बिमा कोषमा योगदान गर्ने स्थिति विकास गरौं।' असारयता स्वास्थ्य बिमाको दाबी भुक्तानी गर्न साढे १६ अर्ब सरकारको बक्यौता छ।

अर्थ संक्षेप

विदेशी पुनर्बिमा दलाललाई कार्यालय स्थापना गर्न निर्देशन

काठमाडौं/ नेपाल बिमा प्राधिकरणले विदेशी पुनर्बिमा दलाललाई नेपालमा कार्यालय स्थापना गर्न निर्देशन दिएको छ। बिमकको पुनर्बिमा निर्देशिका, २०८० बमोजिम हालसम्म कार्यालय स्थापना नगरेका विदेशी पुनर्बिमा दलाललाई तीन महिनाभित्र कार्यालय स्थापना गर्न आइतबार निर्देशन दिएको हो। बिमकको पुनर्बिमा निर्देशिका, २०८० मा प्राधिकरणमा सूचीकरण भएका र सूचीकरण नम्बर प्राप्त गरेका पुनर्बिमा दलालले ६ महिनाभित्र नेपालमा संयुक्त लगानीमा कम्पनी, शाखा वा सम्पर्क कार्यालय स्थापना गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ।

नेप्सेमा सुधार

काठमाडौं/ लगातार ओरालो लागेको सेयर बजारमा सोमबार सुधार देखिएको छ। नेप्से परिसूचक २६.१० अंकले बढेर दुई हजार ६४०.१० विन्दुमा पुगेको छ। 'क' वर्गका कम्पनीको कारोबारमापक सेन्सेटिभ इन्डेक्स पनि आज ०.९३ प्रतिशतले उकालो लागेको छ। सोमबार तीन सय २६ कम्पनीको ९७ लाख ३९ हजार कित्ता सेयर खरिद-बिक्री हुँदा चार अर्ब ४८ करोड ३५ लाख ९९ हजार रुपैयाँबराबरको कारोबार भएको छ। नेप्से बढे पनि कारोबार रकममा भने ह्रास आएको छ।

उद्योग-व्यवसायी महासंघमा नयाँ कार्यसमिति

काठमाडौं/ नेपाल उद्योग तथा व्यवसायी महासंघको अध्यक्षमा भागीरथ सापकोटा निर्वाचित भएका छन्। महासंघको तेस्रो महाधिवेशनले उपाध्यक्षमा खुलातर्फ सुवर्ण श्रेष्ठ र महिलातर्फ शोभा गुरुङलाई सर्वसम्मत चयन गरेको छ। महासंघको महासचिवमा बालकृष्ण शिवाकोटी र उपमहासचिवमा डिमप्रसाद पौडेल चुनिएका छन्। यस्तै, सचिवहरूमा गोपाल खनाल, रामराजा श्रेष्ठ, डोलनाथ खनाल र सरोज यादव चयन भएका छन्। महासंघका तीन आयोगहरूमा लेखातर्फ राजकुमार तिमिल्सिना, निर्वाचनतर्फ टंक राउत र अनुशासनतर्फ बालाराम भट्टराई चयन भएका छन्।

■ लुम्बिनीमा सन्तोषजनक छैन बजेट कार्यान्वयन

आयोजनाको चाङ, अनुगमन फितलो

नयाँ पत्रिका

न्यून बजेट खर्च भएको लुम्बिनी प्रदेशमा विकासका योजनाहरूको भने चाङ नै थुप्रिएको छ। चालू आवमा गर्नुपर्ने १० लाखभन्दा कम बजेटका आयोजना मात्रै लुम्बिनीमा आठ हजार दुई सय ६ वटा रहेका छन्। त्यस्तै, पाँच लाखभन्दा कम बजेटका आयोजनाको संख्या चार हजार तीन सय ९२ रहेका छन्। प्रदेश सरकारले चालू आवको आठ महिनामा बजेट खर्च भने जम्मा ३१ दशमलव ५७ प्रतिशत मात्रै गरको छ। जसमा पुँजीगततर्फ २९ दशमलव ८२ प्रतिशत रहेको प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीले जनाएको छ। समीक्षा अवधिमा चालूतर्फ ३४ दशमलव ५७ प्रतिशत बजेट खर्च भएको छ। बजेट कार्यान्वयन फितलो रहेको लुम्बिनीमा पुँजीगत र चालू गरी फागुन मसान्तसम्म ३१ दशमलव ५७ प्रतिशत बजेट खर्च भएको छ।

प्रदेश सरकारको चालू आवका लागि ३८ अर्ब ९७ करोडको बजेट रहेको छ। त्यसमा पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख छुट्याइएको छ। तर, आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार ३२ अर्बभन्दा बढी रकमको ठेक्का पुस मसान्तसम्ममा लागिसकेको छ। अधुरा आयोजना धेरै हुँदा र आयोजना प्राथमिकीकरण कमजोर रहेका कारण यस्तो समस्या देखिएको मन्त्रालयका अधिकारीहरू बताउँछन्।



लुम्बिनी प्रदेश सभाका भौतिक पूर्वाधार तथा विकास समितिका सभापति रामजीप्रसाद घिमिरेले प्रदेशमा योजनाको चाङ हुँदा अनुगमन पनि प्रभावकारी हुन नसकेको बताए। १० जिल्लाका विकास आयोजनाहरूको समितिले अनुगमन गरेको, तर टुक्रे योजना धेरै भएका कारण सबै योजना अनुगमन गर्न कठिन भएको बताए। '१३ हजार योजना छन्, छनोट नहुँदा योजनाको चाङ छ, ठुला योजनाको बजेट कम छ, साना टुक्रे योजना धेरै छन्, सबैको अनुगमन गर्न समस्या छ,' उनले भने। सरकारका समयमा धेरै योजना अगाडि बढेको र ठुला योजनामा बजेट कम विनियोजन भएको पाइएको उनले बताए। आवश्यकताका आधारमा नभई मागका आधारमा कति-कति योजना अगाडि बढेको पनि पाइएको उनले बताए।

■ सुरु भएन बजेटमाथि छलफल

लुम्बिनी प्रदेशमा आगामी आर्थिक वर्षका लागि बजेटको तयारी अझै सुरु भएको छैन। बजेट तयारीका लागि औपचारिक छलफलमा जुट्न नसकेको प्रदेश सरकारले यही चैत १५ गतेबाट बजेटको छलफल गर्ने तयारी गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव डिलाराम पन्थीले चैत महिनाभित्र सिलिङ दिएर मन्त्रालयगत छलफल गर्ने गरी तयारी भएको बताए। औपचारिक रूपमा काम अगाडि नबढे पनि आन्तरिक रूपमा तयारीका काम भने भइरहेको पन्थीले बताए। प्रदेशको तालिकाअनुसार नै तयारीका काम भइरहेको उनले बताए।

काठमाडौंमै निर्माणाधीन परियोजनामा पटक-पटक अवरोध

निर्माणको अन्तिम चरणमा रहेको नागढुंगा सुरुङमार्गको काम १० दिनदेखि ठप्प



फाइल तस्बिर

मिलन विश्वकर्मा/नयाँ पत्रिका

संघीय राजधानी काठमाडौंमै निर्माणाधीन 'सिस्नेखोला-नागढुंगा' सुरुङमार्ग परियोजनाको निर्माण कार्य पुनः रोकिएको छ। सुरुङ परियोजनाका पूर्वी क्षेत्रका स्थानीय काठमाडौंको चन्द्रागिरि नगरपालिकाका स्थानीयले थप विभिन्न माग राख्दै ३ चैतदेखि निर्माण कार्य अवरोध गरेका हुन्।

अहिले परियोजनास्थलमा कुनै पनि काम नभएको परियोजनाका इन्जिनियर रमेशकुमार कोइरालाले बताए। पूर्ण रूपमा काम रोकिएको मंगलबार १० दिन पुग्दै छ। 'स्थानीयले १ चैतमा काममा अवरोध गर्ने सूचना दिएका थिए। ३ चैतदेखि काम ठप्पै भएको छ,' उनले भने, 'हामी परियोजनास्थलमा कार्यरत कर्मचारीलाई पनि स्थानीयले मुर्दावाद भन्दै हिँडेको अवस्था छ।'

विभिन्न माग राख्दै स्थानीयले यसअघि पनि पटक-पटक निर्माण कार्य अवरोध गर्दै आएका छन्। त्यसमा अधिकांश माग सरकारले पूरा पनि गरेको छ। अहिले निर्माणको अन्तिम चरणमा आएर नयाँ मागका साथ स्थानीयले पुनः काम अवरोध गरेका हुन्। स्थानीयले सधैंभरि निःशुल्क खानेपानी दिनुपर्ने, स्थानीयलाई रोजगारी दिनुपर्नेलगायतका सातवटा माग राखेका छन्।

पछिल्लोपटक गत फागुन महिनामा पनि स्थानीयले काम रोकेका थिए। अहिले फेरि चैतको पहिलो सातादेखि उनीहरू काम रोकेका हुन्। काठमाडौंमा निर्माणाधीन परियोजाले धादिङलाई पनि छोएको छ। धादिङपट्टिका स्थानीयले यसमा त्यति अवरोध गरेका छैनन्। तर, काठमाडौंतर्फका स्थानीयले भने पटक-पटक अवरोध गर्दै आएका छन्। अहिले पनि काठमाडौंतर्फकै स्थानीयले काम गर्न नदिएका हुन्। काठमाडौंमै बनिरहेको परियोजनामा पटक-पटक यस्ता समस्या आउँदा सरकार र स्थानीयलाई पनि ठुलो प्रश्न खडा भएको विज्ञहरू बताउँछन्।

सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले नागढुंगा सुरुङ परियोजनाको काम रोकिएको बताए। 'नागढुंगा परियोजनाको काम रोकिएको भन्ने खबर आएको छ। स्थानीयसँग वार्ता गरेर समाधान गर्ने प्रयास गरिरहेका छौं,' उनले भने, 'यसबारे छलफल भइरहेको छ।'

यद्यपि, स्थानीयले पटक-पटक अनावश्यक रूपमा माग राख्दै काम अवरोध गर्दा सडक विभागका कर्मचारी पनि रुष्ट बनेका छन्। 'हामीले यसअघिका अधिकांश माग पूरा गरेका छौं। अहिले फेरि थप माग लिएर काम अवरोध गरेका छन्। हामी खानेपानी मन्त्रालय वा त्यसअन्तर्गतको निकाय पनि होइन। हामीले खानेपानीको विषयमा निर्णय नै गर्न मिल्दैन। हामीले सरकारसँग प्रस्ताव गर्न सकिएला। तर, सधैंभरि निःशुल्क पानी दिन सरकारले पनि सक्दैन,' एक अधिकारीले भने, 'रोजगारीलगायतका विषयमा पुनः विचार गर्न सक्दैन। यो कुरा स्थानीयले बुझ्न आवश्यक छ।'

परियोजनाको निर्माण कार्य अन्तिम चरणमा थियो। विनाअवरोध काम गर्न सकेमा आगामी दसैंअघि नै सुरुङमार्ग सञ्चालनमा ल्याउने लक्ष्य थियो। तर, अहिले काम अवरोध भएसँगै परियोजनाको निर्माण पनि अन्योलमा परेको छ।

हालसम्म परियोजनाको भौतिक प्रगति ८६.३६ प्रतिशत पुगिसकेको छ। वित्तीय प्रगति भने ७६.६८ प्रतिशत पुगेको देखाएको छ। नियमित काम गर्न सकेमा दसैंसम्ममा परियोजना सञ्चालनमा आउने दाबी परियोजनाका कर्मचारीहरूको थियो। तर, अहिले यसबारे केही भन्न नसकिने उनीहरू बताउँछन्।

ठेक्का प्राप्त जापनिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनले डिसेम्बर २०२० (पुस ०७७) देखि सुरुङ खन्न सुरु गरेको थियो। त्यसको चार वर्षमा यतिका काम सम्पन्न भएको छ।

सामान्य रूपमा निरन्तर काम गर्न सकेमा ०८२ असोजभित्र परियोजना सञ्चालन गर्ने लक्ष्य थियो। ठेक्काको म्याद थप गरेर २५ अक्टोबर २०२५ (८ कात्तिक ०८२) सम्म पुऱ्याइएको छ। त्यो अवधिमा परियोजना सञ्चालनमा ल्याउने लक्ष्य छ। तर, पटक-पटक हुने अवरोधले समयमै परियोजना बन्नेमा चुनौती देखिएको छ।

परियोजनामा मुख्यतः मुख्य र रेस्क्यु गरेर दुई सुरुङमार्ग हुनेछन्। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। २६ सय ८८ मिटरको मुख्य सुरुङमार्ग ३ वैशाख र २५५७ मिटरको रेस्क्यु टनेल भने २२ साउन ०८० मा छिचोलिएको थियो। त्यसपछि मुख्य टनेल र क्रस प्यासेजमा कंक्रिट लाइनिङ (भित्ता र सिलिङको ढलान-कंक्रिटिङ)को काम सम्पन्न भइसकेको छ। त्यसपछि सडक कंक्रिट गर्न सुरु गरिएको थियो। अहिले परियोजनामा अन्तिम चरणको काम भइरहेको छ।

नेपालको तीन दशकको औसत आर्थिक वृद्धि ४.२ प्रतिशत

नयाँ पत्रिका

पछिल्लो तीन दशकमा नेपालको आर्थिक वृद्धिदर औसतमा ४.२ प्रतिशतले वृद्धि भएको विश्व बैंकले एक प्रतिवेदन सार्वजनिक गर्दै जनाएको छ। सोमबार सार्वजनिक प्रतिवेदनअनुसार सन् १९९६ देखि सन् २०२३ सम्मको अवधिमा नेपालको आर्थिक वृद्धिमा विप्रेषणको महत्त्वपूर्ण भूमिका रहे पनि छिमेकी राष्ट्रहरूको तुलनामा भने कमजोर देखिएको छ। दक्षिण एसियाका आठ राष्ट्रमध्ये नेपालको आर्थिक वृद्धि छैटौं स्थानमा रहेको प्रतिवेदनमा उल्लेख छ। निर्यातमा गिरावट, औद्योगिक क्षेत्रको गतिहीनता र न्यून उत्पादकत्वजस्ता संरचनागत चुनौतीले नेपालको अर्थतन्त्रलाई पछाडि धकेल्नुका साथै गैरकृषि क्षेत्रमा रोजगारी सिर्जना सुस्तजस्ता कारणलाई मानिएको छ। 'गरिबी न्यूनीकरणमा नेपालको सफलता उल्लेखनीय छ, तर मुलुकको आर्थिक सम्भावना अझै पूर्ण रूपमा उपयोग हुन सकेको छैन,' मल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका विभागीय राष्ट्रिय निर्देशक डेभिड सिस्लेनले भने, 'नेपालसँग आप्रवासनको प्रतिफल वृद्धि गर्ने, निर्यात बढाउने, जलविद्युत्को कुशलतापूर्ण उपयोग गर्ने, र डिजिटलीकरणलाई प्रवर्द्धन गर्नेजस्ता सुधारमार्फत मजबुत आर्थिक वृद्धि हासिल गर्न सक्ने प्रशस्त सम्भावना छ।' हरेक पाँच वर्षमा तयार गरिने नेपाल राष्ट्रगत आर्थिक परिदृश्यले प्रमुख क्षेत्रमा तीव्र आर्थिक वृद्धिको मार्गचित्र प्रदान गर्छ। यसले नेपालको आर्थिक सम्भावनालाई उजागर गर्न चार प्रमुख क्षेत्रहरूमा नीतिगत सुधारको सिफारिस गरेको राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले बताए। उनले भने, 'सरकारको १६औं योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको दृष्टिकोण प्रस्तुत गरेको छ र यसले उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास, मर्यादित तथा फलदायी रोजगारी, सामाजिक सुरक्षा तथा अल्पविकसित राष्ट्रबाट सहज स्तरोन्नति सुनिश्चित गर्ने प्राथमिकता राखेको छ। नेपाल सरकार दिगो आर्थिक वृद्धिका लागि अनुकूल नीतिगत वातावरण सुनिश्चित गर्न प्रतिबद्ध छ।' १६औं आवधिक योजनाले सन् २०२९ सम्म वार्षिक ७ दशमलव १ प्रतिशतको जिडिपी वृद्धिको अनुमान गरेको छ।



पछिल्लो २७ वर्षमा नेपालमा श्रम स्वीकृति लिने श्रमिकको संख्या ६६ लाख नाघेको र जुन कुल जनसंख्याको ७ प्रतिशतभन्दा बढी रहेको जनाइएको छ। वैदेशिक रोजगारीमा जानका लागि महँगो रकम बुझाउनुपर्ने अवस्थाले श्रमिक र उनीहरूको परिवारलाई आर्थिक समस्या सिर्जना गर्ने, आप्रवासी श्रमिकहरूले उच्च ब्याजदर तिर्ने गरी लिएको ऋणमा निर्भर रहनुपर्नेलगायत समस्या देखिएका छन्। यस्तै, विदेश गएका सदस्यहरूको अनुपस्थितिले परिवारका बाँकी सदस्यको सामाजिक एवं पारिवारिक जीवनमा असर पार्ने र विशेष गरी महिलाको श्रम बजार सहभागितामा गिरावट आउने प्रतिवेदनमा उल्लेख छ।

यस अवधिमा निर्यात र औद्योगिक क्षेत्रले आर्थिक वृद्धिमा न्यून योगदान दिएको पनि प्रतिवेदनमा उल्लेख छ। 'नेपालमा निर्यातले आर्थिक वृद्धिमा उल्लेखनीय योगदान दिन सकेको छैन। अन्य विकासशील राष्ट्रहरूमा आर्थिक वृद्धिको प्रमुख स्रोत रहेको उत्पादन क्षेत्र नेपालमा निरन्तर घट्दो छ,' प्रतिवेदनमा भनिएको छ, 'नेपालले वस्तु तथा सेवा निर्यातबाट आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न अझै बाँकी छ। समग्र उत्पादकत्व अझै पनि न्यून छ, आर्थिक वृद्धिमा योगदान दिन सकेको छैन।' नेपालमा उत्पादित वस्तुको लागत उच्च रहेका कारण अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसकेको र यसले निर्यात घटाएको जनाइएको छ। यस्तै, कुल श्रमशक्तिको ८० प्रतिशतभन्दा बढी अनौपचारिक क्षेत्रमा संलग्न भएकामा यसलाई औपचारिक बनाउने र गैरकृषि क्षेत्रमा उत्पादकत्व वृद्धि गर्ने प्रयास नेपालको आर्थिक वृद्धिका लागि महत्त्वपूर्ण कदम हुने प्रतिवेदनमा उल्लेख छ।

नेपालको सन् २०१७/१८ को श्रम शक्ति सर्वेक्षणका अनुसार स्वदेश फर्किएका आप्रवासीमध्ये १४ दशमलव ३ प्रतिशत बेरोजगार अवस्थामा रहेको र ४१ दशमलव ५ प्रतिशत श्रम बजारबाहिरै रहेको देखाएको थियो। नेपालको डिजिटल क्षेत्रमा तीव्र सुधार ल्याउन दूरसञ्चार ऐन परिमार्जन गर्नुका साथै डिजिटल रणनीति अवलम्बन र डिजिटल पूर्वाधारको विकास गर्न सुझाव पनि विश्व बैंकले प्रतिवेदनमार्फत दिएको छ।

नबिल बैंकको वित्तीय साक्षरताबाट चार हजारभन्दा बढी लाभान्वित

नयाँ पत्रिका



नबिल बैंक लिमिटेडले 'ग्लोबल मनी विक, २०२५' को अवसरमा सातै प्रदेशकेन्द्रित देशव्यापी कार्यक्रम सञ्चालन गरेको छ। वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यका साथ नबिल बैंकले विद्यार्थी र युवाकेन्द्रित कार्यक्रम सञ्चालन गरी यस वर्ष पनि कार्यक्रम गरी मनाएको हो।

यही मार्च १७ देखि २३ तारिखसम्म विश्वभर 'थिंक बिफोर यू फलो, वाइज मनी टुमारो' भन्ने मूल नाराका साथ ग्लोबल मनी विक सञ्चालन गरिएको थियो। यस अभियानअन्तर्गत नबिल बैंकले देशका सातै प्रदेशमा चार हजारभन्दा बढी विद्यार्थी र युवामाझ वित्तीय साक्षरता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरेको हो। बैंकले विद्यार्थी तथा युवाहरूलाई सानै उमेरदेखि आर्थिक रूपमा सचेत गराउन तथा फाइनान्सियल इन्फ्लुएन्सर्सको लहै-लहैमा लागेर लगानी गर्न नहुनेबारे जानकारी दिन वित्तीय साक्षरता अभियान सञ्चालन गरेको थियो। सातै प्रदेशमा सञ्चालन गरिएको कार्यक्रममा बचत, बजेट, लगानी, डिजिटल वित्तीय साक्षरता, साइबर सुरक्षालगायतका विषयमा जानकारी गराइएको बैंकले जनाएको छ।

बैंकले सञ्चालन गरेको उक्त अभियानबाट कोशी प्रदेशका सात सय ४४, मधेश प्रदेशका एक हजार ६३, बागमती प्रदेशका चार ४१, गण्डकी प्रदेशका चार ३४, लुम्बिनी प्रदेशका पाँच सय ६, कर्णाली प्रदेशका चार सय पाँच र सुदूरपश्चिम प्रदेशका चार सय सात विद्यार्थी तथा युवा वित्तीय साक्षरता कक्षामा सहभागी भई लाभान्वित भएको बैंकले जानकारी दिएको छ।

नबिल बैंक लिमिटेडले वित्तीय साक्षरता विस्तार तथा डिजिटल बैंकिङलाई अभिप्रेरित गर्ने उद्देश्यले वर्षभर नै विभिन्न किसिमका कार्यक्रम सञ्चालन गर्दै आएको छ। त्यस्तै, सामाजिक उद्यमशीलता विकासका लागि बैंकले 'नबिल एसएसई'लगायतका कार्यक्रम पनि सञ्चालन गरिरहेको छ।

युवा तथा विद्यार्थीलाई लक्षित गरी सहुलियत ब्याजदरमा शैक्षिक कर्जा, युवा उद्यमशील कर्जा प्रवाह पनि गरिरहेको छ। साथै, बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यसहित विभिन्न सामाजिक कार्य गर्दै आएको छ।

हुन्डाईका क्रेटा इभी र आइस सार्वजनिक

क्रेटा इभीको सुरुवाती मूल्य ५१ लाख ९६ हजार र क्रेटा आइसको ५३ लाख ९६ हजार



काठमाडौं/ हुन्डाईको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले क्रेटा इभी र क्रेटा आइस सार्वजनिक गरेको छ। एक कार्यक्रमबिच दक्षिण कोरियाली राजदूत पार्क ते यङको विशेष उपस्थितिमा ती इभी सार्वजनिक गरिएको हो। ग्राहकको आवश्यकता र गतिशीलताअनुसार क्रेटा इभी तथा आइस दुवै उपलब्ध गराइएको कम्पनीले जनाएको छ। क्रेटा इभीको सुरुवाती मूल्य ५१ लाख ९६ हजार र क्रेटा आइसको ५३ लाख ९६ हजार रुपैयाँ तोकिएको छ। हुन्डाईले सन् २०१५ बाट क्रेटाको बिक्री सुरु गरेको थियो। मिडसाइज सेगमेन्टमा क्रेटा उत्कृष्ट प्रदर्शन, जुनसुकै ठाउँमा पनि गुड्न सक्ने भएकाले १० हजारभन्दा धेरै ग्राहकको रोजाइमा परको कम्पनीको दाबी छ। २०० एमएम ग्राउन्ड क्लियरेन्स रहेको यी गाडीले मिल्ड अफ रोडमा सहज ड्राइभिङ अनुभव प्रदान गर्नेछन्। क्रेटा इभीका लागि आठ वर्षको ब्याट्री वारेन्टी र क्रेटा आइसका लागि तीन वर्षको भेहिकल वारेन्टी प्रदान गर्नेछ।

युरोपमा सार्वजनिक भए चाङआनका तीनवटा इभी



काठमाडौं/ चाङआन अटोमोबाइलले जर्मनीमा आफ्ना तीन ब्रान्ड चाङआन, दिपल र अवतार सार्वजनिक गरेको छ। कम्पनीले एक सार्वजनिक कार्यक्रममार्फत चाङआनले चाङआन एनई-०७, दिपल एस-०५ र युरोप डेब्युका रूपमा दिपल एस-०७ सार्वजनिक गरेको हो।

यो माइलस्टोन चाङआनको 'भास्ट ओसन प्लान'अन्तर्गत प्राविधिक नवप्रवर्तन र दिगोपनप्रतिको प्रतिबद्धतालाई सुदृढ पार्ने नयाँ चरण भएको कम्पनीको भनाइ छ। यस वर्ष विश्वव्यापी रूपमा ३० लाख युनिट बिक्री गर्ने लक्ष्य राखेको कम्पनीले जनाएको छ। जसमा १० लाख विद्युतीकृत सवारीसाधन हुनेछन्। चाङआन अटोमोबाइलले टेक-ड्राभन इनोभेसन, इन्टेलिजेन्ट निर्माण र दिगो विकासलाई केन्द्रमा राखेर आफ्नो विश्वव्यापीकरणलाई तीव्र पार्दै आइरहेको छ।

सुरुमा युरोपका नर्वे, डेनमार्क, जर्मनी, नेदरल्यान्ड्स र बेलायतजस्ता प्रमुख इभी बजारमा र सन् २०२८ सम्ममा कम्पनीले सबै प्रमुख युरोपेली बजारमा उपस्थिति जनाउने योजना बनाएको छ। नेदरल्यान्ड्समा अवस्थित युरोपेली मुख्यालयले व्यापार सञ्चालनको केन्द्रका रूपमा काम गर्नेछ।

एभरेष्ट बैंकका कार्यक्रम

काठमाडौं/ एभरेष्ट बैंकले ग्लोबल मनी विक-२०२५ को उपलक्ष्यमा देशभर वित्तीय साक्षरता कार्यक्रम गरेको छ। बैंकले सातवटै प्रदेशका विभिन्न शाखामार्फत विभिन्न स्कुल-क्याम्पसमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा करिब तीन हजारभन्दा बढी विद्यार्थी सहभागी रहेका थिए। साथै, केही विद्यार्थीलाई बैंकका शाखासमेत अवलोकन गराई बैंकले दिने सेवासम्बन्धी जानकारी गराइएको बताइएको छ। 'थिंक बिफोर यू फलो, वाइज मनी टुमरो' भन्ने नारासहित आयोजना गरिएका कार्यक्रममा युवामा वित्तीय ज्ञान, सीप, मनोवृत्ति, वित्तीय समावेशीकरण, वित्तीय सचेतना, सुरक्षित डिजिटल कारोबार, बैंकले दिने सेवा र यसमा अपनाउनुपर्ने सावधानीबारे जानकारी दिइएको थियो।

नेपाल लाइफको नयाँ वर्षको क्यालेन्डर

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले नयाँ वर्ष ०८२ सालको क्यालेन्डर सार्वजनिक गरेको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली, नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयाल, प्रमुख बिजनेस अपरेसन ओमप्रकाश पुडासैनी र प्रमुख वित्त अधिकृत प्रेमप्रसाद रेग्मीले संयुक्त रूपमा क्यालेन्डर सार्वजनिक गरेका हुन्। उक्त क्यालेन्डरमा बिदाको सूची, पर्व, दिवस, पञ्चांग तिथि, तारिख समावेश गरी क्यालेन्डर सार्वजनिक गरिएको हो। सिइओ पराजुलीले आगामी दिनमा कम्पनीलाई थप सशक्त बनाउन नवीनतम प्रविधिको अधिकतम प्रयोग गर्दै ग्राहकको सेवाको गुणस्तरीयतालाई थप प्रभावकारी बनाउने बताए।

ग्लोबल र लुम्बिनी मेडिकलबिच सम्झौता



काठमाडौं/ ग्लोबल आइएमई बैंक र लुम्बिनी मेडिकल कलेज एन्ड शिक्षण अस्पतालबिच बैंकका ग्राहकलाई अस्पतालमा उपलब्ध विभिन्न स्वास्थ्य सेवामा २५ प्रतिशतसम्म छुट प्रदान गर्ने सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका लुम्बिनी प्रदेश प्रमुख शान्ता शिवाकोटी र अस्पतालका अध्यक्ष गोपालबहादुर पोखरेलले हस्ताक्षर गरेका छन्। अस्पतालले बैंकका ग्राहकलाई अस्पतालको सेवा तथा औषधि-उपचारमा लाग्ने शुल्कमा २५ प्रतिशतसम्म छुट प्रदान गर्नेछ। यस्तो छुट सामान्य बेड, प्रयोगशाला परीक्षण, एक्स-रे, अल्ट्रासोनोग्राफी, ओपिडी र अपरेसनलगायतका सेवामा उपलब्ध हुने बताइएको छ। यस साझेदारीपश्चात् बैंकका ग्राहकले उचित दरमा अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा-सुविधा प्राप्त गर्ने अध्यक्ष पोखरेलले बताए। साथै, उनले यो पहलले पहुँचयोग्य स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने स्पष्ट पारे। यसैगरी, बैंकका लुम्बिनी प्रदेश प्रमुख शिवाकोटीले दुवै संस्थाबिचको समझदारीले छुट सुविधासहित ग्राहक लाभान्वित हुने धारणा व्यक्त गरे।

एनसेलको 'सधैं अन रोमिङ'



काठमाडौं/ एनसेलले 'सधैं अन १७९९ रोमिङ' प्याक ल्याएको छ। यो प्याकले नेपालभर सेवा प्रयोग, मनोरञ्जन सुविधाका साथै भारत यात्रा गर्नेलाई विशेष लाभ प्रदान गर्नेछ। २८ दिनसम्म मान्य रहने यो प्याकमा नेपालभर कल गर्न सकिने अनलिमिटेड अल-नेट टक टाइम, १०० जिबी उच्च गतिको डेटा, अनलिमिटेड युट्युब, बिमा सुविधा र रोमिङ सुविधा (डेटा र भ्वाइस) समावेश छन्। भारत भ्रमणका बेलामा ग्राहकले यस प्याकमा ६ सय एमबी रोमिङ डेटा, १० मिनेट आगमन कल र १० मिनेटको बाह्य कल (भारतभित्रै र नेपाल कल गर्न सकिने) सेवा प्राप्त गर्छन्। यसबाहेक यो प्याकले भारत भ्रमण गर्दा कुनै दुर्घटना भएमा एक लाखसम्मको अस्पताल भर्ना र ओपिडी खर्च समेटने कम्पनीले जनाएको छ। करसहित १,७९९ रुपैयाँ शुल्क रहेको यो वान टाइम प्याकले सधैं अनका सेवा-सुविधा, रोमिङ सेवा र बिमा सुविधासहित ग्राहकलाई आवश्यक सञ्चार सेवा र बिमासहितको सुरक्षा प्रदान गर्ने बताइएको छ।

दिक्तेलमा सिटिजन्स बैंकको नयाँ शाखा



काठमाडौं/ सिटिजन्स बैंकले २००औँ शाखा खोटाङको दिक्तेलमा सञ्चालनमा ल्याएको छ। बैंकले शाखा विस्तार गर्ने क्रममा आफ्नो थप एक नयाँ शाखा कोशी प्रदेशको खोटाङ जिल्ला, दिक्तेलस्थित रूपाकोट मझुवागढी नगरपालिका- १ मा सञ्चालनमा ल्याएको हो। योसँगै कोशी प्रदेशमा सञ्चालनमा रहेका शाखाको संख्या २८ पुगेको छ। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले ग्राहकलाई बैंकिङ सुविधा दिने क्रममा खोटाङ दिक्तेलमा नयाँ शाखा सञ्चालनमा ल्याएको बताए।

सुविधासम्पन्न यो शाखामार्फत ग्राहकको वित्तीय आवश्यकता पूरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैंकिङ सेवा प्रदान गर्नुका साथै साना तथा मझौला व्यवसायीहरूमाझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य बैंकले राखेको छ। नयाँ शाखा सञ्चालनको अवसरमा खाता खोल्दा कर्पोरेट मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङजस्ता सेवा पहिलो वर्ष निःशुल्क प्राप्त गर्न सकिनेछ। डिम्याट खाता खोल्दा लाग्ने शुल्कमा पहिलो वर्षका लागि छुटको व्यवस्था गरिएको पनि बैंकले जनाएको छ। नयाँ शाखा शुभारम्भ भएको दिनमा नै बैंकले दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ९ मा सञ्चालनमा रहेको महेन्द्रोदय माध्यमिक विद्यालयलाई कम्प्युटर र प्रिन्टर सहयोग उपलब्ध गराएको छ।

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स आठौं वर्षमा



काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स आठौं वर्षमा प्रवेश गरेको छ। सोही अवसरमा कम्पनीले विभिन्न कार्यक्रम आयोजना गरेको छ। कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समितिका सदस्य, प्रमुख कार्यकारी अधिकृत, उच्च पदाधिकारीलगायतको उपस्थितिमा प्रधान कार्यालयसहित देशभरिका क्षेत्रीय र प्रादेशिक कार्यालयमा रक्तदान कार्यक्रम आयोजना गरिएको कम्पनीले जनाएको छ, जसमा तीन सय १९ जनाभन्दा बढीले रक्तदान गरेका थिए। त्यस्तै, कम्पनीले शान्तिनगरस्थित निस्सहाय सेवा सदनमा आहार-बिहार र गुह्येश्वरीस्थित बाल सारथी ऐकेडेमीमा शैक्षिक सामग्री हस्तान्तरणसमेत गरेको छ। हाल कम्पनीको जारी पुँजी र चुक्ता पुँजी पाँच अर्ब एक करोड ४९ लाख २४ हजार छ।

सातै प्रदेशमा सिटिजन्स बैंकको वित्तीय साक्षरता

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले सातवटै प्रदेशमा रहेका आफ्ना ४९ शाखा कार्यालयबाट विभिन्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। बैंकले ग्लोबल मनी विकका अवसरमा 'थिंक बिफोर यू फलो, वाइज मनी टुमरो' भन्ने मूल नारासहित सर्वसाधारणलाई वित्तीय ज्ञान प्रदान गरेको हो। कार्यक्रममा उपस्थित युवा तथा विद्यार्थीवर्गमा वित्तीय साक्षरताको आवश्यकता र महत्त्वबारे प्रकाश पारिएको थियो। नगद कारोबार, लेनदेन तथा विप्रेषणजस्ता वित्तीय कारोबार गर्ने क्रममा बैंकिङ प्रणालीकै प्रयोग गर्न पनि सुझाव दिइएको थियो।

स्कुल-कलेजमा सानिमा बैंकको वित्तीय साक्षरता

काठमाडौं/ सानिमा बैंकले विभिन्न स्कुल तथा कलेजमा विद्यार्थीमाझ साताव्यापी वित्तीय साक्षरता कार्यक्रम गरेको छ। बैंकले ग्लोबल मनी विक-२०२५ को अवसर पारी सातै प्रदेशका शाखा कार्यालमार्फत कार्यक्रम गरेको हो। 'थिंक बिफोर फलो, वाइज मनी टुमरो' नारासहित गरिएको कार्यक्रमले वित्तीय चेतना फैलाउने बैंकले जनाएको छ। यसबाहेक बैंकले सातै प्रदेशमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत युवा, महिला, उद्यमी तथा अन्य समुदायलाई लक्षित हुने विभिन्न कार्यक्रमसमेत सञ्चालन गर्दै आइरहेको जनाएको छ।

मुक्तिनाथका ग्राहकले जिते बैंककको टिकट

काठमाडौं/ मुक्तिनाथ विकास बैंकका भिसा डेबिट कार्डहोल्डर तिलप्रसाद पौडेलले दुईजनाका लागि बैंककको दुईतर्फी हवाई टिकट जितेको बताएका छन्। बैंकले अन्तर्राष्ट्रिय भिसा नेटवर्कको सहकार्यमा गत दसैँ-तिहारमा भिसा कार्डवाहक ग्राहकलाई लक्षित गरी अभियान चलाएको थियो। उक्त अभियानअन्तर्गत बैंकका भाग्यशाली ग्राहकले दुईतर्फी हवाई टिकट जितेको बताएका छन्।

लुम्बिनी विकास बैंकको वित्तीय साक्षरता



काठमाडौं/ लुम्बिनी विकास बैंकले एक हजार युवामाझ वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। बैंकले १३औँ ग्लोबल मनी विक-२०२५ को अवसरमा आफ्ना विभिन्न शाखा कार्यालयमार्फत वित्तीय साक्षरता कार्यक्रम गरेको हो। यस अवसरमा बैंकले विद्यार्थीलाई बैंकिङका विभिन्न पक्षबारे जानकारी दिएको थियो। त्यस्तै, बैंकका कर्मचारीहरू नेपाल राष्ट्र बैंकका प्रादेशिक कार्यालय तथा स्थानीयस्तरमा बैंक तथा वित्तीय संस्थाले सञ्चालन गरेको वित्तीय सचेतनामूलक प्रभातफेरी कार्यक्रममा समेत सहभागिता जनाएका थिए।

मोटरसाइकल हरायो

मिति २०८१/१२/०५ गते अ. १७:०० बजेको समयमा का.जि.का.म.न.पा.-८ पशुपति स्थित पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको कालो, रातो रंगको 220 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : नविन नेपाली
मो.सा.नं.: बा.प्र. ०२-०५३ प २८१३
चेसिस नं.: MD2A13EX9RCE82629
इन्जिन नं.: DKXCRE33368
सम्पर्क न.: 9860727007

नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१२

यस कम्पनीको मिति २०८१/०७/१४ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम सार्विक कम्पनी (त्रिशक्ति सेक्युरिटिज पब्लिक लि.) को नाममा रहेको सम्पूर्ण चल अचल संपत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (त्रिशक्ति सेक्युरिटिज लि.) को कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०९/०९ गते निर्णय भई प्रवन्धपत्र मा संसोधन भए बमोजिम यस कम्पनीको नाम त्रिशक्ति सेक्युरिटिज लि.कायम गरिएको व्यहोरा जानकारी गराउदछौं।

त्रिशक्ति सेक्युरिटिज लि.
पुतलीसडक, काठमाडौं

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
बीरगंज नर्सिङ क्याम्पस, पर्सा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/१२/१२

यस क्याम्पस/कार्यालयबाट आह्वान भएको निर्माण कार्यको लागि दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन हुँदा तपसिल बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावकारी रहेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को (२) बमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने आशय जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.स.	कामको विवरण	बोलपत्र दाता	कबोल अंक (मु.अ.कर समेत)
१	BNC/PARSA/NCB/ WORKS/01/2081/082	TRISHUL CONSTRUCTION, Sano Pipra-17 Birgunj Parsa	33,58,529.57

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय गौरादह, झापाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१२/१२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय गौरादह, झापाबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, धरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति : २०७२/०७/१५ मा प्रा.फ.र.नं. २६५/८१४७ कायम भई दर्ता भएको झापा जिल्ला, लखनपुर गा.वि.स./न.पा. वडा नं. ५, स्थित **बस्नेत किराना तथा किचन सामग्री पसल** **प्रोप्राइटर: गोपाल बस्नेत**

२. ऋणीको विवरण

गजराज बस्नेतको नाति, ठंक बहादुर बस्नेतको छोरा, झापा जिल्ला, तोपगाछी गा.वि.स/न.पा वडा नं ३, स्थित स्थायी ठेगाना भएको **गोपाल बस्नेत (ना.प्र.प.नं. २७७३७२३२, झापा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गजराज बस्नेतको नाति, ठंक बहादुर बस्नेतको छोरा, झापा जिल्ला, तोपगाछी गा.वि.स/न.पा वडा नं ३, स्थित स्थायी ठेगाना भएको **गोपाल बस्नेत (ना.प्र.प.नं. २७७३७२३२, झापा)**

२. दलसिंह बस्नेतको नाति, गजराज बस्नेतको छोरा, झापा जिल्ला, तोपगाछी गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **ठंक बहादुर बस्नेत (ना.प्र.प.नं. २७७३६२६३, झापा)**

३. गजराज बस्नेतको बुहारी, ठंक बहादुर बस्नेतको पत्नी, झापा जिल्ला, तोपगाछी गा.वि.स./न.पा. वडा नं ६, स्थित स्थायी ठेगाना भएको **शान्ता कुमारी बस्नेत (ना.प्र.प.नं. ६६७३५६७२, झापा)**

४. ठंक बहादुर बस्नेतको बुहारी, गोपाल बस्नेतको पत्नी, झापा जिल्ला, गौरादह गा.वि.स./न.पा. वडा नं १, स्थित स्थायी ठेगाना भएको **अनु बस्नेत (ना.प्र.प.नं. ०४३०४५/२०२, झापा)**

५. ठंक बहादुर बस्नेतको नाति, गोपाल बस्नेतको छोरा, झापा जिल्ला, गौरादह गा.वि.स./न.पा. वडा नं १, स्थित स्थायी ठेगाना भएको **आयुष बस्नेत (ना.प्र.प.नं. ०४२०४५/१६७३, झापा)**

नोट: माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको।

मंगलबार १२ चैत ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.के.हु.नि.इ.न. १७/०६९/७७०

■ एसियन कप छनोट आज

ऐतिहासिक जितको प्रतीक्षामा नेपाल


फाइलः तस्बिर

सन् १९८३ मा पहिलोपटक मलेसियाविरुद्ध भिडेको थियो, अहिलेसम्मका सात खेलमा नेपाल गोलविहीन

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीले मंगलबार मलेसियाविरुद्ध एएफसी एसियन कप छनोट प्रतियोगिताको पहिलो खेलमा प्रतिस्पर्धा गर्दै छ। मलेसियाको घरेलु मैदानमा हुने खेलमा नेपाल ऐतिहासिक पहिलो जितको प्रतीक्षामा छ। ६ वर्षपछि नेपालले मलेसियासँग भिड्न लागेको हो। अहिलेसम्म नेपाल विपक्षी मलेसियाविरुद्ध जितविहीन छ। यद्यपि, नेपाली खेलाडी जितका साथ छनोट खेल सुरु गर्ने योजनामा छन्।

गत शुक्रबार नेपालले पहिलोपटक आफूभन्दा १५ स्थानमाथि रहेको सिंगापुरविरुद्ध ऐतिहासिक जित निकालेको थियो। यसै जितको सिलसिलामा नेपाल मलेसियाविरुद्ध पनि राख्न चाहन्छ। नेपाल र मलेसियाबिच पहिलो खेल सन् १९८३ मा मर्डेका कपमा भएको थियो। जसमा मलेसियाले नेपालमाथि ७-० को सानदार जित निकालेको थियो। सन् २०१९ मा नेपाल अन्तिमपटक मलेसियासँग २-० ले हारेको थियो। नेपालले मलेसियालाई एकपटक मात्र गोलरहित बराबरीमा रोकेका छ।

अस्ट्रेलियन नागरिक म्याट रोसको प्रशिक्षणमा रहेको नेपाली युवा खेलाडीले सिंगापुरविरुद्ध आक्रामक खेल प्रस्तुत गरेका थिए। यही आक्रामक रणनीति मलेसियासँग पनि हुने प्रशिक्षक रोसले बताए। फिफा वरीयतामा मलेसिया १३२ औं र नेपाल १७५औं स्थानमा छ। नेपालभन्दा मलेसिया ४३ स्थानमाथि छ। नेपालका कप्तान किरणकुमार लिम्बू बलियो मलेसियासँग खेल्न तयार रहेको बताए। 'हामी मलेसियासँग खेल्न निकै उत्साहित छौं। यो खेलमा भरपुर मनोरञ्जन लिने प्रयासमा छौं, यहाँ पनि नेपाली समर्थकले साथ दिने आशा लिएको छु,' लिम्बुले भने।

नेपालका मुख्य प्रशिक्षक रोसले तीन अंक बटुल्ने रणनीतिका साथ खेल्ने जनाए। 'हामीभन्दा मलेसिया बलियो छ, तर नेपाल तीन अंकका लागि खेल्नेछ,' रोसले भने, 'नेपालको खेल आक्रामक हुनेछ।'

वास्तवमा नेपाल र मलेसियाबिचको छनोटअन्तर्गत पहिलो खेल दशरथ रंगशालामा हुनुपर्ने थियो। तर, आयोजनाको जिम्मेवारी पाएको अखिल नेपाल फुटबल संघ (एन्फा)ले राष्ट्रिय खेलकुद परिषद् (राखेप)सँग समन्वय गरेन।

एन्फाले एसियन फुटबल महासंघलाई छनोट खेल मलेसियामा गराउन पत्र पठाएको थियो। एएफसीले सहजै रूपमा एन्फाको आग्रह स्वीकार गरी मलेसियामा गराएको हो। यससँगै रंगशालाले फेरि एकपटक अन्तर्राष्ट्रिय मान्यता गुमाएको हो।

तीन अंक खोस्ने प्रयास हो



● **म्याट रोस**, मुख्य प्रशिक्षक, नेपाल

हामीभन्दा मलेसिया बलियो छ। सकेसम्म तीन अंक निकाल्ने हो। त्यसपछि बराबरीका लागि खेल्छौं। हाम्रो योजना जित नै हो। यहीअनुसार प्रशिक्षण भएको छ। हामी आक्रामक खेल खेल्छौं।

मलेसियाविरुद्ध खेल्न उत्साहित छौं



● **किरणकुमार लिम्बू**, कप्तान, नेपाल

मलेसियामा धेरैपटक नेपाली दर्शकमाझ खेलिसकेका छौं। उहाँहरूको उपस्थितिमा खेल्न सधैं रमाइलो लाग्छ। मलेसियाको घरेलु भूमिमा खेल्न हामी उत्साहित छौं। घरेलु मैदान नभए पनि खेलमा भरपुर मनोरञ्जन लिन्छौं।

नेपाल बलियो छ



● **पिटर क्लामोभ्स्की**, प्रशिक्षक, मलेसिया

नेपालसँग खेल्न उत्साहित छौं। मलेसिया खेल्न तयार छ। विपक्षीविरुद्ध कस्तो रणनीति लिने हो। नेपालको खेलअनुसार हुनेछ। हामी खेलमै केन्द्रित छौं। सिंगापुरलाई हराएको नेपाल बलियो छ। हाम्रा लागि कठिन प्रतिस्पर्धी हुन सक्छ।

नेपालविरुद्ध अपराजित मलेसिया

एसियाली फुटबलमै प्रभाव जमाएको मलेसियाविरुद्ध नेपालले जित निकालेको छैन। सातमध्ये ६ खेलमा मलेसिया विजयी भएको छ। फिफा र एएफसीका आधिकारिक रूपमा यी दुई प्रतिद्वन्द्वीबिच पाँच खेल भएका छन्। दुई खेल मैत्रीपूर्ण थियो। सन् १९८५ मा भएको विश्वकप छनोटमा नेपालले मलेसियालाई गोलरहित बराबरीमा रोकेको थियो। सन् १९८५ मै भएको विश्वकप छनोटमा नेपाल मलेसियासँग ५-० ले पराजित भयो। सन् १९८९ मा नेपाल क्रमशः २-० र ३-० ले पराजित भएको थियो। सन् २००९ मा भएको मैत्रीपूर्ण खेलमा पनि नेपाल २-० ले नै पराजित भएको हो।

आक्रामक फुटबलमै केन्द्रित

प्रशिक्षक रोसले मलेसियाविरुद्ध पनि आक्रामक खेल्ने बताए। खेलको रणनीतिअनुसार नेपालले डिफेन्सिभ खेल्दै विपक्षीलाई दबाबमा राख्न योजनामा छ। सिंगापुरविरुद्ध अट्याकमा जिलेस्पीजंग कार्की, अञ्जन विष्ट, आयुष घलान र मनीष डांगीले कमान्ड सम्हालेका थिए।

जिलेस्पीले पछिल्लो चार खेलमा तीन गोल गरी आफू लयमा रहेको प्रमाणित गरेका छन्। हरि खड्का र निराजन रायमाझीसँगै १३ गोलको बराबरी गरेका अञ्जन कीर्तिमानी बनाउन एक गोलले पछाडि छन्। गोलरक्षक तथा कप्तान चेम्जोङले रोसको रणनीतिलाई न्याय गरेका थिए। चेम्जोङले दुई खेलमा क्लिन सिट नै राखेका थिए। उनले सिंगापुरविरुद्ध तीनपटकसँग वान भर्सेज वानमा उत्कृष्ट बचाउ गरेका थिए। रक्षापंक्तिमा डेब्यु गरेका सुमन श्रेष्ठसँगै अनुभवी रोहित चन्द, अनन्त तामाङ र सनिस श्रेष्ठ रहेका छन्।

■ प्रधानमन्त्री कप

सुपर ओभरमा गण्डकी विजयी

नयाँ पत्रिका

गण्डकी प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा सोमबार मधेशलाई सुपर ओभरमा पराजित गरेको छ। सिद्धार्थनगरमा भएको ३८औं खेलमा पहिलो ब्याटिङ गरेको मधेशले ५० ओभरमा सात विकेट गुमाएर २४६ रन बनाएको थियो। प्रत्युत्तरमा गण्डकीले ४९.५ ओभरमा सबै विकेट गुमाएर २४६ रन बनाएपछि खेल टाई भयो।

गण्डकीलाई जितका लागि अन्तिम बलमा दुई रन चाहिएको थियो। मधेशका विशाल पटेलले बलिङ गरेका थिए। ब्याटिङमा गण्डकीका सन्दीप पराजुली क्रिजमा थिए। गण्डकीसँग अन्तिम ओभरमा एक विकेट बाँकी थियो। विशालले वाइड फ्याँक्दा स्कोर बराबरी भइसकेको थियो। तर, जितका लागि आवश्यक एक रन लिने प्रयासमा सन्दीप रनआउट हुँदा गण्डकी अलआउट भएको भयो। यससँगै खेल टाई भएको हो। सुपर ओभरमा गण्डकीले पहिलो ब्याटिङ गऱ्यो। गण्डकीले एक ओभरमा २२ रन जोड्यो। २३ रनको लक्ष्य पछ्याएको मधेशले केवल नौ रन मात्र बनाउँदा गण्डकीले बाजी मारेको हो। गण्डकीका लागि सुपर ओभरमा अमृत गुरुङले पाँच बलमा तीन चौकाको सहयोगमा १३ रन बनाए। ओपनर सुदीप अर्यालले दुई बलमा एक छक्का प्रहार गरी ६ रन जोडे। मधेशका लागि रूपेश सिंहले ६ रन तथा पवन सर्राफले तीन रन बनाए।



सुपर ओभरमा गण्डकीले दिएको २३ रन पछ्याएको मधेशले नौ रन मात्र जोड्यो

अर्जुनको शतकीय इनिङ्स

यसअघि नियमित ओभरमा गण्डकीका अर्जुन कुमालले शतकीय योगदान दिएका थिए। प्रधानमन्त्री कपमा उनको यो पहिलो शतक हो। उनले १०६ रन बनाउन १४० बलमा १० चौका र १ छक्का प्रहार गरेका थिए। चालू जारी प्रतियोगितामा यो चौथो शतक हो। यसअघि सुदूरपश्चिमका किरण ठगुन्नाले दुई शतक प्रहार गरिसकेका छन्। त्रिभुवन आर्मी क्लबका तृतराज दासले शतकीय इनिङ्स खेलेका छन्।

गण्डकीको ब्याटिङमा अर्जुनबाहेक अन्य ब्याट्समान्यानले गतिलो योगदान दिन सकेनन्। इनिङ्सका ३.२ ओभर र ४.४ ओभरमा गण्डकीले विकेट गुमाउँदा १२-२ को योगफल खडा गरेको थियो। त्यसपछि अर्जुनलले दिनेश बुढामगरसँग चौथो विकेटका लागि ११० रनको साझेदारी गर्दै टोलीलाई ३०.४ ओभरमा टोलीलाई १२६-४ को स्थितिमा राखे।

यसैगरी, कप्तान विपिन खत्रीले २३ बलमा समान एक चौका र छक्का प्रहार गरी २६ रन जोडे। सुदीपले नटआउट रहँदै २३ बलमा ३४ रन जोडे। उनले दुई चौका र एक छक्का प्रहार गरे। मधेशले गण्डकीलाई १९ अतिरिक्त रन दिएको थियो। मधेशका विशाल पटेलले चार विकेट लिए। पहिलो ब्याटिङ गरेको मधेशका ओपनर रोहन विकले ९८ बलमा ६ चौका र ३ छक्का प्रहार गरी ६४ रनको योगदान दिए। मधेशको ब्याटिङमा तीन खेलाडीले अर्धशतकीय इनिङ्स खेले। हरिशंकर साहले १०२ बलमा ५१ रन तथा रूपेश स्हिले ३२ बलमा चार चौका र ३ छक्का प्रहार गरी ५१ रन बनाए।

एपिएफले आर्मीलाई दबाब दिँदै

विभागीय टोली नेपाल एपिएफले नेपाल पुलिस र त्रिभुवन आर्मीलाई शीर्ष दुई स्थानमा दबाब दिएको छ। छैटौं जितका साथ एपिएफ तेस्रो स्थानमा रह्यो। पुलिस र आर्मीले समान १४ अंक जोडेका छन्। रनरेटमा पुलिस शीर्ष स्थानमा छ। सिद्धार्थनगरमै भएको खेलमा एपिएफले लुम्बिनीलाई सात विकेटले हरायो। पहिलो ब्याटिङ गरेको एपिएफले आठ विकेट गुमाएर २२३ रन जोडेको थियो। प्रत्युत्तरमा एपिएफले ४१.५ ओभरमा तीन विकेटको क्षतिमा २२४ रन बनाएको थियो। अर्को खेलमा बागमतीले कर्णालीमाथि नौ विकेटको जित निकालेको छ।

संकटा तिलोत्तमा गोल्डकपको सेमिफाइनलमा



नयाँ पत्रिका

सृजनराज गौतमको चार गोलको सहयोगमा संकटा क्लब २३औं तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। बुटवल देवीनगरस्थित एन्फा टेक्निकल खेल मैदानमा सोमबार संकटाले जर्जियन फुटबल क्लब कालिम्पोङ भारतलाई ४-० ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। १९औं संस्करणको विजेता संकटाले फाइनल प्रवेश खेलमा एपिएफ क्लबविरुद्ध प्रतिस्पर्धा गर्नेछ। एपिएफले आइतबार आयोजक रुपन्देही-११ लाई १-० ले पराजित गर्दै अन्तिम चार स्थान पक्का गरेको थियो।

संकटाले जर्जियनविरुद्ध ४२औं मिनेटमा १-० को अग्रता लिएको थियो। सृजनले संकटालाई अग्रता दिलाएका थिए। उनले निर्मल घिसिङको पासमा दोस्रो बारमा गोल गरेका थिए। संकटाले दोस्रो हाफमा थप तीन गोल गरेको थियो। खेलको ८६औं मिनेटमा सृजनले एकल प्रयासमा संकटालाई २-० को अग्रता दिलाए। यसपटक उनले सुरज थारूले मध्यभागबाट दिएको बलमा गोल गरे। सृजनले जर्जियनका गोलरक्षक अगाडि बढेको मौकामा फिल गर्दै गोल गरेका थिए। खेलको अन्तिम दुई मिनेटको इन्जुरी समयमा सृजनले दुई गोल गरी ह्याट्रिक पनि लगाए। इन्जुरी समयमा ह्याट्रिक गोल गर्दा जन्मजय धामीले पास उपलब्ध गराए। प्रतियोगितामा यो नै पहिलो ह्याट्रिक हो। इन्जुरी समयमै सृजनले मैदानको मध्य क्षेत्रमा जर्जियनका खेलाडीबाट बल खोस्दै उत्कृष्ट ड्रिब्लिन गर्दै गोल गरे।

प्रतियोगिताअन्तर्गत मंगलबार 'ए' डिभिजन लिग उपविजेता मच्छिन्द्रले एडोर्न गडवाल स्पोर्टिङ क्लबविरुद्ध अन्तिम क्वार्टरफाइनलमा प्रतिस्पर्धा गर्नेछ। यस खेलको विजेताले लिग विजेता चर्च ब्वाइज युनाइटेडविरुद्ध प्रतिस्पर्धा गर्नेछ।

खेल संक्षेप

वडा ६ लाई मेयर कप उपाधि

काभ्रे/ वडा ६ ले बनेपा नगरस्तरीय अन्तरवडा मेयर कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। प्रतियोगिताको सोमबार भएको फाइनलमा वडा १४ लाई १-० ले पराजित गर्दै वडा ६ ले उपाधि जितेको हो। बनेपा नगरपालिकाको आयोजना भएको प्रतियोगिताको फाइनलमा विजयी टोलीका पारस नेपालले एक मात्र निर्णायक गोल गरेका थिए। वडा ६ ले एक लाख पाँच हजार र उपविजेता वडा १४ ले ५५ हजार रुपैयाँ पाएका छन्। प्रतियोगिताका उत्कृष्ट खेलाडी वडा १४ का विरेन्द्र थापा भए। वडा ११ का प्रभात बोगटी उत्कृष्ट डिफेन्डर बने। वडा ९ का पुनम आलेमगर उत्कृष्ट मिडफिल्डर बनेका छन्। यसैगरी, वडा ६ का फुमी केसी उदीयमान खेलाडी र च्याम्पियन टोलीका सौगात खत्री उत्कृष्ट गोलरक्षक घोषित भए।

महासंघले फुटसल गर्ने

बुटवल/ नेपाल पत्रकार महासंघ रुपन्देहीले ७०औं स्थापना दिवसमा फुटसल प्रतियोगिता गर्ने भएको छ। सञ्चारगृहबिच हुने फुटसललाई एफएनजे मिडिया कप राखेको छ। महासंघ रुपन्देहीका कार्यवाहक अध्यक्ष विश्वास ढकालले प्रतियोगिताबाट बचत रकम नेपाल पत्रकार महासंघ रुपन्देहीको पत्रकार कल्याणकारी कोषमा जम्मा गर्ने बताए। फुटसल १६ देखि १८ चैतसम्म हुनेछ।

किक बक्सिङका पाँच खेलाडी छनोट

काठमाडौं/ नेसनल किक बक्सिङ ऐसोसिएसन नेपालले वाको किकबक्सिङ विश्वकपमा सहभागिताका लागि ५ खेलाडी छनोट गरेको छ। दशरथ रंगशालामा भएको छनोट प्रतियोगिताबाट ४ पुरुष र १ महिला खेलाडी छनोट गरेको संघले जनाएको छ। पुरुष ५७ केजीमुनि सुदूरपश्चिम प्रदेशका आसिक कोली, ६७ केजीमुनि बागमती प्रदेशका सागर दर्जी, ६९ केजीमुनि बागमतीका सुनिम श्रेष्ठ र ७१ केजीमुनि बाणगमतीका कोशिस श्रेष्ठ छानिए। महिला ५१ केजीमुनि बागमतीकी सन्जु सुम्बा तामाङ सहभागी हुने छिन्। थाइल्यान्डमा हुने प्रतियोगिताका लागि खेलाडीको बन्द प्रशिक्षण १२ चैतेदेखि सुरु हुने छ।

एन्फा बैठक स्थगित, फेरि आज बस्दै

नयाँ पत्रिका

संस्थापनइतर पक्षका सदस्यले एजेन्डामाथि प्रश्नैप्रश्न गरेपछि सोमबार अखिल नेपाल फुटबल संघ (एन्फा)को बैठक स्थगित भएको छ। एन्फाले तीन बजेका लागि बैठक बोलाएको थियो। तर, गत १३ माघमा राखेको एजेन्डाको विषयमा छलफल नभएपछि साँझ ६ बजे मात्रै बैठक सुरु भयो। एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङले एक घण्टाभित्रै (साँझ ७) बजे बैठक स्थगित गर्दै निस्किए। नेम्वाङले मंगलबार दिउँसो १ बजेलाई पुनः बैठक बोलाएका छन्।

एक घण्टा सम्भव भएको बैठकमा समावेश १६ मध्ये ६ एजेन्डा पारित भएको छ। बैठकले एन्फाको आगामी साधारणसभा २६ वैशाखमा निर्णय गरेको छ। 'बैठक केही समय ढिला गरी सुरु भयो। त्यसैले मंगलबार दिउसो १ बजेलाई अध्यक्षले पुनः बैठक बोलाउनु भएको छ,' एन्फा प्रवक्ता सुरेश शाहले नयाँ पत्रिकासँग भने। एन्फाका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्कासहित आठ कार्यसमिति सदस्यले १३ माघमा संयुक्त हस्ताक्षर गर्दै बैठक बोलाउन आह्वान गरेका थिए। विधानअनुसार २१ दिनभित्र बैठक बोलाउनुपर्छ। तर, एन्फा अध्यक्षले ४० दिनपछि बैठक डाँकेको हो।



इतरपक्षले विधानअनुसार सात दिनअघि पाउनुपर्ने एजेन्डा सूची नपाएको, मागअनुसार एजेन्डा थप नभएको भन्दै असन्तुष्टि जनाए। त्यसपछि बैठक तीन घण्टा ढिला गरी बैठक बस्यो। आर्थिक वर्ष ०८१/८२ को वार्षिक बजेटको विषय र पदपूर्ति समितिको निर्णयमा संस्थापनइतर पक्षले असन्तुष्टि जनाएका छन्। एन्फा केन्द्रीय सदस्य रूपेश अधिकारीले बजेटमा चरम त्रुटि भेटिएपछि असन्तुष्ट जनाएका थिए। 'आर्थिक वर्षको बजेटमा निकै हिनामिना भएको देखियो। सन्तुष्ट हुने ठाउँ नै कतै रहेन। त्यस्तै, पदपूर्ति समितिले गरेको निर्णयमा पनि सन्तुष्ट हुने स्थान नै छैन,' अधिकारीले भने।

तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोइठी, सप्तरी
मधेष प्रदेश नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/१२/११

यस कार्यालयले चालु आ.व. २०८१/८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्लम्बीङ्ग र कारपेन्ट्री तालिम संचालनको निम्ति सेवा प्रदायक संस्था छनौटका लागि शिलबन्दी दरभाउ पत्रको लागि दोस्रो पटक म्याद थप तथा संसोधित सूचना सौर्य दैनिक पत्रिकामा मिति २०८१/११/१९ गते प्रकाशित सूचना अनुसार तोकिएको समय सिमाभित्र सेवा प्रदायक संस्थाहरूबाट पेश भएका शिलबन्दी कोटेशनहरूको प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्यांकन गर्दा तपसिलको बोलपत्रदाताले दाखिला गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीको लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

सि.नं.	विवरण	सेवा प्रदायक संस्थाको नाम, ठेगाना	कबोल गरेको रकम रु. (भ्याट सहित)	कैफियत
१	Hiring a Firm for skills Development Training in LL (Proce Ref no. TRM/081/82/RFQ/01)	झापा प्रविधिक शिक्षालय प्रा.लि. बिर्तामोड १, झापा	५,१५,६१९.००	

प्रमुख प्रशासकीय अधिकृत

■ आइपिएल-२०२५

लखनउमाथि दिल्लीको सनसनी जित

एजेन्सी

आशुतोष शर्माले ३१ बलमा ६६ रनको आक्रामक इनिङ्स खेलेपछि सोमबार दिल्ली क्यापिटल्सले इन्डियन प्रिमियर लिग (आइपिएल)मा लखनउमाथि एक विकेटको रोमाञ्चक जित निकालेको छ। आइपिएल इतिहासमा दिल्लीले पहिलोपटक दुई रनमाथिको लक्ष्य सफलतापूर्वक पार गरेको हो। पहिलो ब्याटिङ गरेको लखनउले २० ओभरमा ८ विकेट गुमाएर दुई सय ९ रन जोडेको थियो। प्रत्युत्तरमा दिल्लीले १९.३ ओभरमा नौ विकेटको क्षतिमा २११ रन जोड्दै सनसनी जित निकालेको हो।

आशुतोषले समान पाँच चौका र छक्का प्रहार गरेका थिए। लक्ष्य पछ्याएको इनिङ्समा दिल्लीले पहिलो ओभरमै दुई विकेट गुमाएको थियो। त्यसपछि कप्तान अक्षर पटेलले २२ रन, स्टुबासले २२ बलमा ३४ रन र विप्राज निगमले १५ बलमा ३९ रन जोडेपछि दिल्लीले जितको आधार बनायो। निगमले पाँच चौका र दुई छक्का प्रहार गरे। आशुतोष र निगमले सातौं विकेटका लागि २२ बलमा ५५ रनको साझेदार गरेका थिए। यसअघि पहिलो ब्याटिङ गरेको लखनउका लागि मिचले मार्स र निकोलास पुरनले आक्रामक खेल देखाए। लखनउले पहिलो विकेट ४६ रनमा गुमाएको थियो। त्यसपछि पुरन र मार्सले दोस्रो विकेटका लागि ४२ बलमा ८२ रनको साझेदारी गरेका थिए। मार्सले ३६ बलमा समान ६ चौका र छक्का प्रहार गरी ७२ रन बटुले। निकोलासले ३० बलमा ६ चौका र ७ छक्का प्रहार गरी ७५ रनको योगदान दिए।



मार्सले केवल २१ बलमा अर्धशतकीय इनिङ्स खेलेका थिए। दुवैले १९ बलमा ५० रनको साझेदारी गरेका थिए। लखनउले १२.४ ओभरमा १५० रन पुरा गरेको थियो। १९.५ ओभरमा लखनउले दुई सय रन जोडेको थियो। सो ब्याटिङ इनिङ्समा डेभिड मिलरले १९ बलमा दुई चौका र एक छक्का प्रहार गरी २७ रन जोडे।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com